सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ फागुन २०७९, बुधबार (15 Feb 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक २९७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सत्य निरुपण र बेपत्ता व्यक्तिको छानबिन आयोग सात महिनादेखि नेतृत्वविहीन

गत ३१ असारदेखि पदाधिकारीविहीन हुँदा दुवै आयोगको छानबिन/अनुसन्धान, सरकारलाई गर्ने सिफारिस, परिपूरण र राहतका काम ठप्प



बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका निवर्तमान सदस्य सुनिलरञ्जन सिंह भन्छन्- सशस्त्र द्वन्द्वका क्रममा भएका हत्याका घटनालाई कसरी लिने ? बेपत्ताको सार्वजनिकीकरण र दोषीलाई कारबाही सिफारिस कसरी गर्ने भन्नेमा गाँठो अड्केको छ, यी विषय ऐनमार्फत संशोधन नगरी नयाँ पदाधिकारी नियुक्तको अर्थ छैन ।



ऐन संशोधनको विधेयक सरकारको प्राथमिकतामा छ

● **फणीन्द्र गौतम**, प्रवक्ता, कानुन मन्त्रालय

संक्रमणकालीन न्याय अन्तर्राष्ट्रिय चासोको विषय पनि बनेको छ, अब सरकारले चाँडो संशोधन विधेयक लैजान्छ होला, सरकारको न्यूनतम साझा कार्यक्रममा परेको विषय पनि हो ।

यम बम/नयाँ पत्रिका

संक्रमणकालीन न्यायसम्बन्धीका काम टुंगो लगाउन गठन भएका दुई न्यायिक आयोग सात महिनादेखि पदाधिकारीविहीन छन् । सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको आयोग ३१ असारदेखि पदाधिकारीविहीन हुँदा छानबिन/अनुसन्धान, सरकारलाई गर्ने सिफारिस, परिपूरण र राहतका काम प्रभावित भएका छन् । दुवै आयोग अहिले अन्तर्क्रिया, अभिमुखीकरण, बयान, प्रशिक्षण र विद्यार्थीसँग छलफल गरेर समय बिताइरहेका छन् ।

अन्तर्क्रिया, अभिमुखीकरण, बयान प्रशिक्षण र विद्यार्थीसँग छलफल गरेर समय बिताउँदै आयोग

सरकारले दुवै आयोगको म्याद यो वर्ष मात्र बाधा अड्काउ-फुकाउमार्फत दुईपटक थपेर आगामी असार मसान्तसम्म कायम गरे पनि नयाँ पदाधिकारी नियुक्त गरेको छैन । मन्त्रिपरिषद्को गत ३१ असारको बैठकले दुवै आयोगको म्याद असोज मसान्तसम्मका लागि थपे पनि पदाधिकारीको अवधि नथपिएपछि घर गएका थिए ।

फेरि बाधा अड्काउ-फुकाउमार्फत २८ असोजको मन्त्रिपरिषद् निर्णयबाट आगामी असार मसान्तसम्म थप गरिएको छ । तर, अघिल्लो संसद्को कार्यकालसँगै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक थाती बसेपछि सरकारले पदाधिकारी नियुक्त गर्न सकेको छैन ।

सरकारले दुवै आयोगमा पाँच-पाँच सदस्यीय पदाधिकारी बाधा अड्काउ-फुकाउमार्फत नियुक्त गर्न त सक्छ । तर, द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धान, पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाहीका सन्दर्भमा सर्वोच्च अदालतबाट जारी भएका आदेश ऐनमा समावेश नगरी पदाधिकारी नियुक्त गर्दैमा काम फत्ते गर्न सकिने अवस्था हुँदैन ।

'त्यतिखेरको सशस्त्र द्वन्द्वका क्रममा भएका हत्याका घटनालाई कसरी

» पृष्ठ ११ मा क्रमशः

अलपत्र किसान पेन्सन योजना

पछिल्ला आठ वर्षदेखि सरकारले हरेक नीति तथा कार्यक्रम र बजेटमा किसान पेन्सन योजना समेट्छ, तर कार्यान्वयन कहिल्यै हुँदैन, किसान वर्गीकरणको कामसम्म भएको छैन, दलहरूले लोकप्रियता हासिल गर्ने एजेन्डा मात्र बनाए

भोजराज भण्डारी/नयाँ पत्रिका

किसानलाई प्रोत्साहन गर्ने उद्देश्य राखिएको 'किसान पेन्सन योजना' आठ वर्षदेखि कागजमै सीमित भएको छ । हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा समेटिने यो योजनालाई दलहरूले लोकप्रियता हासिल गर्ने एजेन्डा मात्र बनाएका छन् ।

किसान पेन्सन कोष स्थापना गरी हरेक महिना किसानले कोषमा जम्मा गर्ने रकमको १० प्रतिशतबराबर सरकारले थपिदिने योजनामा छ । तत्कालीन कृषिमन्त्री हरिबोल गजुरेलले पहिलोपटक १३ मंसिर ०७२ मा 'कृषि विकास मन्त्रालयको प्रतिबद्धता- ०७२' सार्वजनिक गर्दै कृषक सुरक्षाभत्ता अर्थात् पेन्सन दिने व्यवस्था मिलाउने घोषणा गरेका थिए । त्यसयताका नीति तथा कार्यक्रममा कुनै न कुनै रूपमा कृषक पेन्सनको कार्यक्रम ल्याइएको छ । तर, कार्यान्वयनमा भने कुनै प्रगति छैन ।

कुल घरधुरीको ६० प्रतिशत कृषिमा, तर मागको ३३ प्रतिशत कृषिजन्य वस्तु आयात

चालू आर्थिक वर्षको बजेटमा 'किसानसँग सरकार कार्यक्रम'अन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना सुरु गर्न किसान हित कोष स्थापना गरिने र यस्तो कोषमा हरेक महिना किसानले जम्मा गर्ने रकमको १० प्रतिशत रकम सरकारले जम्मा गरिदिने व्यवस्था गरिएको छ । सरकारले किसान पेन्सन योजनाका लागि पहिलोपटक बिउपुँजीबापत एक अर्ब सुनिश्चित पनि गरेको छ । तर, बजेट सुनिश्चित गरेको भए पनि हालसम्म किसान वर्गीकरणको कामसम्म हुन सकेको छैन । कुन वर्गलाई कस्तो किसान (साना वा ठूला) भन्नेसमेत वर्गीकरण नहुँदा योजना अघि बढ्न नसकेको कृषि मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले बताए । 'हामीले राय-सुझावसहितको कार्यविधि बनाएर योजनाबारे स्पष्ट खाका अर्थ मन्त्रालयमा पठाएका छौं, अब कोष निर्माणको काम अर्थ मन्त्रालयको हो,' उनले भने ।

यसअघि ०७५/७६ को नीति तथा कार्यक्रममा किसान सूचीकरणलाई प्राथमिकता दिँदै किसानको उत्पादन, क्षमता र उत्साह बढाउन किसान कोष खडा गरिने भनिएको थियो ।

» पृष्ठ ११ मा क्रमशः



■ कसरी जुट्छ किसान पेन्सन कोषमा बजेट ?

पहिलोपटक बिउपुँजीबापत एक अर्ब सुनिश्चित

सरकारको लक्ष्यअनुसार किसानलाई पेन्सन दिन एउटा 'किसान पेन्सन कोष' स्थापना हुनेछ । कोषमा हरेक महिना किसानले जम्मा गर्ने रकमको १०% सरकारले थपिदिन्छ । चालू आर्थिक वर्ष सरकारले किसान पेन्सन योजनाका लागि पहिलोपटक बिउपुँजीबापत एक अर्ब सुनिश्चित गरेको छ । बिउपुँजीबापत राखेको रकम हरेक वर्ष बढ्दै जाने र उक्त रकम पेन्सन तथा उपचार खर्चहरूमा केन्द्रित हुनेछ । किसानले कुल उत्पादनको एक प्रतिशत योगदान कोषमा गर्नुपर्नेछ ।

राय-सुझावसहितको मस्यौदा अर्थ मन्त्रालयमा पठाएका छौं



● **प्रकाशकुमार सञ्जेल**, प्रवक्ता, कृषि मन्त्रालय

किसान पेन्सन योजनाअन्तर्गत हामीले राय-सुझावसहितको कार्यविधि बनाएर स्पष्ट खाका अर्थ मन्त्रालयमा पठाएका छौं । अब कोष निर्माणको काम अर्थ मन्त्रालयको हो । अर्थबाट कस्तो प्रतिक्रिया आउँछ, प्रतीक्षामा छौं ।

स्थानीय तहबाटै वास्तविक किसानको वर्गीकरण गर्नुपर्छ



● **कृष्ण आचार्य**, पूर्वकृषिसचिव

किसान पेन्सन योजना लागू गर्नुभन्दा पहिला सानो स्केलमा किसानको वर्गीकरण गर्नुपर्छ । स्थानीय तहहरूबाटै वास्तविक किसान छुट्याएर अघि बढ्ने हो भने मात्रै यो योजना सफल हुन्छ, नभए सम्भव छैन । यो निकै ठूलो योजना हो, कार्यान्वयनमा ल्याउन सके कृषि क्षेत्रमा कोसेढुंगा साबित हुन्छ ।

किसान पेन्सन योजना कार्यान्वयनमै शंका छ



● **कृष्णप्रसाद पौडेल**, कृषिविज्ञ

किसान पेन्सन योजनाका लागि १६ पटकभन्दा बढी अध्ययन भएको छ । तर, कार्यान्वयन कहिल्यै हुँदैन । हरेकपटक सरकारले सस्तो लोकप्रियताका लागि ल्याउने एउटा योजना मात्र बन्न पुगेको छ । कार्यान्वयनमा ठूलो चुनौती देखिन्छ ।

किसानलाई पेन्सन भन्नु सपना देख्नु मात्र हो



● **नवराज बस्नेत**, अध्यक्ष, नेपाल कृषक महासंघ

सरकारले किसानका साना-साना समस्यामा ध्यान दिनुपर्छ । किसान बिचौलियाको मारमा परेका छन् । सरकारले हरेक वर्ष सस्तो लोकप्रियताका लागि यस्ता योजना ल्याउँछन् । कार्यान्वयनमा आउन नसक्ने योजनामा सपना देख्नु मात्र हो ।

■ नेपालको कीर्तिमानी जित

आइसिसी विश्वकप क्रिकेट लिग- २ को त्रिकोणात्मक एकदिवसीय सिरिजको पहिलो खेलमा नेपाल नामिबियालाई दुई विकेटले हराउँदै विजयी भएको छ । नामिबियाले दिएको २८६ रनको लक्ष्य नेपालले ४७.४ ओभरमा ८ विकेटको क्षतिमा पूरा गऱ्यो ।

नेपालको जितमा ब्याट्समयान कुशल भुर्तेलले ११५ रन बनाए । ११२ बलको सामना गरेका उनले चार छक्का र दश चौकासहित करिअरको पहिलो एकदिवसीय शतक प्रहार गरे । ओपनिङ ब्याटिङमा आएका उनी ४८औँ ओभरमा लक्ष्य भेट्टाउन तीन रन मात्र बाँकी हुँदा आउट भए ।

बलिङमा करण केसीले पाँच विकेट लिए भने झन्डै ६ महिनापछि राष्ट्रिय टिममा कमब्याक गरेका सन्दीप लामिछानेले तीन विकेट लिए । सोमपाल कामी र कुशल मल्लको नाममा एक-एक विकेट रह्यो ।

(विस्तृत पृष्ठ १२)



शतक पूरा गरेपछि कुशल भुर्तेल । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

टुंगो लाग्न नसकेको महाभियोग नयाँ संसद्मा लैजाने सहमति

काठमाडौं/ चालू संसद्मा आएको महाभियोग प्रस्ताव टुंगो नलाग्दै कार्यकाल सकिए नयाँ संसद्मा लैजाने सहमति जुटेको छ । प्रतिनिधिसभा नियमावली मस्यौदा समितिमा मंगलबार भएको छलफलमा टुंगो नलागेको महाभियोग प्रस्ताव नयाँ संसद्मा लैजाने सहमति जुटेको समितिको अध्यक्षता गरिरहेका ज्येष्ठ सदस्य चित्रबहादुर केसीले बताए ।

समिति बैठकमा केसीले संसद्को कार्यकाल सकिएर थाती रहेको महाभियोग प्रस्तावलाई नयाँ संसद्बाट टुंग्याउनुपर्ने प्रस्ताव राखेका थिए । 'अघिल्लो संसद्ले महाभियोग लगायो । अवधि सकियो । अर्को संसद्ले गर्न नपाउने हो भने यसै रोकिने भयो । त्यसैले अर्को संसद्ले छिनोफानो गर्न पाउनुपर्छ,' व्यक्तिगत धारणा भन्दै उनले प्रस्ताव राखे ।

केसीको प्रस्तावमा एमालेका लीलानाथ श्रेष्ठ, माओवादी केन्द्रका शक्तिबहादुर बस्नेत, कांग्रेसका दिलेन्द्र बडू र नगिना यादव, जसपाका प्रदीप यादव,

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



ग्वार्कोमा सवारी चाप कम गर्न कोटेश्वरबाटै ट्राफिक डाइभर्ट

काठमाडौं/ ललितपुरको ग्वार्कोमा 'फ्लाई ओभर' निर्माणका कारण देखिएको सवारीसाधन चाप घटाउन ट्राफिक प्रहरीले सवारीसाधन अन्यत्र मोड्न लगाउने (ट्राफिक डाइभर्ट) योजना बनाएको छ। कोटेश्वरदेखि एकान्तकुनासम्म चल्ने सवारीसाधन चक्रपथभन्दा भित्र वा बाहिरी सडकबाट चल्दा जाममा कम हुने काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको भनाइ छ। केही दिनयता सवारीसाधन दुई घन्टासम्म पनि रोकिने अवस्था आएपछि ट्राफिक डाइभर्ट गर्नुपर्ने अवस्था आएको कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले बताए।

सडक विभागले चार लेन सडकको बीचमा निर्माण सुरु गरेसँगै सवारीसाधन सञ्चालनमा अवरोध सिर्जना भएको छ। हाल बालकुमारी पुलदेखि ग्वार्को चोकसम्म सडकछेउका दुई-दुई लेनमा मात्रै यातायात सञ्चालन भइरहेको प्रवक्ता भट्टले जानकारी दिए। अहिले सर्भिस लेन र सर्भिस ट्र्याकबाट मात्रै सवारीसाधन चलिरहेका छन्। 'फ्लाई ओभर'को निर्माण सकिन एक-डेढ वर्ष लाग्ने र तबसम्म उक्त रुटमा चल्ने सवारीसाधनले विकल्प खोज्नुपर्ने उनको भनाइ छ। उनका अनुसार कोटेश्वरदेखि ललितपुरतर्फ जाने सवारीसाधन बालकुमारी पुलको बाटो नभई जडीबुटीदेखि टीकाथली वा इमाडोल हुँदै सातदोबाटो पुग्न सक्ने उनको भनाइ छ। 'लुभु, इमाडोल जानेहरू यही सडकको प्रयोग गर्न सक्छन्,' उनले भने, 'यसो गर्दा सडकमा ट्राफिक जाम कम पनि हुन्छ।' -रासस

■ ल्होत्से मल लुटपाटमा संलग्नविरुद्ध उजुरी

आठ करोडबराबरको सामान लुटपाट भएको पीडितहरूको दाबी

शिवहरि घिमिरे/नयाँ पत्रिका

नयाँ बसपार्कस्थित ल्होत्से मलभित्र प्रवेश गरेर आइतबार अन्धाधुन्ध लुटपाट र चोरी गर्नेमाथि कारबाहीको माग गर्दै जिल्ला प्रहरी परिसर काठमाडौंमा उजुरी दर्ता भएको छ। तीनवटा यातायात मजदुर संगठन (नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, अखिल नेपाल यातायात मजदुर संगठन र नेपाल यातायात मजदुर संघ)का अध्यक्षलाई विपक्षी बनाई पीडित अर्जुन चालिसेले मंगलबार उजुरी दर्ता गराएका हुन्।

उनले ल्होत्से मलभित्रका पसलहरू तोडफोड गरी प्रदर्शनकारीले आठ करोडबराबरको सामान लुटपाट गरेको उजुरीमा उल्लेख गरेका छन्। उक्त क्षतिको पूर्ति मागदाबीसहित निवेदन दिएको परिसरले जनाएको छ।

उजुरीमा आन्दोलनकारीलाई पक्राउ गरी क्षतिपूर्ति भराउन माग गरिएको छ। लुटपाट भएका मलका चारवटा सटरमा ल्यापटप, मोबाइल, टिभीलगायत सामान थिए। दिउँसो चार बजेदेखि साँझ सात बजेको बीचमा पसलभित्र रहेका सबैजसो सामान लुटिएको उजुरीमा उल्लेख छ।

नेपाल मोबाइल व्यवसायी महासंघका अध्यक्ष भरत भट्टराईले ती पसलबाट एक सय १० थान ल्यापटप चोरी भएको दाबी गरे। यस्तै, दुई सयभन्दा बढी मोबाइल सेट र १० भन्दा बढी टिभी सेट चोरी भएको उनको भनाइ छ। 'बाहिरको ताल्चा फोडेर पसलभित्रका सबै सामान चोरी भएका छन्,' भट्टराईले भने, 'आन्दोलनका नाममा लुटपाट गर्ने उनीहरूको योजना रहेछ।'

■ सहमतिपछि आन्दोलन फिर्ता

सरकारसँग पाँचबुँदे सहमति भएपछि यातायात मजदुर संगठनले यातायात बन्द र आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएका छन्। मंगलबार बिहान भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सरकार र मजदुर संगठनबीच भएको वार्तामा आन्दोलन फिर्ता लिने सहमति भएको हो।

मजदुर संगठनका जायज माग सम्बोधन गर्ने समझदारी भएसँगै आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता भएको हो। यातायात मजदुर संगठनले मंगलबार उपत्यकामा यातायात बन्दको घोषणा गरेको थियो। उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठसहितको छलफलमा ट्राफिक जरिवाना घटाउनुपर्नेसहित विभिन्न १० बुँदे संगठनले राखेका थिए। छलफलले तत्काल आन्दोलनका कार्यक्रम फिर्ता लिने, ल्होत्से मलभित्र भएको लुटपाटमा संलग्न भएकालाई कारबाही गर्ने, आन्दोलनका क्रममा पक्राउ परेका निर्दोष व्यक्तिलाई रिहाइ गर्ने, यातायात सुधारका लागि उच्चस्तरीय यातायात सुधार कार्यालय गठन भएकाले कार्यदल र यातायातसँग सम्बद्ध निकायबीच छलफल गर्ने, काठमाडौं महानगरपालिका र ल्होत्से बहुउद्देश्यीय प्रालिबीच भएको सम्झौताका सम्बन्धमा यातायात व्यवस्था विभाग र मन्त्रालयको टोलीले अध्ययन गर्ने र यसबारे संगठनहरूबीच पनि पुनः छलफल गरेर पार्किङ, भाडा तोक्नेलगायत सहमति भएको छ।

'हतियार देखाएर लुटपाट गरियो'

ल्होत्से मलभित्र मोबाइल पसल सञ्चालन गर्दै आएका पीडित सन्तोष चालिसेले एप्पल, एमआई, सामसङ, रेडमी, रियलमीलगायत ब्रान्डका सामान चोरी भएको बताए। 'हतियार देखाएर पसलभित्र प्रवेश गरेर सामान चोरे, यसको जिम्मा मजदुर संगठनहरूले लिनुपर्छ,' उनले भने।

यातायात मजदुर संगठनले नयाँ बसपार्कमा प्रदर्शन सुरु गरेको केहीबेरमै मोबाइल पसलको सिसा र ताल्चा फोडेर प्रदर्शनकारीसहित अन्य व्यक्ति लुटपाटमा लागेका थिए।

लुटपाटको २४ घन्टा बित्दासमेत कोही पक्राउ परेनन्

घटना भएको २४ घन्टा बितिसक्दा पनि लुटपाटमा संलग्न कसैलाई पनि प्रहरीले पक्राउ गरेको छैन। परिसरका प्रवक्ता एसपी सीताराम रिजालले उजुरीका आधारमा कारबाही गरिने बताए। उनका अनुसार सिसिटिभी फुटेज र अन्य व्यक्तिहरूले चिखेको फोटो र भिडियोका आधारमा लुटपाटमा संलग्नलाई कारबाही गरिनेछ।

जिल्ला प्रहरी परिसर काठमाडौं, बालाजु र महाराजगन्ज वृत्तका प्रहरीले फुटेजका आधारमा लुटपाट, चोरी तथा तोडफोडमा संलग्नलाई खोजी गरिरहेको जनाएको छ। 'लुटपाटमा संलग्नको निगरानी र खोजी सुरु गरिसकेका छौं,' उनले भने, 'चोरी र तोडफोडमा संलग्न सबै पक्राउ पर्छन्।' लुटपाट र चोरी पुष्टि भए मुलुकी अपराध संहिताको चोरी र लुटपाटसम्बन्धी कसुरअनुसार कारबाही हुने उनले बताए।

■ पशुपतिमा शिवरात्रिको चहलपहल



शिवरात्रि (६ फागुन)का लागि पशुपति दर्शन गर्ने उद्देश्यले आइपुगेका देश-विदेशका साधुसन्त। साधुसन्तको उपस्थितिसँगै पशुपतिपरिसरमा चहलपहल बढेको छ। तस्बिर : संजित परियार /नयाँ पत्रिका

मंगलबार उपत्यकामा

सिनामंगल : सिनामंगलस्थित एक होटेलबाट अवैध लागुऔषध खैरो हेरोइनसहित मोरङ लेटाङ नपा-२ का ३४ वर्षीय रोशन रिसाललाई प्रहरीले पक्राउ गरेको छ। लागुऔषध बिक्रीमा संलग्न मोरङ केराबारी गापा-३ का ३५ वर्षीय अमित श्रेष्ठलाई पनि प्रहरीले पक्राउ गरेको छ। लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

विमानस्थल : प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षबाट अवैध लागुऔषध चरेससहित थाई नागरिक ४८ वर्षीय यो उवालुक जाउब्श्री, ४२ वर्षीय परिचार्ट पुम्पुर्क, २५ वर्षीय नाट्टापोल त्रिचाइया र १९ वर्षीय नात्नारी त्रिचाइयालाई पक्राउ गरेको छ। उनीहरूले २३ किलो आठ सय ग्राम चरेस थाइल्यान्ड लैजान खोजेका थिए। लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। उनीहरू थाई एयरलाइन्सको विमानद्वारा थाइल्यान्डको बैंकक जान लागेका थिए।

शंखरापुर : शंखरापुर नपा-५, कात्तिकेमा ना.५च ८१३९ नम्बरको ट्याक्टरमा जडान गरिएको टेलर चुँडिएर दुर्घटना हुँदा दुईको मृत्यु भएको छ। मृत्यु हुनेमा ट्याक्टरमा सवार काभ्रेका ३४ वर्षीय गंगा तामाङ र २७ वर्षीय दीपक भनिने युवक छन्। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको सुष्मा कोइराला मेमोरियल अस्पताल सलम्बुटारमा उपचारका क्रममा मृत्यु भएको हो। साथै, दुर्घटनामा घाइते भएका ट्याक्टरमा सवार अन्य एकजनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०७९/११/०३)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७८/०८/०३ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहा जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा शाखा कार्यालय हेटौडा, मकवानपुरमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बांकी लेना र कम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनी, कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाः

१. **ऋणी कम्पनीः** कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०६/ १३ मा दर्ता नं. १५६८७५/०७३/०७४ अन्तर्गत दर्ता भएको **श्री एम. बि. निर्माण सेवा प्रा. लि.**।
ठेगानाः मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. ४।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुः

१. श्री राम बहादुर बतौलाको नाति श्री रामहरि बतौलाको छोरा मकवानपुर जिल्ला कालीकाटार गा.वि.स.वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. २१/१६२६९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, मिति : बि.सं.२०६१/०५/०९) भएका **श्री मछिन्द्र बतौला**।

२. श्री कान्छा रिजालकी छोरी श्री राम बहादुर बतौलाकी बुहारी श्री रामहरि बतौलाकी पत्नी मकवानपुर जिल्ला कालीकाटार गाउँ पन्चायत वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. १६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, मिति : बि.सं.२०४३/१०/१८) भएकी **श्रीमती शिव कुमारी बतौला**।

३. श्री राम बहादुर बतौलाको नाति श्री रामहरि बतौलाको छोरा मकवानपुर जिल्ला वसामाडी गा.वि.स. वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. २९/९१५, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, मिति : बि.सं.२०५८/०८/२८) ठेगाना भएका **श्री सुरेन्द्र बतौला**।

४. श्री धन वहादुर सुवेदीकी छोरी श्री रामहरि बतौलाकी बुहारी श्री सुरेन्द्र बतौलाकी पत्नी मकवानपुर जिल्ला वसामाडी गा.वि.स. वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. २७/१३९८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति :बि.सं.२०५८/०८/२८) भएकी **श्रीमती निर्मला बतौला**।

५. श्री सदानन्द बतौलाको नाति श्री राम बहादुर बतौलाको छोरा मकवानपुर जिल्ला कालीकाटार गा.वि.स.वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. ४४५, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, मिति : बि.सं.२०४०/०२/१६) ठेगाना भएका **श्री रामहरि बतौला**।

संस्थागत जमानिकर्ताः

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०६/१३ मा दर्ता नं. १५६८७५/०७३ र०७४ अन्तर्गत दर्ता भएको **श्री एम. बि. निर्माण सेवा प्रा. लि.**।

२. **ऋणी :** श्री सदानन्द बतौलाको नाति श्री राम बहादुर बतौलाको छोरा मकवानपुर जिल्ला कालीकाटार गा.वि.स.वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. ४४५, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, मिति : बि.सं.२०४०/०२/१६) ठेगाना भएका **श्री रामहरि बतौला**।

व्यक्तिगत जमानतकर्ताहरु :

१. श्री राम बहादुर बतौलाको नाति श्री रामहरि बतौलाको छोरा मकवानपुर जिल्ला कालीकाटार गा.वि.स.वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. २१/१६२६९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, मिति : बि.सं.२०६१/०५/०९) भएका **श्री मछिन्द्र बतौला**।

२. श्री कान्छा रिजालकी छोरी श्री राम बहादुर बतौलाकी बुहारी श्री रामहरि बतौलाकी पत्नी मकवानपुर जिल्ला कालीकाटार गाउँ पन्चायत वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. १६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति : बि.सं.२०४३/१०/१८) भएकी **श्रीमती शिव कुमारी बतौला**।

३. श्री राम बहादुर बतौलाको नाति श्री रामहरि बतौलाको छोरा मकवानपुर जिल्ला वसामाडी गा.वि.स. वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप-महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. २९/९१५, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, मिति : बि.सं.२०५८/०८/२८) ठेगाना भएका **श्री सुरेन्द्र बतौला**।

४. श्री धन वहादुर सुवेदीकी छोरी श्री रामहरि बतौलाकी बुहारी श्री सुरेन्द्र बतौलाकी पत्नी मकवानपुर जिल्ला वसामाडी गा.वि.स. वडा नं १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौडा उप महानगरपालिका वडा नं. १९ बस्ने नागरिकता नं. २७/१३९८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति :बि.सं.२०५८/०८/२८) भएकी **श्रीमती निर्मला बतौला**।

धितो सुरक्षणमा रहेको घर/जग्गा तथा सवारी साधनको विवरण

१. ऋणी श्री रामहरि बतौला र श्री एम. बि. निर्माण सेवाले प्राप्त गरेको ऋणकर्जा सुविधाको संयुक्त धितो सुरक्षणमा रहेको **श्री रामहरि बतौला**को नाममा दर्ता कायम मकवानपुर जिल्ला वसामाडी गा.वि.स. वडा नं १ सिट नं १ स्थित कित्ता नं. २६५२ को क्षेत्रफल ०-४-१४.५-० विगाहामा भएको घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

२. ऋणी **श्री एम. बि. निर्माण सेवा प्रा. लि.** र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. क्रमशः प्रदेश ३-०३-००१ क ००५७, प्रदेश ३-०३-००१ क ००५८, प्रदेश ३-०३-००१ क ००५९, प्रदेश ३-०३-००१ क ००६०, प्रदेश ३-०३-००१ क ००६१, प्रदेश ३-०३-००१ क ००६२, प्रदेश ३-०३-००१ क ००६३ र प्रदेश ३-०३-००१ क ००६४, भएको टाटा ट्रिपर

लिलाम बिक्री सम्बन्धी अन्यशर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा शाखा कार्यालय हेटौडा, मकवानपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०७९/११/१७ गते ५:०० बजे भित्र यस बैंकको **शाखा कार्यालय हेटौडा, मकवानपुर**मा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०७९/११/०८ गते ३:०० बजे बैंकको **शाखा कार्यालय हेटौडा, मकवानपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **शाखा कार्यालय हेटौडा, मकवानपुरमा कार्यालय** समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

सत्तागठबन्धनको भविष्यबारे साझेदार दलहरूभित्रै संशय, मौका कुर्दै विपक्षी दल

राष्ट्रपति आफूले पाउनुपर्ने एमालेको अडान, यही निर्वाचनमार्फत राजनीतिक कोर्स करेक्सन गर्ने कांग्रेसको दाउ र राष्ट्रपतिमा राष्ट्रिय सहमति खोज्ने माओवादी प्रयासले गठबन्धनकै भविष्यमाथि प्रश्न

नयाँ पत्रिका
काठमाडौं, २ फागुन

भावी राष्ट्रपतिलाई लिएर प्रमुख तीन दलका फरक-फरक रणनीतिले सत्तागठबन्धनको भविष्यलाई लिएर संशय पैदा भएको छ। आफ्नो पार्टीले राष्ट्रपति पाउनुपर्ने एमाले अडान, यही निर्वाचनमार्फत राजनीतिक कोर्स करेक्सन गर्ने कांग्रेसको दाउ र राष्ट्रपतिमा राष्ट्रिय सहमति खोज्ने माओवादी प्रयासले गठबन्धनकै भविष्यलाई लिएर प्रश्न उठ्न थालेका हुन्। सत्ता साझेदार दलकै शीर्ष नेताले गठबन्धनको भविष्यलाई लिएर अर्थपूर्ण अभिव्यक्ति दिन थालेका छन्।

सत्ता साझेदारमध्ये सबैभन्दा ठूलो दल एमाले अध्यक्ष केपी ओलीले राजनीति सोझो बाटोमा नहिँडेको र पाँचदलीय गठबन्धन भत्किएर नयाँ सत्तासमीकरण बने पनि यसको भविष्यबारे टुंगो नभएको बताएका छन्। ओलीले सत्ता टिकाउन एमालेले अनुचित सम्झौता नगर्ने दाबी गरेर सत्ता राजनीतिमा केही गढबढ भइरहेको संकेत गरे। प्रधानमन्त्री प्रचण्डसँगका लगातार संवाद राष्ट्रपतिमा सहमति नजुट्दा ओलीको अर्थपूर्ण अभिव्यक्ति आएको हो।

'हाम्रो संसदीय बनावट अस्थिरता आउने खालको छ, अहिले देशमा स्थायित्व हुन नदिने प्रचार भइरहेका छन्। देश बर्बाद बनाउन प्रहार हुन सक्छ, एमाले सचेत हुनुपर्छ,' उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजकसमेत रहेका ओलीले मंगलबार भने, 'सत्ता प्राप्त गर्न र टिकाउनका लागि राष्ट्रिय हित, राष्ट्रिय स्वाभिमान, राष्ट्रिय गौरव कुनै कुरा छोडेर, लत्रिएर एमाले जाँदैन।'

एमाले स्थायी कमिटी सदस्य डा. राजन भट्टराई गठबन्धन टुटाउन विभिन्न चलखेल भए पनि त्यसलाई पराजित गर्ने सन्देश ओलीले दिएको बताउँछन्। 'कोही १० गते गठबन्धन भत्काउँछौं भन्छन्, कोही राष्ट्रपतिको चुनावसम्म मात्रै यो गठबन्धन हो भन्छन्। विभिन्न कोणबाट प्रचार भइरहेका छन्। प्रतिकूल अवस्थामा पनि सचेत भएर अगाडि बढ्नुपर्छ। अस्थिरता निम्त्याउने खेलमा लाग्नुहुँदैन। सचेत बन्नुपर्छ भन्ने नै हो,' भट्टराईले भने, 'त्यसैका लागि हामीले दुई सय ७५ मा ३२ सिट भएको माओवादी संसदीय दलका नेता प्रचण्डलाई प्रधानमन्त्री स्विकारेका हौं।'

राजनीतिक स्थिरता, विकास, निर्माण र जनजीविकाको विषय सम्बोधन गर्न माओवादी अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री स्वीकार गरेको उनले स्पष्ट पारे। विगतको सहमतिप्रति एमाले प्रतिबद्ध रहेको पनि उनले बताए। सहमतिअनुसार नै राष्ट्रपति एमालेको भागमा परेको उनको भनाइ छ।

तर, सरकारको नेतृत्व गरेको माओवादीले राष्ट्रपतिमा राष्ट्रिय सहमतिमा जोड दिँदै आएको छ। प्रधानमन्त्रीले विश्वासको मत पाउँदा राष्ट्रिय सहमति बनेको र राष्ट्रपति निर्वाचनमा पनि राष्ट्रिय सहमति आवश्यक रहेको माओवादीको तर्क छ। सहमतिमा कांग्रेस, एमाले, माओवादी, अन्य दल वा राजनीतिक पृष्ठभूमिबाहिरको पात्र पनि हुन सक्ने माओवादीको मत छ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारसमेत रहेका माओवादी उपमहासचिव हरिबोल गजुरेल सहमतिको विकल्प नभएको बताउँछन्। 'हामीले राष्ट्रपतिमा राष्ट्रिय सहमतिमा जोड दिएका छौं। सहमतिबाट अगाडि बढ्दा आइपर्ने जस्तासुकै समस्या पनि समाधान गर्न सकिन्छ। सहमतिको कुरा गर्दा शंका गर्नुपर्ने कारण छैन,' उनले भने, 'राजनीतिक स्थिरता, विकास निर्माण र जनजीविकाको सवाल सहमतिबाटै सम्भव छ। त्यसकारण जसको नाममा सहमति जुट्छ, उही राष्ट्रपति हुन्छ,' उनले भने।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन सत्ता साझेदार दलबीच सानोतिनो असमझदारी देखिए पनि तत्काल गठबन्धन फुट्नुपर्ने कारण नभएको बताउँछन्।

प्रधानमन्त्रीका रूपमा प्रचण्डले राष्ट्रिय सहमतिमा राष्ट्रपति चयन हुनुपर्ने आवाज उठाउनु स्वाभाविक भएको उनी बताउँछन्। 'प्रधानमन्त्री भनेको देशको अभिभावक पनि हो, सहमतिमा चयन गरौं भन्ने अनौठो होइन,' उनले भने, 'प्रधानमन्त्रीका रूपमा पार्टी अध्यक्षले भनेपछि माओवादीका अन्य नेताले पनि त्यही हिसाबले बोल्नु पनि अस्वाभाविक होइन। पक्के कांग्रेसको उम्मेदवारलाई राष्ट्रपति बनाउँदा राष्ट्रिय सहमति हुन्छ भनिएको होइन। कम्तीमा राष्ट्रिय सहमतिको आह्वान गरौं भन्ने हो। अन्तिममा नमिल्दा भोलि सत्तापक्ष र विपक्षी गठबन्धनको आ-आफ्नो बाटो त छँदै छ।'

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं संसदीय दलका नेता डोलप्रसाद अर्याल गठबन्धन भत्किने विषयमा अहिले नै शंका गर्नुपर्ने अवस्था नरहेको बताउँछन्। 'केपी ओलीले कुन सन्दर्भमा स्थिति फेरिन सक्ने संकेत गर्नुभएको हो, त्यो हेर्न भ्याएको छैन,' उनले भने, 'राष्ट्रपतिमा कांग्रेस पनि इच्छुक रहेको कुरा बाहिर आइरहेकै छन्। सायद त्यसैलाई लिएर उहाँले केही इंगित गर्नुभएको हुन सक्छ। गठबन्धन भत्किने विषयमा अहिले नै शंका गर्नुपर्ने अवस्था हो भन्ने हामीलाई लाग्दैन। राष्ट्रपतिको चुनावको मुखमा केही भइहाल्यो भने बोलौंला।'

माओवादीलाई कांग्रेसले लगातार समर्थन गर्नु पछाडि राष्ट्रपतिमा उसको सहयोग मागेको हो भन्ने आशंका बाहिर बढेपछि सभापति रवि लामिछानेले संयन्त्रकै बैठक यसबारे प्रश्न गरेको अर्याललले खुलाए। 'हिजो सरकार गठन गर्दा जुन सहमति भएको थियो, त्यसबाट दायाँबायाँ हुनुहुँदैन। त्यसैले यस विषयमा तपाईंहरू छलफल गरेर टुंग्याउनुस्, त्यसपछि हामी सरकारमा आउने-नआउने निर्णय गरौंला भनेर हाम्रो सभापतिले भन्नुभएको छ,' उनले भने, 'राजनीतिमा इमानदारिता देखाउनुपर्छ र हिजोका सबै सहमतिको कार्यान्वयन हुनुपर्छ भन्ने हाम्रो भनाइ हो।'

कांग्रेसले सत्तागठबन्धनभित्र एकपछि अर्को अविश्वासको अवस्था सिर्जना भइरहेकाले गठबन्धन आफैं संकटमा रहेको बताएको छ। सहमहामन्त्री जीवन परियार सरकार गठनका क्रममा अस्वाभाविक गठबन्धन बनेकाले त्यसको परिणाम सरकार सञ्चालनमा देखिन थालेको बताउँछन्।

सोमबार सुदूरपश्चिमबाट प्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र कांग्रेस नेता रमेश लेखक एउटै हेलिकोप्टरबाट काठमाडौं फर्किनुलाई राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ।

एकीकृत समाजवादीका महासचिव डा. बेदुराम भुसाल सरकार आफ्नै कारणले धरापमा रहेको बताउँछन्। एमाले अध्यक्ष ओलीले विपक्षी गठबन्धनलाई आरोप लगाउनुको कुनै तुक नरहेको उनी बताउँछन्। भुसाललले नयाँ समीकरण बनाउने विषयमा कुनै छलफल नभएको दाबी गरे।

जसपा अध्यक्ष उपेन्द्र यादव वर्तमान सत्तागठबन्धनको कुनै भविष्य नरहेको बताउँछन्। उनी गठबन्धनका घटकमा आपसमा शंका-उपशंकाको अवस्था रहेकाले गठबन्धन विघटनको बाटोमा रहेको उनको टिप्पणी छ। 'ओलीजीले कुनै नयाँ कुरा भन्नुभएको छैन। हामीले भन्दै आएका हौं- यो गठबन्धनको कुनै भविष्य छैन। स्वार्थका कारण परस्पर विरोधी शक्तिहरू एक ठाउँमा आएका हुन्। यी घटकबीच आपसमा विश्वास छैन, शंका-उपशंकाको अवस्था सुरु भइसकेको छ,' उनले भने, 'स्वार्थ मिलेको खण्डमा मिलेका हुन्, स्वार्थ बाझिँदा आफ्नो बाटो लाग्छन। हामीले कुनै प्रयास गरिरहनुपर्दैन। गठबन्धन आफैं भत्कने बाटोमा छ।

राजनीतिक विश्लेषक श्याम श्रेष्ठ राष्ट्रपतिको विषयमा कुरा नमिलेपछि असन्तुष्टि सार्वजनिक भएको हुन सक्ने बताउँछन्। 'सत्तारूढ गठबन्धन सत्ताको लेनदेनमै अड्किएको छ। विचार, सिद्धान्त, दर्शनका आधारमा गठबन्धन बनेको भए दीर्घकालीन हुन्थ्यो। तर, अहिले सत्ताकै लागि गठबन्धन बनेको हुनाले जुनसुकै वेला तलमाथि हुन सक्छ,' उनले भने, 'यो विचार, सिद्धान्त र कुनै एजेन्डामा आधारित भएर नबनेको गठबन्धनमा राष्ट्रपतिको विषयमा कुरा नमिलेपछि असन्तुष्टि सार्वजनिक भएको हुन सक्छ।'



केपी ओली
अध्यक्ष, एमाले

> हाम्रो संसदीय बनावट अस्थिरता आउने खालको छ, अहिले देशमा स्थायित्व हुन नदिने प्रचार भइरहेका छन्। देश बर्बाद बनाउन प्रहार हुन सक्छ, एमाले सचेत हुनुपर्छ। सत्ता प्राप्त गर्न र टिकाउन राष्ट्रिय हित, राष्ट्रिय स्वाभिमान, राष्ट्रिय गौरव कुनै कुरा छोडेर, लत्रिएर एमाले जाँदैन।



हरिबोल गजुरेल
सल्लाहकार, प्रधानमन्त्री

> हामीले राष्ट्रपतिमा राष्ट्रिय सहमतिमा जोड दिएका छौं। सहमतिबाट अगाडि बढ्दा आइपर्ने जस्तासुकै समस्या पनि समाधान गर्न सकिन्छ। सहमतिको कुरा गर्दा शंका गर्नुपर्ने कारण छैन। राजनीतिक स्थिरता, विकास निर्माण र जनजीविकाको सवाल सहमतिबाटै सम्भव छ।



डोलप्रसाद अर्याल
उपसभापति, रास्वपा

> केपी ओलीले कुन सन्दर्भमा स्थिति फेरिन सक्ने संकेत गर्नुभएको हो, त्यो हेर्न भ्याएको छैन, राष्ट्रपतिमा कांग्रेस पनि इच्छुक रहेको कुरा बाहिर आइरहेकै छन्। सायद त्यसैलाई लिएर उहाँले केही इंगित गर्नुभएको हुन सक्छ। गठबन्धन भत्किने विषयमा अहिले नै शंका गर्नुपर्ने अवस्था छैन।



जीवन परियार
सहमहामन्त्री, कांग्रेस

> जनमतका आधारमा स्वाभाविक रूपमा कांग्रेससहितको सरकार बन्नुपर्थ्यो। तर, अप्राकृतिक गठबन्धन बन्ने अवस्था रह्यो। अहिलेको सत्तागठबन्धन सत्तारूढ दलहरूकै कारणले संकटमा छ। गठबन्धनमा एकपछि अर्को अविश्वासको शृंखला सुरु भइसकेको छ।



बेदुराम भुसाल
महासचिव, नेकपा एस

> हामी सत्तागठबन्धनमा नरहेका कारण हामीमाथि आरोप लाग्नु स्वाभाविक हो। वर्तमान समीकरण भत्काएर नयाँ समीकरण बनाउने विषयमा छलफल भएकै छैन। तर, अहिलेको सत्तागठबन्धन आफ्नै कारणले अप्ठ्यारोमा छ। ओलीको भनाइको पछि लाग्नुपर्ने कुनै कारण छैन।



राजेन्द्र लिङ्देन
अध्यक्ष, राप्रपा

> केपी ओलीले के आधारमा गठबन्धनको दृश्य फेरिन सक्ने संशय प्रकट गर्नुभएको त्यो मलाई थाहा छैन, तर हामीले उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा ओली र प्रधानमन्त्री प्रचण्डबीच देखिएको असमझदारी एक-आपसमा बसेर ठुंग्याउनुस् भनेर स्पष्ट भनेका छौं।

निर्मला कुर्मी हत्या अनुसन्धानमा विशेष समिति गठन हुने

काठमाडौं/ रहस्यमय ढंगले बेपत्ता नेपालगन्जकी निर्मला कुर्मी हत्यामा विशेष समिति गठन गरी घटनाको नयाँ ढंगले अनुसन्धान गर्न सरकार सहमत भएको छ। गृह मन्त्रालय र आन्दोलनरत पक्षबीच वार्तापछि यस्तो सहमति भएको हो।

सिंहदरबारस्थित गृह मन्त्रालयमा मंगलबार भएको वार्तामा सरकारका तर्फबाट गृहका सहसचिव जितेन्द्र बस्नेत सहभागी थिए। आन्दोलनरत पक्षबाट सामाजिक अभियन्ता रुबी खान सहभागी थिइन्। सहमतिसँगै माइतीघर मण्डलामा ४८ दिनदेखि जारी धर्ना समापन भएको छ। गृहप्रवक्तासमेत रहेका बस्नेतले आन्दोलनरत पक्ष र गृहबीच तीनबुँदे सहमति भएको बताए। उनले भने, 'निर्मला कुर्मी हत्यामा अनुसन्धान होस् भन्ने उद्देश्यले माइतीघर मण्डलामा ४८ दिनदेखि आन्दोलन चलिरहेको थियो। उहाँहरू र हामीबीच वार्ता भयो। दुई पक्षबीच तीनबुँदे सहमति भयो। सहमतिअनुसार निर्मला कुर्मी हत्या अनुसन्धानका लागि सरकारले अब विशेष अनुसन्धान समिति गठन गर्नेछ। आन्दोलनमा सहभागीको ज्यानको सुरक्षा पनि सरकारले नै गर्नेछ। योसँगै आन्दोलन स्थगित गर्न उहाँहरू सहमत हुनुभएको छ।'

रुबी खानसहितका अभियन्ता निर्मला हत्या अनुसन्धानमा न्यायिक आयोग गठन हुनुपर्ने माग राख्दै आन्दोलनरत थिए। तर, सरकार आयोग गठन गर्न भने सहमत भएको छैन। गृहप्रवक्ता बस्नेतले आयोग गठनको विषयबाट आन्दोलनरत पक्ष पछि हटेको बताए।

माइतीघरमा ४८ दिनदेखि जारी धर्ना स्थगित

उनले भने, 'उहाँहरूले न्यायिक आयोग गठनको माग राख्नुभएको थियो। विशेष अनुसन्धान समिति गठन गरिने भएपछि उहाँहरू पूर्ववत् मागबाट पछि हट्नुभयो। दुई पक्षबीच यही विषयमा सहमति भयो।'

धर्नाको ४० दिनपछि गत वर्ष २० पुसमा घटनाको अनुसन्धान नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गर्ने सरकार र उनीहरूबीच सहमति भएको थियो। त्यसअघि उनीहरू नेपालगन्जबाट २० दिनको पैदल यात्रा गर्दै दबाब दिन काठमाडौं आएका थिए। दबाबपछि घटनाको अनुसन्धान गृह मन्त्रालय तयार भएको थियो। दुई पक्षबीच सम्झौता पनि भएको थियो। सम्झौताअनुसार छानबिन समिति गठन भयो। उक्त समितिले पनि घटनाको छानबिन गरिनुपर्ने बताएको छ। तर, हालसम्म सरकारको निकायले घटनाको छानबिन गर्न सकेको छैन।

नेपालगन्ज उपमहानगरपालिका- १७ परसपुरकी निर्मला ०७६ देखि बेपत्ता छिन्। अपहरणपछि उनको हत्या गरिएको भन्दै आफन्तले बाँके प्रहरीमा गत १६ मंसिर ०७७ मै १२ जनाविरुद्ध किटानी जाहेरी दिएका थिए। तर, प्रहरीले घटनाको बेवास्ता गऱ्यो। सोही घटनालाई लिएर महिला अधिकारकर्मी रुबी नेपालगन्जमै आन्दोलनमा उत्रिइन्। सुनुवाइ नभएपछि उनीसहितका टोली पैदल हिँडेर काठमाडौं आएर माइतीघर मण्डलामा अनशन बसे। नौ दिनको अनशनपछि सरकारसँग घटनाको छानबिन गर्न सहमति भएको थियो।

निर्मलाका श्रीमान् महालु कुर्मीको ०६२ मा मृत्यु भएको थियो। त्यसपछि ०६६ मा उनका दुई छोराको पनि १० दिनको फरकमा मृत्यु भएको थियो। निर्मलाका श्रीमान् बितेको चार वर्षपछि दुई छोराको पनि रहस्यमय ढंगले मृत्यु भएको एक अनुसन्धानले देखाएको छ।

अनेरास्ववियुको २३औं महाधिवेशन सुरु



एमालेको भ्रातृ संगठन अनेरास्ववियुको २३औं राष्ट्रिय महाधिवेशन सुरु भएको छ। मंगलबार एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले महाधिवेशनको उद्घाटन गरेका छन्। प्रज्ञा प्रतिष्ठानमा जारी महाधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले ५ चैतमा हुने स्ववियु निर्वाचनमा लाग्न विद्यार्थीलाई निर्देशन दिए। हरेक क्याम्पसमा अनेरास्ववियुको झन्डा फहराउने गरी लाग्न नेता-कार्यकर्तालाई आग्रह गरे। 'अबको स्ववियु निर्वाचनमा नेविसंघलाई छक्का प्रहार गर्नुपर्छ, हरेक क्याम्पसमा ब्याटिङ दह्रो गर्नुपर्छ, अबको प्रमुख काम यही हो।' नेविसंघबाहेक अन्य संगठनलाई ओलीले 'भाइबहिनी'को संज्ञा दिए। महाधिवेशनपछि अनेरास्ववियुको कार्यसमिति सानो हुँदै छ। यसअघि भएको विधान अधिवेशनले अबको कार्यसमिति एक सय ९९ जनाको हुने व्यवस्था गरेको छ। अहिले पाँच सय १७ जनाको कार्यसमिति छ। अब एक अध्यक्ष, चार उपाध्यक्ष, एक महासचिव, १० सचिव, एक कोषाध्यक्षसहित एक सय ९९ जनाको कार्यसमिति रहनेछ। अबको महाधिवेशनपछि उपमहासचिव रहनेछैनन्। ४ फागुनमा सकिने महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ। तस्बिर : नयाँ पत्रिका

लागुऔषध कारोबारको नयाँ शैली
तरकारीको क्रेटभित्र लुकाएर नेपाल भित्रिन्छ लागुऔषध

नयाँ पत्रिका
काठमाडौं, २ फागुन

तस्करले तरकारीको क्रेटभित्र लागुऔषध लुकाएर नेपालमा भित्र्याउने गरेको खुलेको छ। प्रहरीले मंगलबार करिब ३८ लाख रुपैयाँबराबरको अवैध लागुऔषध सुन्धाराबाट बरामद गरेसँगै यस्तो खुलेको हो। तरकारीको क्रेटमा लुकाएर ल्याउँदै गरेको ३८ लाखबराबरको बुप्रेनोर्फिन, डाइजपाम, फेनारगन र नाइट्रभेट प्रहरीले बरामद गरेको छ।

लागुऔषध बिक्री गर्ने मुख्य डिलर सोलुखुम्बु माप्य-दूधकोसी- ४ का ३५ वर्षीय लाक्पा शेर्पालाई पनि प्रहरीले पक्राउ गरेको छ। प्रहरीले उनका साथबाट लागुऔषध खरिदपछि भुक्तान गर्न ठीक पारिएको चार लाख पाँच हजार रुपैयाँ पनि बरामद गरेको छ।

प्रहरीका अनुसार लाक्पाले सुन्धास्थित कोठामा लागुऔषध लुकाएर राखेका थिए। लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी विकासराज खनालले लागुऔषध कारोबारका लागि उनले उक्त कोठा भाडामा लिएर राखेको बताए। एसएसपी खनालले भने, 'तरकारीको क्रेटमा लुकाएर लागुऔषध नेपाल भित्रिने गरेको भेटियो। कारोबारका मुख्य डिलर पनि समातिए। यसका लागि उनले सुन्धारामा कोठा नै भाडामा लिएका रहेछन्। सोही कोठाबाट ठूलो परिमाणमा लागुऔषध बरामद भएको हो।' पक्राउ परेका लाक्पा यसअघि हातहतियार तथा खरखजना मुद्दामा जेल बसेर छुटेका अभियुक्त हुन्।

ब्युरोले भारतबाट नेपालमा लागुऔषध पठाउने धन्दामा संलग्न अभियुक्तलाई पनि पक्राउ गरेको छ। भारत बिहार मधुवनी खौनामार्ग- ४ का ३८ वर्षीय फैज अहमदले तरकारीको क्रेटभित्र लुकाएर लागुऔषध नेपाल पठाउँदै आएका थिए। धन्दाका लागि उनले धनुषा ओरही- ३ कपटोलका २९ वर्षीय रिहसाद भनिने अयान रेजा र ४५ वर्षीय जाकिर नदाफलाई प्रयोग गर्दै आएका थिए।

अहमदकै योजनाअनुसार भारतको मधुवनीबाट तरकारी बोक्ने गाडीमा क्रेटभित्र लुकाएर अयानले नेपालमा लागुऔषध भित्र्याउँथे। काठमाडौंसम्म ल्याउने जिम्मा भने नदाफको थियो। उनैले अहमदले भारतबाट पठाएको लागुऔषध काठमाडौंमा लाक्पालाई दिन्थे। लागुऔषध हस्तान्तरण भएको सूचनापछि रकम बुझ्न अहमद आफैं काठमाडौं आउँथे। यही क्रममा प्रहरीले उनलाई गत २५ माघमा सुन्धाराबाट पक्राउ गरेको थियो।

ब्युरो प्रमुख एसएसपी खनालले भने, 'बिहारको मधुवनबाट अहमदले लागुऔषध नेपाल पठाउँथे। यसका लागि उनले दुई नेपाली प्रयोग गरेका थिए। रकम लिन भने अहमद आफैं काठमाडौंमा आउँथे। यहीक्रममा उनलाई हामीले सुन्धाराबाट पक्राउ गरेका छौं।'

काठमाडौंका विभिन्न क्षेत्रमा बिक्री गर्ने खुद्रा व्यापारीलाई पनि प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्ने काभ्रे भुम्लु- ४ का २४ वर्षीय दीपक तामाङ र नुवाकोट शिवपुरी- ८ का २९ वर्षीय लक्ष्मण बखती रहेका छन्। प्रहरीले तामाङलाई बालाजु र बखतीलाई काठमाडौं मलबाट पक्राउ गरेको थियो।

सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
सिभिल बैंक लिमिटेडको सहायक कम्पनी

केन्द्रीय कार्यालय
चावहिल, काठमाडौं, नेपाल
टेलिफोन नं.: ९७७-१-४५९८३३३, ४५९८३३४
ईमेल : info@civillaghubitta.com.np
वेबसाईट : www.civillaghubitta.com.np

कर्मचारी आवश्यकता

(प्रकाशित मिति २०७९/११/०३ गते)

सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड (सिभिल बैंक लिमिटेडको सहायक कम्पनी) नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त, राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो। यस संस्थाबाट सञ्चालनमा रहेका तथा भविष्यमा स्थापना हुने शाखा कार्यालयहरुको लागि कर्मचारी आवश्यक भएकोले तपसिल बमोजिमको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ।

क्र. स.	पद/श्रेणी/ विज्ञापन नं.	जिम्मेवारी	आवश्यक संख्या	सेवाको किसिम	आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव	थप योग्यता र अनुभव
१.	व्यवस्थापकीय श्रेणी (०१ - २०७९/८०)	विभिन्न विभाग	केही	स्थायी	मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ वा स्नातक गरि सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ।	सम्बन्धित जिम्मेवारीमा रहि कार्यअनुभव हासिल गरेकोलाई विशेष ग्राह्यता दिईनेछ।
२.	अधिकृत श्रेणी (०२ - २०७९/८०)	सूचना प्रविधि/ वित्त/ आन्तरिक लेखा परीक्षण/ अनुगमन/कर्जा विभाग	केही	स्थायी	मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको साथै सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्षको कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ।	वित्त/ आन्तरिक लेखा परीक्षण /अनुगमन तथा कर्जा विभागको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट ACCA/CA उत्तीर्ण भएको वा Semi Qualified तथा सूचना प्रविधी विभागमा लघुवित्त सम्बन्धी सफ्टवेयर सञ्चालनमा अनुभव प्राप्तलाई विशेष ग्राह्यता दिईने छ।
३.	अधिकृत/कनिष्ठ अधिकृत (०३ - २०७९/८०)	अनुगमन अधिकृत/ क्लस्टर प्रमुख (फिल्ड)/ विभाग	केही	स्थायी	मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको साथै सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्षको कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ।	अनुगमन तथा सुपरिवेक्षणको अनुभव भएको तथा वित्त, कर्जा तथा अनुगमन विभागमा रहि कार्यअनुभव भएकोलाई विशेष ग्राह्यता दिईने छ।
४.	सहायक कनिष्ठ अधिकृत (०४ - २०७९/८०)	अनुगमन अधिकृत/ क्लस्टर प्रमुख (फिल्ड)/ शाखा कार्यालय प्रमुख/विभाग	केही	स्थायी	मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको साथै सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्षको कार्य अनुभव हासिल गरेको वा प्रविणता प्रमाण-पत्र तह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा वरिष्ठ सहायक पदमा १ वर्ष र सहायक पदमा गरी न्यूनतम जम्मा ३ वर्षको कार्य अनुभव हासिल गरेको हुनु पर्नेछ।	अनुगमन तथा सुपरिवेक्षणको अनुभव भएकोलाई विशेष ग्राह्यता दिईने छ।
५.	वरिष्ठ सहायक /सहायक (०५ - २०७९/८०)	शाखा कार्यालय प्रमुख/ फिल्ड सहायक	केही	स्थायी	मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण-पत्र तह उत्तीर्ण भएको वा एस.एल.सी./एसईई तह उत्तीर्ण भई कम्तिमा २ वर्ष सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्नेछ।	लघुवित्त वित्तीय संस्थामा ३ वर्षको अनुभव तथा शाखा कार्यालय प्रमुखको अनुभव भएकोलाई विशेष ग्राह्यता दिईनेछ।
६.	कनिष्ठ सहायक (०६ - २०७९/८०)	कनिष्ठ सहायक (फिल्ड सहायक)	केही	प्रशिक्षार्थी	न्यूनतम एस.एल.सी./एसईई तह उत्तीर्ण गरेको।	मोटरसाईकल चालक अनुमति पत्र प्राप्त भई आफूनै सवारी साधन भएकोलाई विशेष ग्राह्यता दिईनेछ।
७.	सहयोगी श्रेणी (०७ - २०७९/८०)	कार्यालय सहयोगी	१	स्थायी	साधारण लेखपढ।	सम्बन्धित क्षेत्रमा कार्यअनुभव भएकोलाई विशेष ग्राह्यता दिईनेछ।

परीक्षाको किसिम : उल्लेखित पदहरुको प्रस्तुतीकरण/अन्तर्वार्ता हुनेछ।
विशेष प्राथमिकता : कम्प्यूटर (वर्ड, एक्सेल, इमेल–इन्टरनेट र नेपाली टाइपिङ्ग) सम्बन्धी ज्ञान भएको, मोटरसाईकल चालक अनुमतिपत्रप्राप्त, काठमाडौं उपत्यका बाहिर गई दुर्गम तथा ग्रामीण क्षेत्रमा भएका कार्यालयहरुमा रहि कार्य गर्न इच्छुक उम्मेदवारहरुलाई विशेष प्राथमिकता दिईनेछ।
उमेरको हद : दरखास्त दिने अन्तिम दिनसम्म व्यवस्थापकीय श्रेणीको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, क्रम संख्या २ देखि ४ को लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र बाँकी उल्लेखित पदहरुको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर, महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हदमा ५ वर्ष थप हुनेछ।
तलब तथा अन्य सुविधा : वित्तीय संस्थाको नियमानुसार।

छनौट सूचिमा परेका उम्मेदवारहरुलाई मात्र त्यसपछिको छनौट प्रकृयामा समावेश गराइनेछ। योग्यता पुगेका इच्छुक उम्मेदवारले निवेदनको साथमा वायोडाटा, हालसालै खिचेको फोटो र नागरिकताको प्रतिलिपिको साथै अनुभव माग भएको पदको लागि अनुभव खुल्ने पत्रको प्रतिलिपि सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस संस्थाको वेभ साइट www.civillaghubitta.com.np मा Careers को Vacancy भित्र गई Apply Online Vacancy मार्फत वा सिधै यस वित्तीय संस्थाको पायक पर्ने शाखा कार्यालयहरु वा चावहिल, काठमाडौं स्थित केन्द्रीय कार्यालयमा बुझाउन सूचित गरिन्छ। छनौट प्रकृया सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।

पदपूर्ति समिति

समृद्धिको सहयात्री

क.इ.नं. १२८७/०६७/०६८ ने.रा.बैंक/इ.प्रा./"घ"/२४/०६८/६५ पान ३०५०३५६२४

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०७९/११/०३

यस फाइनान्सको शाखा कार्यालय खुरखुरे चितवनबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं मिति २०७९/७/१८ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना र मिति २०७९/१०/०४ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा १५ दिने कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले यस फाइनान्सको नाममा दर्ता रहेको तपशिल बमोजिमको सवारी साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त वन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । साथै सुरक्षणमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यसै सूचनालाई आधार मानी ऋणीहरु, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ । अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अर्न्तगत मिति २०६९-०३-२५ मा प्रा. फ. द. नं. १०८८/२०६८-०६९ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनमा स्थायी लेखा नं. ६००६०५४६१ को प्रमाणपत्र प्राप्त **द गल्याम कलेक्सन। प्रोपाइटर : पार सिङ पुन,** ठेगानाः खैरहनी नगरपालिका वडा नं. ८, चितवन ।

व्यक्तिगत जमानी दिनेको विवरण

१. नाम : पार सिङ पुन बाबु : उदय बहादुर पुन बाजे : कर बहादुर पुन ना.प्र.प.नं. : १६३१/०६१, मिति : २०६१/०७/२४ जि.प्र.का. चितवन ठेगाना : विरेन्द्रनगर गा.वि.स. ५, चितवन । हाल खैरहनी न.पा.वडा नं. ८, चितवन ।	**२. नाम : देउमाया पुन** बाबु : विष्णु प्रसाद पुन पति : उदय बहादुर पुन ससुरा : कर बहादुर पुन ना.प्र.प.नं. : ७०१, मिति : २०४५/०९/०२, जि.प्र.का. चितवन । ठेगाना : विरेन्द्रनगर गा.वि.स. ५, चितवन । हाल खैरहनी न.पा. वडा नं. ८, चितवन ।

३. नाम : उषा मगर
पति : पार सिङ पुन
बाबु : उद्धीमान मगर
ससुरा : उदय बहादुर पुन
ना.प्र.प.नं. : ०९-०१-६९-००२५६, मिति : २०६९/०४/१६, जि.प्र.का. भोजपुर ।
ठेगाना : टुम्माना गा.वि.स. ५, भोजपुर, हाल खैरहनी, न.पा. वडा नं. ८, चितवन ।

२. ऋणीको विवरण

नाम : पार सिङ पुन
बाबु : उदय बहादुर पुन
बाजे : कर बहादुर पुन
ना.प्र.प.नं. : १६३१/०६१, मिति : २०६१/०७/२४, जि.प्र.का. चितवन ।
ठेगाना : विरेन्द्रनगर गा.वि.स. ५, चितवन, हाल खैरहनी न.पा. वडा नं. ८, चितवन ।

व्यक्तिगत जमानी दिनेको विवरण

१. नाम : देउमाया पुन पति : उदय बहादुर पुन बाबु : विष्णु प्रसाद पुन ससुरा : कर बहादुर पुन ना.प्र.प.नं. : ७०१ मिति : २०४५/०९/०२, जि.प्र.का. चितवन, ठेगाना : विरेन्द्रनगर गा.वि.स. ५, चितवन । हाल खैरहनी न.पा. वडा नं. ८, चितवन ।	**२. नाम : उषा मगर** पति : पार सिङ पुन बाबु : उद्धीमान मगर ससुराः उदय बहादुर पुन ना.प्र.प.नं.: ०९-०१-६९-००२५६ मितिः २०६९/०४/१६, जि.प्र.का. भोजपुर । ठेगाना : टुम्माना गा.वि.स. ५, भोजपुर । हाल खैरहनी न.पा. वडा नं. ८, चितवन ।

धितो सुरक्षणको विवरण

१. मालपोत कार्यालय खैरहनी चितवनमा पार सिङ पुनको नाममा दर्ता कायम रहेको चितवन जिल्ला साविक खैरहनी वडा नं. १ क स्थित कि.नं. २९७३ को क्षेत्रफल ४०६.३० व.मि. भएको घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत ।
२. धनि आइ. सि.एफ.सि फाइनान्स लि. ऋणी पारसिङ पुन कायम रहेको नारायणी अञ्चल, यातायात व्यवस्था कार्यालयमा दर्ता नं. ना. ८ ख २६६० इन्जिन नं JDHZ418774 च्यासिस नं : MB1HTLFCOJRDX4548 भएको १ थान टिपर ।

लिलाम बिक्री सम्बन्धी शर्तहरु

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ ।
(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात् मिति २०७९/११/१० गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी, काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०७९/११/१२ गते दिनको ३:०० बजे फाइनान्सको शाखा कार्यालय, खुरखुरे चितवनमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
(३) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सूचनामा उल्लेखित चल अचल सम्पत्ति एकमुष्ट वा अलग अलग्गै खरिद गर्ने गरी बोलपत्र फारम पेश गर्नुपर्ने छ । बोलपत्र फारममा आफुले लिन चाहेको चल अचल सम्पत्तिको आवश्यक विवरण प्रष्ट बुझिनेगरी भर्नुपर्ने छ ।
(४) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ ।
(५) उल्लेखित चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
(६) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल अचल सम्पत्ति के-कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ । केरमेट गरेको ठाँउमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन ।
(७) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको चल अचल सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।
(८) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ । उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ ।
(९) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन । बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ ।
(१०) लिलाम बिक्री हुने चल अचल सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले यस फाइनान्सको शाखा कार्यालय खुरखुरे, चितवनमा सम्पर्क राख्न सक्नु हुनेछ ।
(११) लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पत्ति कसैले चल-अचल सम्पत्ति सकार नगरेमा वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, प्रचलित ऐन कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्ति बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४४२५२९२
www.icfcbank.com

बसपार्क क्षेत्रमा लुटपाट र आगजनी

कहाँ चुक्यो प्रहरी ?

बालाजु घटनाले प्रहरीको मनोबल खस्किएको मात्र होइन, फिल्डमा प्रहरीले जोखिम मोलेर काम गर्ने अवस्था छैन भन्ने देखाएको छ



■ **दिवेश लोहनी**, एआइजी
प्रमुख, उपत्यका प्रहरी कार्यालय



घटना रोक्न प्रहरीले सक्रियता नदेखाएको भन्ने गलत हो । प्रहरीले सक्रियता देखाएको र बल प्रयोग गरेकैले ठूलो क्षति नभएको हो । हामीले अश्रुग्यास प्रहार गरेका छौं, लाठीचार्ज गरेका छौं । आन्दोलन यति उग्र हुन्छ भनेर पूर्वआकलनमा भने केही कमजोरी भएको हुन सक्छ ।

नयाँ पत्रिका
काठमाडौं, २ फागुन

काठमाडौंको नयाँ बसपार्क क्षेत्रमा सोमबार लुटपाट, आगजनी र झडपका घटना भए । मुलुकको राजधानीमै भएको यो घटनाले सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाएको छ । प्रहरीकै गाडी नियन्त्रणमा लिएर आगजनी भएको छ । मोबाइल पसलहरू लुटिँदा प्रहरी अधिकारी कतै देखिएनन्, बसपार्क पूर्ण रूपमा आन्दोलनकारीको नियन्त्रणमा देखिन्थ्यो ।

देशको राजधानीमा सोमबार साँझको यो दृश्यले देशको सुरक्षा संयन्त्रको क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ । धेरैको जिज्ञासा छ, यस्तो वितन्डा हुँदा पनि प्रहरी किन यति निरीह र रक्षात्मक बन्यो ? भिड नियन्त्रणमा अनुभवी प्रहरी अधिकारीका अनुसार राजनीतिक प्रकृतिको आन्दोलन र मजदुर आन्दोलनको शैली पूर्ण रूपमा फरक हुन्छ । 'राजनीतिक आन्दोलन कसैको नेतृत्वमा हुन्छ, तर मजदुरहरूको आन्दोलनमा कसैले कसैलाई टेर्दैनन्, जतिवेला जे पनि हुन सक्छ,' ती प्रहरी अधिकारी भन्छन्, 'जसको आकलन गर्न नसक्नु नै सोमबारको घटनाको प्रमुख कारण हो ।'

सोमबारको आन्दोलनको मुख्य कारण ल्होत्से बहुउद्देश्यीय प्रालिका कर्मचारीले मजदुरमाथि गरेको दुर्व्यवहारसँग सम्बन्धित छ । मंगलबार गर्न लागेको आन्दोलनको विषयमा यातायात मजदुर नेताहरू ल्होत्से मलको एक हलमा छलफल गर्न गएका थिए । त्यहीँ विवाद हुँदा ल्होत्सेका कर्मचारीले कुटपिट गरेपछि आन्दोलित भए । कुटपिट गर्नेलाई प्रहरीले तत्कालै पक्राउ गरेकाले त्यो विषय तत्कालका लागि मिल्यो, तर त्यसले मजदुरहरूको आक्रोशको बिउ रोप्यो । सोही विषयलाई लिएर सोमबार बेलुकासम्म नै सडक अवरुद्धसमेत भयो ।

■ डिआइजीको नेतृत्वमा छानबिन समिति गठन

लुटपाट, आगजनी र झडपका घटनाको छानबिन गर्न काठमाडौं उपत्यका प्रहरी कार्यालयले समिति गठन गरेको छ । कार्यालयका नायब महानिरीक्षक (डिआइजी) मसाउद आलम खाँको नेतृत्वमा सात सदस्यीय छानबिन समिति गठन भएको हो । घटनाको कारण र त्यसमा प्रहरीबाट भएको सम्भावित कमजोरी पत्ता लगाउन समिति गठन गरिएको उपत्यका प्रहरी कार्यालयका प्रमुख एआइजी दिवेश लोहनीले बताए । प्रारम्भिक अध्ययनमा बालाजु वृत्तका डिएसपी रविन विष्टको कमजोरी देखिएपछि उनलाई मंगलबार जिम्मेवारीबाट हटाइएको छ । उनी चढेको गाडी नै आन्दोलनकारीले जलाइदिएका थिए । सामान्यतया प्रहरी इन्चार्जले यसरी आफ्नो सवारी छाडेर हिँड्न नमिल्नेमा डिएसपी विष्टले परिस्थितिको सामान्य आकलनसमेत नगरी लापरबाही गरेका थिए । सोही कारण उनलाई वृत्तबाट हटाएर डिएसपी मनोजित कुँवरलाई खटाइएको छ । छानबिन समितिको प्रतिवेदनका आधारमा दोषी देखिएका प्रहरीमाथि कारबाही हुने एआइजी लोहनी बताउँछन् ।

उनीहरूले चालकहरूको लाइसेन्स निलम्बन गरेको, यातायात जरिवाना बढाएकोलगायत विषयमा आन्दोलनको तयारी गरेका थिए । ती विषयमा केही दिन समय दिने सहमति भइसकेको थियो । पछि माइक्रो व्यवसायीले आफूहरूलाई ल्हात्सेले पार्किङमा अनावश्यक दुःख दिएको आरोप लगाएर विवाद गरेपछि आन्दोलन चर्कियो । माइक्रो व्यवसायीसँग सहमति त भयो, तर त्यतिवेलासम्म सडकमा स्थिति प्रहरीको नियन्त्रणबाहिर गइसकेको थियो । प्रहरीका गाडी जलाइए भने एम्बुलेन्समाथि समेत आक्रमण भयो ।

प्रहरी अधिकारी भन्छन्– रक्षात्मक शैली अपनाइँदा क्षति कम भयो

अराजकता हुँदा पनि प्रहरीले बल प्रयोग नगरेको स्थानीयको आरोप छश । तर, प्रहरी अधिकारी त्यो मान्न तयार छैनन् । 'अत्यधिक बल प्रयोग गरेको भए बसपार्क रणमैदान हुने अवस्था थियो,' घटनास्थलमा खटिएका एक प्रहरी भन्छन्, 'टियर ग्यास र लाठी प्रहार गरेका हौं, केही समय मात्र स्थिति हाम्रो काबुबाहिर जाँदा लुटपाट र आगजनी भएको हो ।' गोली नै चलाउँदा स्थिति थप बिग्रन सक्ने भएकाले केही हदसम्म रक्षात्मक शैली अपनाएको ती प्रहरीको भनाइ छ ।

सामान्य किसिमको विवाद भएकाले यस्तो उग्र रूप लिने आलकन थिएन, जसअनुसार मद्दतका लागि थप प्रहरी र सशस्त्र प्रहरी बोलाइएन । थौरै प्रहरी र आन्दोलनकारी धेरै हुँदा केही समय परिस्थिति सुरक्षा निकायको काबुबाहिर गएको हो । पछि सुरक्षाकर्मी थपेर आन्दोलनकारीलाई तितरबितर बनाइयो ।

उपत्यका प्रहरी कार्यालयका प्रमुख एआइजी दिवेश लोहनी प्रहरीले बल प्रयोग गरेकै कारण ठूलो क्षति नभएको बताउँछन् । 'हामीले अश्रुग्यास प्रहार गरेका छौं, लाठीचार्ज गरेका छौं,' उनी भन्छन्, 'प्रहरीले बल प्रयोग नगरेको होइन, आन्दोलन यति उग्र हुन्छ भनेर पूर्वआकलनमा केही कमजोरी भएको हुन सक्छ ।' मोबाइल पसल लुट्ने केहीलाई रंगेहात पक्राउ गरेकाले प्रहरी निष्क्रिय भएको भन्न नमिल्ने उनको भनाइ छ ।

काठमाडौंकै एक प्रहरी अधिकारीले भने सोमबारको घटनाले फिल्डमा खटिने प्रहरीको मनोबल कति खस्किएको छ भन्ने प्रस्ट हुने बताउँछन् । 'फिल्डमा खटिएका प्रहरीले कसैले जोखिम लिएर काम गर्ने अवस्था नै छैन,' ती प्रहरी अधिकारी भन्छन्, 'यो प्रहरीमाथि हुने राजनीतीकरणको परिणम हो ।'

ज्यान मुद्दामा फरार अभियुक्त नौ महिनापछि पक्राउ

बाँके/ कर्तव्य ज्यान मुद्दामा करिब नौ महिनादेखि फरार अभियुक्तलाई बाँके प्रहरीले पक्राउ गरेको छ । कुटपिटबाट घाइते नरैनापुर गाउँपालिका- ५ मटेहियाका रामपाल यादवको मृत्यु भएको घटनामा संलग्न रहेको आरोपमा सोही ठाउँका २३ वर्षीय लालमणि यादवलाई सोमबार नेपाल-भारत सीमानाकाबाट पक्राउ गरेको इलाका प्रहरी कार्यालय भगवानपुरका इन्चार्ज प्रहरी निरीक्षक वीरबहादुर सुनारले जानकारी दिए । सीमा क्षेत्र नरैनापुर गाउँपालिका- ५ हुलासपुर्वामा लुकिछिपी बसिरहेको सूचनाका आधारमा प्रहरीले उनलाई पक्राउ गरेको हो ।

गाईवस्तु चराउने काम गर्दै आएका मृतक रामपाललाई मुन्सीप्रसाद यादव, गोब्रे राँठ, लालमणि यादव, राजकुमार धोबी र शिवराज धोबीले कुटपिट गरी घाइते बनाएको आरोप छ । यादवको ३ जेठ ०७९ मा उपचारका क्रममा मृत्यु भएको थियो । फरार रहेका अन्य अभियुक्तको खोजी भइरहेको प्रहरी निरीक्षक सुनारले बताए । छोरा रामपाललाई रूखमा बाँधेर कुटपिट गरी हत्या गरेको रामपालकी आमा मुन्नी यादवले दायर गरेको जाहेरीमा उल्लेख छ ।

चितुवाको छालासहित दुईजना पक्राउ

धादिङ/ थाक्रे गाउँपालिका- २ बाट चितुवाको छालासहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ । मकवानपुरको कैलाश गाउँपालिकादेखि धादिङको महादेवबेँसीतर्फ आउने आग्रा-मोरिया सडकखण्डमा चितुवाको सिंगो छालासहित कैलाश गाउँपालिका- १ चापाखर्कका ३० वर्षीय दीपक मोक्तान र ४५ वर्षीय सुविन्द्र मोक्तानलाई प्रहरीले पक्राउ गरेको हो । चितुवाको छालाको कारोबार भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरी निरीक्षक डबलबहादुर बमको कमान्डमा खटिएको प्रहरी टोलीले सोमबार दिउँसो चितुवाको सिंगो छालासहित उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक एसपी गौतम मिश्रले बताए । पक्राउ परेका उनीहरूलाई मंगलबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको हो ।

Province Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office
Syangja
Gandaki Province,Nepal

Invitation for Bids

Date of publication: 15th February 2023 (Falgun 03, 2079)

Infrastructure Development Office, Syangja invites electronic/Online bids only from Nepalese eligible bidders for the construction of ***Projects mentioned below*** under Sealed Quotation & National Competitive Bidding (**Single Stage, Single Envelope**) Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO website www.bolpatra.gov.np/egp or may be obtained at the office. All eligible bidders are requested to submit E-Bid only as per instruction within mentioned period.

S. N	Name of Project	Contract ID	Estimated Cost in NRs. (Inclusive of VAT and PS)	Bid Document Fee	Bid Security (NRs)
1	Upgrading of Galyang chapakot Road (From 0+000 to 1+200),Galyang Na Pa	IDOSYANGJA/NCB/W/R/045/079-80	6,793,890.85	3,000	170000
2	Narikota Shrawankumar Bhaida Panchase sadak and Fulbari Khahare Naribot Daha Sadak Aadikhola Ga.Pa.Syangja	IDOSYANGJA/NCB/W/R/046/079-80	3,859,308.74	3,000	97000
3	Thumka Chinnebas School Ramki Thumki Darsing Samma Sadak Nirman,Biruwa -06, Syangja	IDOSYANGJA/NCB/W/R/047/079-80	2,889,381.59	3,000	73000
4	Dhaduwa nerobari gaiya dhulegaida krishi sadak,Putalibazar-07	IDOSYANGJA/NCB/W/R/048/079-80	2,080,281.39	3,000	53000
5	Teengharey Banpaale Dobhan Hudei Devidanda Bhanjyang Dhundur Bangeswara Sadak, Harinas, 04 and 07	IDOSYANGJA/SQ/W/R/066/079-80	1,931,456.75	1,000	50000
6	Jygadi Corridor Taksar bharabhyangang khanda, Putalibazar-07	IDOSYANGJA/SQ/W/R/067/079-80	1,928,045.06	1,000	50000
7	Sarketari Galem Panchase Sadak Phedikhola 4 Syangja	IDOSYANGJA/SQ/W/R/068/079-80	1,447,192.7	1,000	37000
8	Jherubas siraule bangswara kulung khola changsing kyakme sadak,Harinas -04	IDOSYANGJA/SQ/W/R/069/079-80	1,448,799.12	1,000	37000

For NCB: -Pre Bid Meeting – 05th March, 2023, 13:00

Bid Submission deadline -17th March, 2023, 12:00 **Bid Opening** – 17th March, 13:00

For Seal Quotation: - Bid Submission deadline - 2nd March, 2023, 12:00 **Bid Opening** – 2nd March, 2023, 13:00

Information to deposit the cost of bidding document Fee in the Bank:

Name of Bank: Nepal Bank Limited **Name of Office:** Infrastructure Development Office, Syangja

Office Code No: 3370143014, **Office Account No:** 27302000001001000001, **Rajaswo Sirsak No:** 14229



ड्रिम गर्ल २ मा आयुष्मान

बलिउड अभिनेता आयुष्मान खुरानाको फिल्म 'ड्रिम गर्ल २' जुलाई ७ मा रिलिज हुने भएको छ। राज सान्दिल्या लिखित तथा निर्देशित फिल्ममा एकता कपुर र शोभा कपुरको लगानी छ। फिल्ममा आयुष्मानसँगै अनन्या पाण्डे, परेश रावल, अनु कपुर, विजय राज, राजपाल यादव, सीमा पहवा, गोवर्द्धन अस्रानी, अनुशा मिश्रालगायत कलाकारको अभिनय छ।



हुक्का एन एब्सर्ड ड्रिम ३ चैतमा

फिल्म 'हुक्का एन एब्सर्ड ड्रिम' ३ चैतदेखि प्रदर्शनमा आउने भएको छ। शम्भु थापाको निर्देशन रहेको फिल्ममा तेज गिरी, अशु न्यौपाने, प्रकाश घिमिरे, प्रमिला खनाल, तलिशा गुरुङ, निश्चल विमल, एलिसा विक र सन्तोषकुमार आत्रेयको अभिनय छ। फिल्ममा सन्तोषकुमार आत्रेय र भगवान पौडेलको पटकथा छ।

राम्रो निद्राका लागि सुत्नुअघि यस्तो खानपान



● डा. लक्ष्मीदत्त शुक्ला
मित्तल आयुर्वेदिक अस्पताल, मुम्बई

स्वस्थ रहन राम्रो निद्रा आवश्यक छ। त्यसका लागि दैनिक सातदेखि आठ घन्टा निदाउनुपर्छ। राम्रो निद्रा लाग्नेहरूलाई गम्भीर रोग लाग्ने खतरा कम हुन्छ, दिमाग स्वस्थ रहन्छ र प्रतिरोधी क्षमता पनि बढ्छ। तर, हिजोआज मानिसहरूको निद्रा बिग्रने क्रम बढेको छ। केमिकलयुक्त खाद्यान्नको प्रयोग, व्यायामको कमी, सुर्तीजन्य पदार्थ र अल्कोहलको लतलगायत विभिन्न कारणले यसमा भूमिका खेलेको हुन्छ। आफ्नो जीवनशैलीलाई सन्तुलित बनाउने, कुलतबाट टाढा रहने, तनाव कम लिने, व्यायाम गर्नेलगायत कामले निद्रा सुधँदै जान्छ। तपाईंले बेलुकीको समय त्यस्ता केही पोषणयुक्त आहार पनि लिनुपर्छ, जसले निद्रालाई राम्रो बनाउँछ।

■ **बदाम** : बदाममा मेलाटोनिनको मात्रा उच्च हुन्छ। मेलाटोनिन एक त्यस्तो हर्मोन हो, जसले हाम्रो सुत्ने र उठ्ने चक्रलाई नियन्त्रणमा राख्न सहयोग गर्छ। एक आउन्स अर्थात् करिब ३० ग्राम बदाममा ७७ मिलिग्राम म्याग्नेसियम र ७६ मिलिग्राम क्याल्सियम पाइन्छ। यी दुवै खनिजले मांसपेशीलाई आराम दिने र निद्रा राम्रो बनाउन सहयोग गर्छन्। अनिद्रासँग जुधिरहेका मानिसले पर्याप्त मात्रामा म्याग्नेसियम सेवन गर्दा निद्रा सुधार भएर जान्छ। त्यस्तै, म्याग्नेसियमले निद्रामा बाधा पुऱ्याउने स्ट्रेस हर्मोन कोर्टिसोलको स्तर पनि कम गर्न सहयोग गर्छ।

■ **क्यामोमाइल चिया** : क्यामोमाइल चियाले तपाईंको मुडलाई शान्त राख्छ। यसले अनिद्रा र थकानलाई कम गर्छ र मानिसलाई आराम दिन्छ। प्रतिरोधी क्षमता बलियो बनाउने, एन्जाइटी र डिप्रेसन कम गर्ने तथा निद्राको गुणस्तर बढाउने काम यसले गर्छ। यो हर्बल चियामा ऐपिजेनिन नामक एन्टिअक्सिडेन्ट हुन्छ, जसले राम्रो निद्राका लागि सहयोग गर्छ। त्यसैले सुत्नुअघि यो चिया खाँदा निद्रा राम्रो लाग्न सक्छ।



■ **मनतातो दूध** : अनिद्राको समाधानका लागि सबैभन्दा उत्तम घरेलु उपाय, दूध तताएर पिउने हो। निद्रा राम्रो बनाउने चारवटा तत्त्वहरू ट्रिप्टोफ्यान, क्याल्सियम, भिटामिन डी र मेलाटोनिन यसमा पाइन्छ।

■ **किबी** : किबी फल कम क्यालोरीयुक्त पोषक तत्त्वले भरपूर छ। किबीमा केवल ४२ क्यालोरी हुन्छ र भिटामिन सी ७१ प्रतिशत हुन्छ। त्यस्तै, यसले दैनिक आवश्यकताको ३१ प्रतिशत भिटामिन पनि प्रदान गर्छ। अध्ययनअनुसार किबीमा निद्राको क्वालिटी राम्रो बनाउने क्षमता हुन्छ। त्यसैले किबी सुत्नुअघि खानुपर्ने उत्कृष्ट खाद्य पदार्थमध्ये एक हो। यस फलमा निद्राको गुणस्तर बढाउने हर्मोन सेरोटोनिन र एन्टिअक्सिडेन्ट पाइन्छ।

ओखर : बदामजस्तै ओखरमा पनि म्याग्नेसियम, फस्फोरस, म्याग्निज र कपर पाइन्छ। यसका अतिरिक्त ओमेगा ३ फ्याटी एसिड र लिनोलिक एसिडजस्ता स्वस्थ फ्याटको स्रोत पनि ओखर हो। यसमा प्रोटिन पनि पाइन्छ, जसले भोक कम गर्न सहयोग गर्छ। अनुसन्धानकर्ताहरूले सुत्नुअघि ओखर खाँदा निद्राको गुणस्तर बढ्ने बताउँदै आएका छन्। निद्राको स्तर बढाउने मेलाटोनिन हर्मोनको मात्रालाई शरीरमा बढाउन यसले भूमिका खेल्छ।

■ **चेरी** : निद्रालाई नियमित गर्ने चार तत्त्व मेलाटोनिन, ट्रिप्टोफ्यान, पोटासियम र सेरोटोनिनको भरपूर मात्रा चेरीमा पाइन्छ। यसमा फाइबर, भिटामिन सी र भिटामिन ईको मात्रा प्रचुर हुन्छ। त्यसैले सुत्नुअघि नियमित रूपमा चेरी सेवन गर्नुपर्छ।

(माई उपचार डटकमबाट)

यसरी प्रख्यात भयो टेडी बियर

हिजोआज प्रेम दर्शाउनका लागि मानिसहरू एकले अर्कालाई टेडी बियर दिन्छन्। उपहारमा चर्चित बनेको टेडीको कथा एक सय २१ वर्ष पहिले सुरु भएको थियो।

अमेरिकाका तत्कालीन राष्ट्रपति थियोडोर टेडी रुजवेल्ट मिसिसिपी राज्यका गभर्नर लागिन्नोसँग भालुको सिकार गर्न पुगेका थिए। तर, राष्ट्रपतिको निशाना सही लागेन। त्यसपछि उनका असिस्टेन्ट हल्ट कालियरले एउटा कालो भालुलाई रूखमा बाँधेर राष्ट्रपतिलाई सिकार गर्न सल्लाह दिए। उक्त भालुको निर्दोषपन देखेपछि राष्ट्रपति सिकार नगरी फर्किए।



यो विषय अमेरिकाभर चर्चा भयो। राष्ट्रपतिको तारिफ पनि भयो। यसपछि वासिङ्टन पोस्टमा राष्ट्रपतिले गोली हान्न नमानेको एउटा कार्टुन छापियो। यही कार्टुनबाट प्रभावित भएर एक पसलेले भालुको प्रेमिल आकृतिसहितको कपडाको खेलौना बनाए। उनले राष्ट्रपति टेडी रुजवेल्टको सम्मानमा यस खेलौनाको नाम पनि टेडी राखे।

सुरुमा यो खेलौना बच्चाहरूले अत्यधिक प्रयोग गरेका थिए। अमेरिकामा प्रसिद्ध बनेको टेडी बियरलाई विश्वप्रसिद्ध बनाउने श्रेय भने मार्गरेट स्टिफलाई जान्छ। दक्षिण जर्मनीकी स्टिफ केवल डेढ वर्षको उमेरमै पोलियोको सिकार भएकी थिइन्। उनले ह्विलचेयरमा बसेर खेलौना बनाउने काम गर्थिन् र उनका भतिजाले यस कामको मार्केटिङ गर्थे। क्रिसमसको समय उनका खेलौना निकै बिक्थे। पहिले सफ्ट हात्ती बनाएकी मार्गरेटले जब टेडी बियर बनाइन्, तब त्यो अर्कै बन्यो। उनले उक्त खेलौनालाई काँचको आँखा, प्लास्टिकको नाक र रंगीबिरंगी कपडाले सिँगारिन्।

यस खेलौनालाई प्रदर्शनीमा राखियो र एकजना अमेरिकी व्यापारीले एकैपटक तीन हजारको अर्डर दिए। यसरी मार्गरेटले बनाएका काँचको आँखा र प्लास्टिकको नाकसहितका टेडी बियरको माग बढ्दै गयो। त्यसपछि विश्वभर नै यस्तैखाले टेडी बियर बनाउन थाले।

बार्दलीमा कस्ता फूल रोप्ने ?



दीपेन्द्र तुलाधर
गमला घरका सञ्चालक



बार्दलीको रेलिङमा लहरिएका फूलहरू देख्दा तपाईंलाई आनन्द महसुस हुन्छ। किनकि, यसले पूरै घरलाई आकर्षक देखाउँछ। त्यस्तै, मानिसलाई प्राकृतिक वातावरणसँग पनि जोड्छ। तपाईंको घरमा खेतीका लागि खुला ठाउँ छैन भने बार्दलीमै बगैंचा बनाउन सकिन्छ।

■ **मर्निङ ग्लोरी** : यस बिरुवामा मुटु आकारका पातहरूबीच कलेजी रङका फूल फुल्छन्। कुनै-कुनै बिरुवामा निलो फुल फुल्छ। गर्मी समयमा यी बिरुवा बिहानै फुल्छन्।

■ **गोल्डेन पोथोस** : मनिप्लान्टजस्तै देखिने यो सदाबहार बिरुवाका पात मुटु आकारका हुन्छन् र निकै आकर्षक देखिन्छन्। यी पात सेतो र हरियो मिश्रित रङका हुन्छन्। पोथोस हल्का घाम लाग्दा धेरै खुल्छ। यसलाई घरभित्र पानीमा वा बार्दलीमा गमलामा लगाएर हुर्काउन सकिन्छ।

■ **बोगेनभिलिया** : बोगेनभिलियाका फूल सेतो, गुलाबी, पहेँलो, रातोलगायत विविध रङका हुन्छन्। यो लहराका रूपमा बढ्छ। त्यसैले यसलाई बार्दलीको रेलिङनजिकै लगाउँदा राम्रो देखिन्छ।

■ **स्टार ज्यास्मिन** : स्टार ज्यास्मिनलाई चमेली पनि भनिन्छ। यसमा फुल्ने सेतो रङको फूल जति आकर्षक हुन्छ, उति नै बास्नादार पनि हुन्छ। यो फूल वसन्त ऋतुमा फुल्छ। यस बिरुवालाई बाल्कोनीमा घाम लाग्ने ठाउँमा हुर्काउन सकिन्छ।

■ **ब्लिडिङ हार्ट वाइन** : यो बाल्कोनीमा लगाइने एक क्रिपर प्लान्ट हो। जहाँ हरियो रङका पातहरूको माथिल्लो भागमा सेतो रङको केलिक्स हुन्छ, त्यसमाथि गहिरो रातो रङको फूल फुल्छ।

केसर र दूधको फेसप्याकले फर्काउनुस् अनुहारको चमक



केसर र दूधको फेसप्याक तयार गर्न निकै सजिलो छ। दुई चम्चा दूधमा एक चम्चा केसर मिलाएर राख्नुस्। यस प्याकलाई अनुहार र गर्दनमा लगाउनुस्। प्याक सुकाउनुस्, सुकिसकेपछि यसलाई हल्का मनतातो पानीले धोएर सफा गर्नुस्।

फाइदा

- केसर र दूधको फेसप्याकको नियमित प्रयोगले चाउरीपना कम गर्छ। यसले कोलाजिकको उत्पादन बढाउँछ, जसकारण छाला जवान र सुन्दर देखिन्छ।
- तपाईंको छाला अति सुक्खा छ भने यो फेसप्याक लगाउनु उत्तम हुन्छ। एकातर्फ केसरले रक्तसञ्चार राम्रो गराउँछ, अर्कोतर्फ दूधले मोस्चराइज गराउँछ।
- तपाईंको अनुहारमा दागधब्बा छ भने त्यसलाई यस फेसप्याकको प्रयोगले कम गर्दै लैजान्छ।
- छालालाई टाइट गर्नका लागि पनि यस प्याकको प्रयोग गर्नु राम्रो हुन्छ। केसरमा एन्टिब्याक्टेरियल गुण पाइन्छ, जसले दागधब्बालाई ठीक गर्छ।

वसन्त चौधरीको विश्व काव्ययात्रा पुनः सुरु

काठमाडौं / कवि तथा गीतकार वसन्त चौधरीले प्रणय दिवसका अवसरमा काठमाडौंको मण्डला थिएटरमा एकल कविता वाचन गरेका छन्।


'लभ इज इन दी इयर'को थिम दिइएको कार्यक्रममा चौधरीले आफ्ना प्रिय दर्शक तथा प्रशंसकलाई एक घन्टासम्म कविता, मुक्तक र गजल सुनाए। सबै रचना प्रेम, प्रेमिका र प्रेमिल सम्बन्धसँग सम्बन्धित थिए।



कवि चौधरीले आफूले कविताका माध्यमबाट एउटा छुट्टै प्रेममय संसारको रचना गर्न चाहेको बताए। 'आँसु, हाँसो, सुख-दुःखजस्ता भावनात्मक रहरबाट नै कविता जन्मिन्छ। म चाहन्छु, मेरो कविता नदीको शीतल प्रवाहसरी शान्त होस्। पहराबाट छुट्टेको छहरासरी गतिमय पनि,' उनले भने।

उनले हाल रोकिएको आफ्नो विश्व काव्ययात्राको थालनी चाँडै गरिने उद्घोषसमेत गरे। कार्यक्रममा उनका दुईवटा पुस्तक 'मेरा गीत' (गीतहरूको संग्रह) तथा 'जीवनमन्त्र-२' (सूक्तिसंग्रह)को सामूहिक लोकार्पणसमेत गरिएको थियो।

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहूँ
गण्डकी प्रदेश, नेपाल



बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०७९/११/०३)

यस भानु नगरपालिकाबाट चालू आ.व. मा तपशिलमा उल्लेखित कार्यको लागि मिति २०७९/०७/१५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली https://www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना बमोजिम रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुको मूल्यांकन समितिबाट मूल्यांकन गर्दा तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

सि. नं.	ठेक्का नं.	योजनाको नाम	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम ने.रु. (मु.अ.क. र पि.एस.समेत)
1	BHMUN/NCB/ ROAD/2079/80/03	Upgrading of Bhanu Janmasthal Marga Phase II	Tirupati-Bishnu Radha JV, Bhorletar, Lamjung, Nepal	2,41,59,735.25

प्रमुख प्रशासकीय अधिकृत

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नगरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १३२९८३/०७१/०७२ अन्तर्गत मिति २०७१/११/१९ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १ स्थित **आशिर्वाद एग्रो एण्ड फुड्स प्रा.लि.** **संचालक तथा जमानीकर्ताहरु:** **१) विष्णु कण्डेल, २) रमेश अधिकारी, ३) ओम प्रसाद पौडेल, ४) विक्रम सापकोटा, ५) केशव भट्टराई, ६) गंगा देवी सापकोटा ७) पूर्ण प्रसाद निउरे**

धितोको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १३२९८३/०७१/०७२ अन्तर्गत मिति २०७१/११/१९ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १ स्थित आशिर्वाद एग्रो एण्ड फुड्स प्रा.लि को नाममा मालपोत कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स वडा नं. २क, स्थित कित्ता नं ७१५, ५३, ५२, ३७४, ३७५ र ६७५ को क्षेत्रफल क्रमशः ०-५-९-०, ०-०-९८-०, ०-३-१७-०, ०-५-०-०, ०-१-७-० र ०-०-१०-० (विघा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) सवारीको मोडल : Hyundai Grand i10 Magna | च्यासिस नं. : MALA851CLJM878549*G | ईन्जिन नं. : G4LAJM949716 | सवारी दर्ता नं.: बा २० च ६६२
३) आशिर्वाद एग्रो एण्ड फुड्स प्रा.लि को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) विष्णु कडेल स्थायी ठेगाना : चितवन जिल्ला भरतपुर न.पा. वडा नं. ९ हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ९ बाबु : गुप्त लाल कडेल बाजे : टिकाधर कडेल	**२) रमेश अधिकारी** स्थायी ठेगाना : नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ८ बाबु : कमल प्रसाद उपाध्याय बाजे : टिकाराम उपाध्याय	**३) ओम प्रसाद पौडेल** स्थायी ठेगाना : नवलपरासी जिल्ला, अर्जुनी गा.वि.स. वडा नं. ९ हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ९ बाबु : नुवादत पौडेल पाध्य बाजे : मोती लाल पौडेल	**४) विक्रम सापकोटा** स्थायी ठेगाना :गुल्मी जिल्ला वाली गा.वि.स. वडा नं. २ हालको ठेगाना: नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ९ बाबु : भक्तिराम सापकोटा बाजे : कृष्णलाल सापकोटा
५) केशव राज भट्टराई स्थायी ठेगाना: नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. १ हालको ठेगाना: नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ९ बाबु : रिषिराम भट्टराई बाजे : रेश्मीलाल भट्टराई	**६) गंगादेवी सापकोटा** स्थायी ठेगाना : बाग्लुङ जिल्ला, दमेक गा.वि.स. वडा नं. ५ हालको ठेगाना :नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ९ बाबु : बलिभद्र सापकोटा ससुरा : गुप्त लाल कडेल पति : विष्णु कडेल	**७) पुर्ण प्रसाद निउरे** स्थायी ठेगाना : नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ८ बाबु : वलीभद्र निउरे बाजे : नरपति निउरे	**८) पुष्पराज सापकोटा** स्थायी ठेगाना : नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : नवलपरासी जिल्ला, उँडाकोट न.पा. वडा नं. १६ बाबु : ठंकराम सापकोटा बाजे : श्रीकृष्ण सापकोटा

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. ८३३/५६६७, अन्तर्गत मिति २०७०/१२/६ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ३ स्थित **हंश स्वाद सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: पुर्ण प्रसाद निउरे** स्थायी ठेगाना : नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ८ बाबु : वलीभद्र निउरे बाजे : नरपति निउरे	**शारदा न्यूरे (ढकाल)** स्थायी ठेगाना : नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. १ हालको ठेगाना : नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ८ बाबु : रत्नासर ढकाल ससुरा : वलीभद्र निउरे पति : पुर्ण प्रसाद न्यूरे

धितोको विवरण

१) सवारीको मोडल: Maruti Suzuki Baleno zeta | च्यासिस नं.: MA3EWB22SHH362661 | ईन्जिन नं.: K12MN7134224 | सवारी दर्ता नं.: बा ९८ च २८०९
२) हंश स्वाद सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीहरुको विवरण

३) नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा प्रा.फ.र.नं. १०४५/०७३/०७४, अन्तर्गत मिति २०७३/११/१२ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर उ.प.म.न.पा वडा नं. ४, **स्थित स्मार्ट ट्रेड** **प्रोप्राइटर तथा जमानीकर्ता: भरत सापकोटा**	**४) पुष्पराज सापकोटा** स्थायी ठेगाना : नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : नवलपरासी जिल्ला, उँडाकोट न.पा. वडा नं. १६ बाबु : ठंकराम सापकोटा बाजे : श्रीकृष्ण सापकोटा

धितोको विवरण

१) शालीग्राम धितालकी छोरी, ठंकराम सापकोटाकी बुहारी, पुष्पराज सापकोटाकी पत्नी, नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, उँडाकोट न.पा. वडा नं. १६ बस्ने इन्दु सापकोटा (धिताल)को नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, रजाहर गा.वि.स. वडा नं.४ स्थित कित्ता नं ६५३ को क्षेत्रफल ०-५-०-० (विगाह) जग्गा र नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. ५ मा स्थित कित्ता नं ७३२, ७३४ र ७३५ को क्षेत्रफल क्रमशः ०-५-१०-०, ०-१-८.७५, ०-१-१२.७५-० (विगाह) जग्गासो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) स्मार्ट ट्रेडको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण

जमानीकर्ताहरुको विवरण

१) पुष्पराज सापकोटा स्थायी ठेगाना : नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : नवलपरासी जिल्ला, उँडाकोट न.पा. वडा नं. १६ बाबु : ठंकराम सापकोटा बाजे : श्रीकृष्ण सापकोटा	**२) भरत सापकोटा** स्थायी ठेगाना : नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : नवलपरासी जिल्ला, उँडाकोट न.पा. वडा नं. १६ बाबु : पुष्पराज सापकोटा बाजे : ठंकराम सापकोटा	**३) इन्दु सापकोटा (धिताल)** स्थायी ठेगाना : नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : नवलपरासी जिल्ला, उँडाकोट न.पा. वडा नं. १६ बाबु : शालीग्राम धिताल ससुरा : ठंकराम सापकोटा पति : पुष्पराज सापकोटा
४) सविना सापकोटा ठेगाना: नवलपरासी जिल्ला, उँडाकोट न.पा. वडा नं. १६ बाबु: पुष्पराज सापकोटा बाजे: ठंकराम सापकोटा		**५) मनिषा लामिछाने** स्थायी ठेगाना: नवलपरासी जिल्ला, अमरापुरी गा.वि.स. वडा नं. ७ हालको ठेगाना: नवलपरासी जिल्ला, उँडाकोट न.पा. वडा नं. १६ बाबु: हेम लाल लामिछाने ससुरा: पुष्पराज सापकोटा पति: भरत सापकोटा

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

सरकारका दुःख

अनेक दुःखहरू झेल्दै अघि बढेको यो सरकारका लागि राष्ट्रपति निर्वाचन त्यो पानीढलो हो, जसले आगामी दिनमा यसले व्यहोर्ने थप सुखदुःखको निर्क्योल गर्नेछ



● प्रा. कृष्ण पोखरेल

अग्रलेख

त्रिशंकु संसद् हुँदा सरकार बनाउन जति गाह्रो हुन्छ, त्योभन्दा कता हो कता बढी गाह्रो सरकार टिकाउनु हुन्छ। अझ गठबन्धन-संस्कार नबन्दासम्म तिनको भरमा लडिने निर्वाचनले अपेक्षित परिणाम नदिने र परिणाम दिइहाले पनि स्वार्थको द्वन्द्वले ती बन्ने र भत्कने भइरहने हुँदा सरकार निर्माणको अनुमान नै धरापमा पर्ने रहेछ। यो कुरा गत १० पुसमा सरकार निर्माणमा शेरबहादुर देउवाको पूर्वप्रतिबद्धताबाट विमुखता र त्यसमा टेकेर पुष्पकमल दाहाल प्रचण्डले लगाएको अभूतपूर्व छलाङले नै पुष्टि गऱ्यो। वस्तुतः पद र क्षणिक स्वार्थलाई मात्र केन्द्रमा राखेर जब गठबन्धन बन्छ र त्यसका आधारमा सरकार बन्छ, त्यस वेला त्यो एकसाथ विपरीत दिशातर्फ तानिएको बग्गीजस्तो बन्छ। त्यसलाई प्रकारान्तरमा बेमेलहरूको मेल भन्न सकिन्छ।

बेमेलहरूको मेल : प्रधानमन्त्री प्रचण्डको नेतृत्वमा बनेको अहिलेको सरकार साँच्चै भन्ने हो भने बेमेलहरूको मेल हो। यसलाई पुष्टि गर्न सरकारमा सामेल राजनीतिक पार्टीहरूको वैचारिकीतर्फ सर्सर्ती नजर दौडाउनु नै पर्याप्त हुन्छ। एमाले र माओवादी केन्द्र दुवै संसद्मार्का पार्टीमा कम्युनिस्ट नाम समान छ, दुवै संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर पनि हुन्। तर, यतिकै आधारमा यिनीहरूमाझ वैचारिक साम्य छ भन्ठान्ने हो भने हामी गलत हुनेछौं, किनकि यीमध्ये एउटा संसद् भंग गर्न पाउनु प्रधानमन्त्रीको विशेषाधिकार मान्छ भने अर्को त्यसलाई प्रतिगामी ठान्छ। गठबन्धनको एउटा घटक राष्ट्रिय स्वतन्त्र पार्टीको संघीयताप्रतिको निष्ठामाथि नै प्रश्नचिह्न लगाउन सकिन्छ। उसले प्रदेशको निर्वाचन लड्दै लडेन। हुन त निर्वाचन नलड्नुको कारण पार्टी बन्नासाथ निर्वाचनमा हाम्फाल्नुपर्दा उम्मेदवारको अनुपलब्धता पनि होला। तैपनि, त्यस पार्टीका अध्यक्ष रवि लामिछाने स्वयंले नै पनि प्रदेशहरूको 'रेट्रोफिटिड' गर्नुपर्ने कुरा गरेका छन्। सरकारमा ढिलो सामेल भएको राष्ट्रिय प्रजातन्त्र पार्टी त घोषित रूपमै राजतन्त्रवादी, धार्मिक राज्यको हिमायती र संघीयताविरोधी नै हो। गठबन्धनमा सामेल जनता समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी स्पष्टतः संघीयताका साथै गणतन्त्रका हिमायती र पहिचान पक्षधर हुन्। यतिका बेमेलका बाबजुद यी एउटै गठबन्धनमा छन् र धेरै त सरकारमा समेत सामेल छन्। अनि यसलाई बेमेलहरूको मेल नभने के भन्ने ?

मेलको 'ग्लु' : तर प्रश्न उठ्छ, यति आधारभूत बेमेलहरूका बाबजुद यिनीहरूमाझ कुन 'ग्लु'ले मेल गराएको छ ? वस्तुतः त्यो 'ग्लु' त कुर्सी र त्यसबाट प्राप्त हुने शक्ति नै हो। यिनीहरूप्रति एकदम सकारात्मक भएर भन्ने हो भने यिनले त्यो शक्तिलाई जनहितमा नै प्रयोग गर्नेछन् भन्ने मान्दा हुन्छ। तर, तथ्य र घटनाक्रमले यसको पुष्टि गर्दैनन्। किनकि यदि त्यसो हुँदो हो त मन्त्रालय बाँडफाँडका विषयमा किन यतिविधि हानाथाप हुन्थ्यो ? जनहितमा काम गर्न जुन मन्त्रालय भए पनि के फरक पर्छ ? जनहितमा राम्रा-राम्रा नीति बनाउन मन्त्रालयको जुन कुर्सी पनि उत्तिकै उपयोगी हुन्छ, होइन र ? नागरिक उन्मुक्ति पार्टी सरकारमा सामेल नहुनुको कारण त प्रस्ट छ। ऊ आफ्ना नेता रेशम चौधरी रिहा नभई सरकारमा सामेल हुन तयार छैन। तर, जनमत पार्टीका मन्त्रीले लामो समयसम्म आफूले पाएको मन्त्रालयप्रति असन्तुष्ट भएर बाहिरै बस्नु र जनता समाजवादी पार्टी मन्त्रालयकै अनुहार हेरेर सरकारमा सामेल नै नहुनुको कारण रोजेको कुर्सी नपाउनुबाहेक अरू के हो ?: यतिवेला यो गठबन्धनमा आबद्ध राजनीतिक पार्टीहरूले जारी गरेको नेपाल सरकारका नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम पनि यिनलाई एक ठाउँ जोडेर राख्ने 'ग्लु' हो भन्ने मान्न सकिएला। तर, हेर्नु के छ भने यी पार्टीहरू आफ्नो यही कार्यक्रमिक वाचाप्रति कति खरो साबित होलान् ?

हल्का चिरा : प्रचण्ड नेतृत्वको यो सरकारले आफ्नो स्वाभाविक गति लिनुअगावै हल्का चिरा पर्न थालेको देखिन्छ। नागरिकता विवादमा सर्वोच्च अदालतको फैसलाबाट पदच्यूत हुन पुगेका रवि लामिछानेले पुनः नागरिकता लिनासाथ हाताहाती सांसद नै नभई पुरानै पद नपाएका कारण आवेगवश उनको पार्टीले सरकार छाडेर यो गठबन्धनलाई झड्का नै दियो। नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिममा गठन भएको एमाले नेतृत्वको गठबन्धन सरकारलाई विश्वासको मत नदिएका कारण एक महिनामै त्यो सरकार ढाल्यो र त्यसको स्थानमा प्रतिपक्षी काङ्ग्रेसको नेतृत्वमा सरकार बन्यो। कतिपय विश्लेषकले यो परिघटनालाई गठबन्धनमा चिरा मात्र होइन, 'वर्तमान सरकार अन्त्यको प्रारम्भ'सम्म भनेका छन्।



प्रणालीगत बेमेल : यो गठबन्धन सरकारसामु मुख्य चुनौती प्रणालीगत छ र त्योचाहिँ उच्चस्तरीय राजनीतिक संयन्त्रका अध्यक्ष केपी ओलीको 'बी टिम'का रूपमा गठबन्धन सरकारमा सामेल भएको राप्रपाबाट देखिन्छ। यस पार्टीका कतिपय सांसदले सदनमा वर्तमान संविधानले अंगीकार गरेका संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताजस्ता आधारभूत मान्यताविरुद्ध खुलेआम अभिव्यक्ति दिन थाले। यो कुरा त्यहीँ थामिएन। यस पार्टीका सरकारमा सामेल कतिपय मन्त्रीले समेत यस्तै विवादित अभिव्यक्ति दिन थाले। र स्थिति काबुबाहिर नगइहालोस् भनेर स्वयं प्रधानमन्त्रीले नै राष्ट्रिय सभामा त्यस्ता मन्त्रीलाई स्पष्टीकरण सोध्ने वाचा गर्नुपऱ्यो। यो बेग्लै विषय हो कि त्यस्तो स्पष्टीकरण अहिलेसम्म सोधिएको जानकारी सार्वजनिक भएको छैन। यसैलाई मैले प्रणालीगत बेमेल भनेको हुँ। यतिबेलाको यो परिस्थिति हिजो निर्दलीय राष्ट्रिय पञ्चायतमा पद्मरत्न तुलाधरले बहुदलको माग गरेको विषयजस्तो देखिन्छ।

> गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताका कट्टर पक्षधरदेखि यिनका कट्टर विरोधीसम्म समावेश भएकाले प्रधानमन्त्री प्रचण्डको नेतृत्वमा बनेको अहिलेको सरकार बेमेलहरूको मेल हो। त्यसैले, यो सरकार बनाउनभन्दा टिकाउनमा बढ्ता दुःख छ।

पूर्ण वाक्-स्वतन्त्रता : निःसन्देह, वर्तमान संविधानले सांसदलाई दुवै सदनमा पूर्ण वाक्-स्वतन्त्रता दिएको छ (धारा १०३.१)। त्यति मात्र नाइँ, त्यहाँ बोलेको कुरा वा दिएको मतका आधारमा सदस्यलाई पक्रन, थुनामा राख्न वा अदालतमा कारबाही चलाइनेछैन भन्ने पनि ग्यारेन्टी छ। हुन त यो स्वतन्त्रता यो संविधानको अधीनमा रहेर बोलिने कुरासम्म मात्र सीमित छ। तथापि एक छिनका लागि यो विवादलाई यहीँ थाती राखौं र मन्त्रीहरूतर्फ बहस मोडौं।

सामूहिक उत्तरदायित्व : संसारभरि नै संसदीय व्यवस्थाको मन्त्रिमण्डल सामूहिक उत्तरदायित्व र व्यक्तिगत जिम्मेवारीको सिद्धान्तमा चलेको हुन्छ। र, त्यसको मियो प्रधानमन्त्री हुन्छ। हाम्रै संविधानले पनि यही सिद्धान्तलाई आत्मसात् गरेको छ (धारा ७६.१०)। अतः राप्रपाले संविधानविरोधी अभिव्यक्ति दिएर सरकारमा बस्नु यही सिद्धान्तको बर्खिलाफ हो। यो आफैंले स्वीकृत गरेको सरकारको न्यूनतम साझा कार्यक्रमको पनि बर्खिलाफ हो। किनकि त्यस कार्यक्रमको एउटा बुँदामा संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण गर्ने संकल्प गरिएको छ। आफ्नै संकल्पबाट विमुख भएर संघीयता वा गणतन्त्रविरुद्ध अभिव्यक्ति दिनु कानुनको कुरै छाडौं, राजनीतिक नैतिकताको समेत खिलाफ हो।

हो, यसैसँग संसद्मा वाक्-स्वतन्त्रताको सीमा जोडिएको छ। संसद्मा प्रतिपक्षी सांसदले जति खुलेर सरकार र त्यसका नीतिविरुद्ध बोल्छन्, त्यसैगरी सत्तारुढ सांसदले बोल्न सक्दैनन् वा बोल्न मिल्दैन। सरकारले आत्मसात् गरेका नीति वा कार्यक्रमविरुद्ध बोल्नु भनेको ह्विप आकर्षित हुने विषय हो।

छैन आधारभूत संरचना : यो संविधानले २०४७ सालको संविधानले झैं संविधानका आधारभूत संरचनाको व्यवस्था गरेको छैन। त्यसैले, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताबाहेक यो संविधानमा गरिएका अन्य जुनसुकै व्यवस्था संसद्को दुईतिहाइ बहुमतबाट संशोधन हुन सक्छन् (धारा २७४.१)। यसको अर्थ यो संविधानले अंगीकार गरेका गणतन्त्र, संघीयता, धर्मनिरेक्षता, समाजवाद असंशोधनीय छैनन्। यस्तो प्रावधान किन राखियो, संविधान निर्माताहरू नै जानून्। तर, मलाई लाग्छ, यो त्यो 'राजनीतिक खेलको नियम' हो, जसले त्यतिवेला यो संविधानमा गरिएका ठुल्ठूला मान्यता परिवर्तनप्रति आस्था नहुनेहरूलाई समेत कुनै वेला आफ्नो पक्षमा दुईतिहाइ मत पुऱ्याउन सकियो भने फेर्न सक्छु भनेर पक्षमा उभ्याएको होला।

बुझ्नुपर्ने विषय : यो संविधानले बोकेका संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता वा अन्य कुनै मान्यताप्रति विमति राख्ने अधिकार जुनसुकै पार्टी वा नागरिकलाई छ। पार्टीको हकमा भन्ने हो भने त्यसले निर्वाचनमा मत माग्दा यिनका विरुद्धमा उभिएर मत माग्न मिल्छ। संसद्मा उभिएर यिनका विरुद्ध विचार व्यक्त गर्न पनि मिल्छ। पञ्चायती व्यवस्था फर्काउँछु भन्न मात्र होइन, राणाशासन फर्काउँछु भन्न पनि पाइन्छ। जनताले दुईतिहाइ बहुमत दिए ल्याउन पनि पाइन्छ। तर याद रहोस्, त्यो हुकुमी शासन हुनेछैन, त्यो जनतामा निहित सार्वभौमसत्ताको अधीनमा हुनेछ। अर्थात् तिनले कुनै पञ्जापत्रबाट त्यो हुकुम पाउने होइन, जनताको अभिमतबाट पाउने हो। जर्मनीमा नवनाजी पार्टी वा इटलीमा नवफासिस्ट पार्टी छन् भने यहाँ नवपञ्चायती पार्टी हुनु कुन अनौठो हो र ?

तर, यसरी प्रणालीगत विमति राख्ने र पुरानै खानपान फर्काउन चाहने पार्टी सरकारमा बस्न मिल्दैन। बस्ने हो भने त्यसका मन्त्री र सांसदले संसदीय व्यवस्थाको न्यूनतम 'डिकोरम' मान्नुपर्छ। यिनै दुःखहरू झेल्दै अघि बढेको यो सरकारका लागि राष्ट्रपति निर्वाचन त्यो पानीढलो हो, जसले आगामी दिनमा यसले व्यहोर्ने थप सुखदुःखको निर्क्योल गर्नेछ।

@cris_pokharel

३ प्रश्न

ट्रान्सपरेन्सी इन्टरनेसनल, नेपालका महासचिव **मदनकृष्ण शर्मा**लाई



स्रोत नखुलेको सम्पत्तिलाई वैध बनाउन सरकारले ऐन संशोधन गर्न खोज्नुलाई के भन्नुहुन्छ ?

यो सब भ्रष्टाचार र लुटलाई वैधता दिने प्रपञ्च हो। यसका लागि सरकार र सम्बद्ध संस्थाहरू कस्सिएर लागिपरेका छन्। कसैको पनि वैध कमाइसँग मेल नखाने रकम स्वतः भ्रष्टाचार हो। यस्तो भ्रष्टाचार नियन्त्रण तथा रोकथाम गर्न सरकारसँग पर्याप्त स्रोत, साधन र संस्थाहरू छन्। तैपनि, सरकार ऐन संशोधन गरेर थोरै कर तिरेको भरमा अवैध कमाइलाई वैध बनाउन खोजिरहेको छ। यसरी कर तिर्दैमा अवैध कमाइ वैध हुन सक्दैन।

यसले भ्रष्टाचारलाई प्रोत्साहन गर्ने खतरा छ कि छैन ?

यस्तो ऐन ल्याउन खोज्नुको अभीष्ट नै त्यही हो। यसको पक्षमा बोल्नेहरूले कर तिराएर केही रकमलाई नियमित प्रक्रियामा ल्याइयो पनि भन्लान्। तर, यसो भन्नु सरकारको लाचारीसिवाय केही होइन। गलत काम गरेर र राज्यलाई तिर्नुपर्ने कर नतिरेर कमाएको सम्पत्तिलाई कानुन बनाएर वैध गराउन अन्तर्राष्ट्रिय ऐन र प्रचलनले पनि अनुमति दिँदैन।

अवैध आयलाई वैध बनाउन यस्तो छिद्र किन खोजिएको होला ?

यस्तो छिद्र सीमित व्यक्ति र संस्थाको हितमा उनीहरूकै चाहनामा ल्याउन लागिएको हुन सक्छ। राजनीतिक नेतृत्वले आफू, आफ्ना आसेपासे र निकट ठेकेदारहरूलाई पोस्न, उनीहरूले गरेका अवैध कमाइलाई वैधता दिन र देश र जनतालाई थप लुट्न योजनाबद्ध रूपमा यस्तो ऐन ल्याउन लागेकामा खासै शंका गरिरहनुपर्दैन।

प्रेरक प्रसंग

महात्माको बिरालो

एक महात्मा आफ्ना केही शिष्यहरूका साथ जंगलमा आश्रम बनाएर बस्थे। एक दिन कतैबाट एउटा बिरालोको बच्चो बाटो भुलेर आश्रममा आइपुग्यो। त्यो भोको बच्चालाई महात्माले दूध खुवाएर आश्रममै बस्ने व्यवस्था मिलाइदिए। बिरालोको बच्चो आश्रममै बस्न थाल्यो। केही दिनमै ऊ महात्माको प्यारो बन्न पुग्यो।

तर, केही समयपछि नै त्यो बच्चो महात्माका लागि एउटा समस्या बन्न पुग्यो। साँझ र बिहानको समयमा महात्मा ध्यानमा बस्दा त्यो बिरालोको बच्चो कहिले उनको काखमा आएर बस्थ्यो। कहिले काँधमा चढ्थ्यो। कहिले शिरमै चढ्थ्यो। ध्यानको समयमा हैरान भएपछि महात्माले आफ्ना एक शिष्यलाई बोलाएर भने- म जब बिहान, बेलुका ध्यानमा बस्छु, त्यसभन्दा अगाडि नै यो बिरालोको बच्चालाई आश्रमको चौरको कुनामा रहेको रुखमा बाँधिदिनू र मेरो ध्यान सकिएपछि मात्र खोलिदिनू।



शिष्यले महात्माको आदेश पालना गरे। हरेक साँझ र बिहान बिरालोको बच्चो बाँधिन थाल्यो। महात्माको ध्यान निर्बिघ्न चल्न थाल्यो। बिस्तारै यो एक परम्परा नै बन्यो। एक दिन महात्माको निधन भयो। उनैका एक होनहार शिष्य उनको आसनमा विराजमान भए। उनको पनि साँझबिहानको ध्यानपूर्व बिरालो बाँध्ने चलन यथावत् थियो। ध्यान निर्बिघ्न चलिरहेको थियो।

यस्तैमा एक दिन अकस्मात् बिरालोको मृत्यु भयो। अब भने आश्रममा बडो समस्या उत्पन्न भयो। ध्यानपूर्व बिरालो बाँध्ने परम्परा धान्न कहाँबाट बिरालो ल्याउने ? बिरालो पाइएन भने कतै ध्यानको परम्परा नै भंग हुने त होइन ? नयाँ गुरु र शिष्य बडो असमञ्जसमा परे। उनीहरूले गाउँ-गाउँ डुलेर बिरालो खोजी गरे। अन्ततः छिमेकी गाउँमा एउटा बिरालोको बच्चो भेटियो। उनीहरूले आश्रममा ल्याएर गुरुको ध्यानपूर्व त्यसलाई बाँधेर 'परम्परा'लाई निरन्तरता दिए।

महात्माले बिरालो किन बाँध्न लगाएका थिए भन्ने ज्ञान नभएका शिष्यले बिरालो खोजेर परम्परालाई निरन्तरता दिएजस्तै हामी पनि कतै परम्पराको नाममा बिरालो खोजिरहेका त छैनौं ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

त्रिविको गम्भीर लापरबाही

'एक वर्षमा सकिनुपर्ने कोर्सलाई त्रिविमा झन्डै दुई वर्ष' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। देशकै जेठो विश्वविद्यालयको यो अवस्था हुनु देशकै लागि लज्जाको विषय हो। विश्वविद्यालयमा राजनीतिक कार्यकर्तालाई भर्ती गर्नुको दुष्परिणाम हो यो। उनीहरूको राजनीतिक दाउपेचमा विद्यार्थी परिरहेका छन्। वर्ष दिनमा सकिनुपर्ने पठनपाठन झन्डै दुई वर्ष लम्बिनु भनेको विद्यार्थीको भविष्यमाथि नै गम्भीर खेलबाड हो। त्रिविका पदाधिकारी गैरजिम्मेवार बन्दा एउटा वार्षिक क्यालेन्डर तयार गरी त्यसलाई कार्यान्वयन गर्नसमेत सकिएको छैन। योभन्दा लाजमर्दो विषय अर्को के हुन सक्ला र ?

● **भावना मरासिनी**, हरिहरभवन, ललितपुर

लुटपाटमा संलग्नलाई कारबाही गर

यातायात मजदुरको आन्दोलनको आडमा बसपार्कस्थित मोबाइल पसलमा लुटपाट भएको समाचार पढियो। साथै, सामाजिक सञ्जालहरूमा यस्तो आपराधिक कार्यमा संलग्न हुनेहरूको भिडियो पनि देखियो। भिडियोमा मोबाइल लुटपाटमा संलग्न लुटेराहरूको अनुहार र उनीहरूले लुटेका मोबाइलसमेत देखिन्छन्। त्यसैले, अब प्रहरीले त्यस्ता लुटेराहरूको खोजी गरी तत्काल कारबाहीको दायरामा ल्याउन सक्नुपर्छ। कुनै पनि बहानामा यस्ता लुटपाटमा संलग्नले उन्मुक्ति पाउनु हुँदैन। तिनले अपराधअनुसार सजाय पाउनैपर्छ।

● **अभिषेक निरौला**,
सामाखुसी, काठमाडौं

एम्बुलेन्स तोडफोड गम्भीर अपराध

सोमबार बालाजु क्षेत्रमा गरिएको यातायात मजदुरको विरोध प्रदर्शनमा एम्बुलेन्समा समेत तोडफोड गरिनु गम्भीर अराजकता हो। साथै, प्रदर्शनका नाममा एम्बुलेन्स तोडफोड गर्नेले चालकको मोबाइलसमेत लुटेर लगेको समाचारले उनीहरूको उद्देश्य विरोध प्रदर्शन गर्नु नभई लुटपाट मच्चाउनु र आतंक फैलाउनु रहेको बुझिन्छ। एम्बुलेन्सजस्तो मानवीय सेवामा प्रयोग हुने सवारीसाधनमाथि तोडफोड गरिनु आन्दोलन होइन, गम्भीर अपराध हो। यस्ता अपराधमा संलग्नमाथि कडा कारबाही गरियोस्।

● **सरु चन्द**
माछापोखरी, काठमाडौं

धार्मिकस्थलमा अतिक्रमण रोकियोस्

प्राचीन पवित्र धार्मिक स्थल गौरीघाट क्षेत्रमा विगत केही दिनदेखि विभिन्न व्यक्ति तथा समूहका नाममा हुलहुज्जत र जबर्जस्ती गरी श्रद्धालु भक्तजनलाई भ्रमित र आतंकित पार्ने क्रम बढ्दै गएको छ। केही व्यक्तिले गौरीघाट मन्दिरको दक्षिणतर्फ रहेको हनुमानस्थानको पूर्वतर्फको भकारीमा रहेको ढुंगेधारामुन्तिर वासुकी नाग उत्पन्न भएको, आफूले नागको दर्शन गरेको, सो स्थानमा नागपूजा गर्दा चिताएको पुग्ने, गौरीको वास्तविक मूर्ति यही हो, हालको गौरीको मूर्ति पछि बनाइएको हो भन्ने गलत प्रचार गर्दै, भित्तामा जथाभावी लेख्ने, पर्चा टाँस्ने, पटक-पटक जबर्जस्ती नागको मूर्ति स्थापना गर्न खोजेर धार्मिक क्षेत्रमा कब्जा जमाउने प्रयास गर्दै आएका छन्। यति मात्र होइन, उनीहरूलाई सो कार्य नगर्न अनुरोध गर्दा गौरी र हनुमान दर्शन गर्न आउने दर्शनार्थी तथा गौरीका पुजारीलाई हप्काईदप्की गर्दै आएका छन्। साथै, बागमतीमा नुहाउन जाने र श्राद्ध तथा अन्य धार्मिक कार्य, पूजा गर्ने श्रद्धालुलाई पनि ती कार्य गर्न नदिने, पूजा सामग्री फालिदिने गरेकाले सबैमा असुरक्षा महसुस भइरहेको छ।

त्यहाँ हनुमान मन्दिरअगाडि नागको मूर्ति प्राचीनकालदेखि नै रहेको र पूजाआजासमेत भइरहेकै अवस्थामा सम्बन्धित निकायको स्वीकृतिबेगर नागको नयाँ मूर्ति राख्न खोज्नु आश्चर्यजनक छ। पुराणमा वर्णित पार्वतीले तपस्या गरेको पवित्र तीर्थस्थल गौरीघाटमा यस्तो अराजक गतिविधि बढिरहने हो भने यस धार्मिकस्थलप्रतिको जनआस्था घट्दै जाने निश्चित छ। तसर्थ, यस्ता अराजक क्रियाकलापलाई अविलम्ब रोक लगाई धार्मिक स्थलमा निर्बाध रूपमा परम्परागत धार्मिक कार्य गर्न सहज वातावरण बनाइदिनुभई मन्दिर परिसरमा उचित सुरक्षाको व्यवस्थासमेत मिलाइदिनुहुन सबै सम्बन्धित निकायमा अनुरोध गर्दछु।

● **अञ्जनकुमार आचार्य**, पुजारी, गौरीघाट मन्दिर
गौरीघाट, पशुपतिक्षेत्र

देश/विदेश

भारतको प्रेस स्वतन्त्रता पतनको बाटोमा

मोदी सत्तामा आएयता सरकारले नचाहेको विषयलाई समाचार बनाउन पत्रकारले आफ्नो जीवन एवं व्यवसायलाई नै पटक-पटक जोखिममा पार्दै आएका छन्


स्वतन्त्र सञ्चारमाध्यमलाई धम्काउनु, समाचारमा सेन्सर (नियमन) गर्न बाध्य बनाउनु, दमन गर्नु वा अपराधीकरण गरेर दण्डित गर्नु लोकरिझ्याइँवादी एवं अधिनायकवादी शासकको एक खतरनाक साझा प्रवृत्ति हो। यस कोटीमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि पर्छन् र मिडिया दमनका उनका गतिविधिले 'विश्वकै सबैभन्दा ठूलो लोकतन्त्र'को उपाधि पाएको भारतको प्रतिष्ठा दिनानुदिन गिर्दो छ। सन् २०१४ मा मोदी सत्तामा आएयता सरकारले नचाहेका विषयलाई समाचार बनाउन पत्रकारले आफ्नो जीवन एवं व्यवसायलाई नै पटक-पटक जोखिममा पार्दै आएका छन्।

पत्रकार हत्याका घटनाबारे अध्ययन गर्ने संस्था कमिटी टु प्रोटेक्ट जर्नलिस्ट (सिपिजे) का अनुसार 'विश्व दण्डहीनता सूचकांक'मा भारत ११औं स्थानमा छ। रिपोर्टर्स विदाउट बोर्डर्सको सन् २०२२ को वार्षिक प्रेस स्वतन्त्रता सूचकांकमा भारत कुल एक सय ८० स्थानमा एक सय ५०औं स्थानको तल्लो खुड्किलामा छ। नतिजा सेल्फ-सेन्सरसिप (स्वनियमन) फैलिँदो छ, जहाँ समाचारमा सरकारले प्रोत्साहन गरिरहेको हिन्दू राष्ट्रवाद प्रतिबिम्बित भएको देख्न सकिन्छ।

गत महिना आलोचनात्मक रिपोर्टिङमा आधारित बिबिसी वृत्तचित्र 'द मोदी क्वेस्चन'को प्रसारण रोक्नका लागि सरकारले संकटकालीन कानुनको समेत प्रयोग गऱ्यो। वृत्तचित्रले एक हजारभन्दा बढी विशेषतः मुसलमानको कत्लेआम गराएको सन् २००२ को भारत गुजरात हिंसामा मोदीको संलग्नताबारेमा गम्भीर सवाल उठाएको थियो। गुजरात हिंसाबारे धेरै विवरण पहिले नै बाहिर आइसकेका थिए, तर बिबिसी वृत्तचित्रले सन् २००२ को बेलायती सरकारको प्रतिवेदनलाई उजागर गरेको थियो, जसले गुजरातका तत्कालीन मुख्यमन्त्री नरेन्द्र मोदीलाई हिंसा भड्काउन 'प्रत्यक्ष जिम्मेवार' ठहऱ्याएको थियो। प्रतिवेदनले मुसलमानमाथि हातपात, बलात्कार र हत्या भइरहँदा तत्कालीन राज्य सरकारले प्रहरीलाई टाढा रहन दबाब दिएको जनाएको थियो। मोदीले हिंसामा आफ्नो संलग्नता अस्वीकार गर्दै आएका छन् र सन् २०१२ मा भारतको सर्वोच्च अदालतले पर्याप्त प्रमाणको कमीका कारण उनलाई सफाइ दिएको थियो।

सन् २०१९ मा भारतीय जनता पार्टीका लागि विशाल बहुमत ल्याएर मोदी पुनः विजयी भएका थिए र उनी अझै पनि भारतमा अविश्वसनीय रूपमा लोकप्रिय छन्। तर, हिंसा भएको दुई दशक बितिसक्दा पनि उनले हिंसामा आफ्नो भूमिकाबारे उठ्ने प्रश्नलाई छल्न सकेका छैनन् र सरकारले उनको हिन्दू राष्ट्रवादको संकथनलाई दबाउँदै आएको छ। र, हालैको ह्युमन राइट्स वाचको प्रतिवेदनले 'भाजपाको हिन्दू प्रधानताको विचारधारा न्याय प्रणालीदेखि मिडियासम्ममा पसेको छ, जसले पार्टी कार्यकर्तालाई दण्डहीनतासाथ धार्मिक अल्पसंख्यक विशेषतः मुसलमानमाथि हिंसा गर्न प्रोत्साहन गरेको छ' भनिएको छ।

बिबिसीको दुई भागको वृत्तचित्रले यो हिन्दू राष्ट्रवादलाई चुनौती दिएको थियो। उसो त यो वृत्तचित्रलाई भारतमा प्रसारण गर्ने बिबिसीको कुनै मनसाय थिएन, तर वृत्तचित्रका महत्त्वपूर्ण हिस्सा एकाएक सामाजिक सञ्जालमा भाइरल भएका थिए। सरकारले वृत्तचित्रलाई लिएर कडा प्रतिक्रिया जनाएको छ। भारतको सूचना एवं प्रसारण मन्त्रालयले वृत्तचित्रलाई 'औपनिवेशिक मानसिकता'ले ग्रसित 'द्वेषपूर्ण प्रोपगन्डा र भारतविरोधी कुँडाकर्कट' भन्दै वृत्तचित्रसँग सम्बन्धित भिडियो वा लिंकमा प्रतिबन्ध लगाएको थियो। मन्त्रालयले ट्विटर र युट्युबले पनि प्रतिबन्धको आदेशको पालना गरेको उल्लेख गरेको थियो। बिबिसीले भने वृत्तचित्रलाई 'उच्च सम्पादकीय मापदण्डअनुसार कडाइसाथ अनुसन्धान गरेर प्रसारण गरिएको बताएको छ। वृत्तचित्रको छोटो क्लिपको प्रसारणसमेत रोकिँदा जनचासो बढ्नु अपेक्षित नै हो। नतिजा विद्यार्थी र विपक्षी समूहले वृत्तचित्र जसरी भए पनि हेर्ने योजना बनाउन थाले र सरकार यी योजना विफल बनाउनतर्फ लाग्यो। मानवअधिकार संगठनले भारतीय विपक्षी सांसदले भन्ने गरेको 'आक्रामक सेन्सरसिप'को विरोध गरेका छन्। नयाँदिल्लीको



तस्बिर : रेबेका च्यू/न्युयोर्क टाइम्स

जवाहरलाल नेहरू विश्वविद्यालयका विद्यार्थीले विद्युत् र इन्टरनेट कटौतीका बाबजुद आफ्नो स्मार्टफोनमा वृत्तचित्र हेरेका थिए।

मोदीका लागि देखिएको सम्भावित अप्ठ्यारो अर्थात् वृत्तचित्र अब प्रेस स्वतन्त्रताको पेचिलो र विश्वव्यापी प्रेस स्वतन्त्रता परीक्षणको मामिला बनेको छ। अमेरिका र युरोपका नेताले मोदीलाई ठूलै मान दिएका छन् किनभने यी नेता रुससँगको द्वन्द्वमा भारतले युक्रेनलाई समर्थन गरोस् (मोदी यस मामिलामा द्विविधाग्रस्त छन्) अथवा भारतलाई समर्थन गरेर चीनको बढ्दो आर्थिक शक्तिलाई चुनौती दिन सहज होस् भन्ने चाहन्छन्। चीनको आर्थिक प्रभुत्वलाई चुनौती दिने यस कडीमा एप्पलको घोषणालाई उदाहरणका रूपमा लिन सकिन्छ, जहाँ कम्पनीले आइफोन १४ भारतमा उत्पादन गर्ने बताएको छ।

बेलायती सरकारले बिबिसीको स्वतन्त्रतामा जोड दिएको छ, तर वृत्तचित्रमा प्रतिबन्ध लगाउने निर्णयको आलोचना भने गरेको छैन। बेलायती प्रधानमन्त्री ऋषि सुनकले विपक्षी सांसदले वृत्तचित्र र मुसलमानविरोधी हिंसामा मोदीको भूमिकाबारे प्रश्न उठाएपछि 'माननीय सांसदले (मोदीका बारेमा) प्रस्तुत गरेको चरित्रचित्रणमा म पूर्ण सहमत छु वा छैनँ भन्नेमा निश्चित छैन' भन्दै प्रतिक्रिया जनाएका थिए। आगामी सेप्टेम्बरमा नयाँदिल्लीले जी-२० सम्मेलनको आयोजना गरिरहेको छ र रोयटर्सका अनुसार ह्वाइट हाउसले यो वर्षको अन्त्यमा मोदीको सम्भावित राजकीय भ्रमणबारे भारतसँग वार्ता गरिरहेको छ।

चीन र रुसले विश्वशक्ति सन्तुलन परिवर्तन गर्न खोज्दा भारत एक महत्त्वपूर्ण शक्ति हो। भारतको महत्त्वपूर्ण भूमिका पनि छ भन्ने प्रस्ट छ। यद्यपि मोदीसँगको सम्भावित अन्तर्क्रियामा अमेरिकी र युरोपेली नेताले भारतले स्वतन्त्र र जीवन्त प्रेससहितको लोकतन्त्रले मात्र आफ्नो विश्वव्यापी भूमिका निर्वाह गर्न सक्छ भन्ने बुझ्नुपर्छ। लोकरिझ्याइँवादी नेताले फरक मतलाई दबाउन संकटकालीन कानुन लागू गर्दा लोकतन्त्र नै धरापमा पर्छ र मोदीकै पार्टी यसको भुक्तभोगी हो अर्थात् भाजपाले सन् १९७५ देखि १९७७ को संकटकालका वेला दमन व्यहोरेको र आफ्ना कैयौं नेता जेलमा जाकिएको देखेको थियो।

(न्युयोर्क टाइम्सको सम्पादकीय बोर्डद्वारा २९ माघमा प्रकाशित)
न्युयोर्क टाइम्सबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इतिहास अपव्याख्याको पासो

रुसी आक्रमणविरुद्ध देशको रक्षाका खातिर युद्धमैदानमा खडा हुन जेलेन्स्की र उनका सहजात युक्रेनीहरूलाई अभिप्रेरित गरेको विचारधारालाई पुटिन नाजी विचारधारा भन्दै छन्



● इयान बुरुमा

(बुरुमा मर्डर 'इन आर्म्सटर्डम : द डेथ अफ दियो भ्यान गोघ एन्ड द लिमिट्स अफ टोलरेन्स', 'इअर जेरो : ए हिस्ट्री अफ १९४५', 'ए टोकियो रोमान्स : ए मेमोइर'लगायत पुस्तकका लेखक हुन् ।)



यसअघि स्टालिनग्राड भनेर चिनिने भोल्गोग्राडमा हालैमा बोल्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथिको आक्रमणको औचित्य पुष्टि गर्न द्वितीय विश्वयुद्धको त्रासदीलाई उच्चारण गरे । र, द्वितीय विश्वयुद्धमा बेलायत र अमेरिका सोभियत संघका सहयोगी रहेको कुरा उल्लेखै नगरी उनले हाकाहाकी भने, 'हामीले पश्चिमाको सामूहिक हमलालाई बारम्बार प्रतिकार गर्नुपर्छ ।' उनले थपे, 'रुसलाई जर्मन ट्यांकहरूद्वारा धम्काइँदै छ । आधुनिक स्वरूपको नाजीवादी विचारधाराविरुद्ध उभिन हामीलाई बाध्य पारिँदै छ ।'

अवश्य पनि यो इतिहासको विकृत एवं दुर्नियतपूर्ण अपव्याख्या हो । यो निन्दनीय अपव्याख्या उनले त्यो स्थानमा उभिएर दिए, जुन स्थानमा दोस्रो विश्वयुद्धको सबैभन्दा घातक लडाइँमा सोभियत संघ र जर्मनीका एक लाखभन्दा बढी सैनिक मारिएका थिए । अहिले रुसले आफ्नो रक्षा गरिरहेको छैन, उसले अर्को एक सार्वभौम देशमाथि आक्रमण गरेको छ, जहाँका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की आमसंहारको समयमा आफन्त गुमाएका एक यहुदीका सन्तान हुन् । रुसी आक्रमणविरुद्ध देशको रक्षाका खातिर युद्ध मैदानमा खडा हुन जेलेन्स्की र उनका सहजात युक्रेनीहरूलाई अभिप्रेरित गर्ने विचारधारालाई पुटिन नाजी विचारधारा भन्दै छन् र उनको यो मापदण्डअनुसार स्वाधीनता रक्षाको मान्यता पनि निन्दनीय छ ।

जर्मन ट्यांकहरूबाट रुसमाथि कथित खतरा उत्पन्न भएको भन्ने सम्बन्धमा, जर्मन चान्सलर ओलाफ स्कोल्जले युक्रेनमा १४ लियोपार्ड दुई ट्यांकहरू पठाउने निर्णय गर्न निकै लामो समयसम्म हिचकिचाए । किनभने स्कोल्ज आफ् नो देशलाई सैन्य नेताको रूपमा हेर्न चाहँदैनथे । अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनलाई एम १ अब्राहम्स ट्यांकहरू उपलब्ध गराउन अनिच्छुकतापूर्वक सहमत भएपछि मात्रै स्कोल्ज यो निर्णयमा पुगेका थिए ।

पुटिनले जस्तै जर्मन नेताहरूले पनि अक्सर द्वितीय विश्वयुद्धको कुरा उठाउने गर्छन् । कहिलेकाहीं त उनीहरूका कुरा सुन्दा वाक्क नै पनि लाग्छ । तर, उनीहरूले त्यस युद्धबारे निकाल्ने निष्कर्ष पुटिनको अन्धो सैन्यवादविपरीत हुने गर्छ । भोल्गोग्राडमा पुटिनले भाषण दिनु एक साताअघि स्कोल्जले जर्मनीको संसद्मा बर्सेनि आयोजना हुने आमसंहारको सम्झना कार्यक्रमको मञ्चलाई लाखौं यहुदीको हत्याप्रति जर्मनीको ऐतिहासिक जिम्मेवारीमाथि जोड दिने अवसरको रूपमा उपयोग गरेका थिए ।

आमसंहारको जिम्मेवारी स्वीकार गर्दै स्कोल्जले यस्तो अपराध कहिल्यै नदोहोरिने सुनिश्चितता गर्न आवश्यक भएको टिप्पणी गरेका थिए । बुन्डेसट्याग (जर्मनीको संघीय राष्ट्रिय संसद्)का अध्यक्ष बार्बेल बासले उक्त स्मरण सत्रको उद्घाटन गर्दै छलफलको सुरुवात गरे र जर्मनीमा पछिल्लो समय यहुदीविरोधी भावनामा वृद्धि भइरहेको कुरा प्रकाश पार्दै आमसंहारको गम्भीरतालाई हल्कारूपमा लिनेहरूलाई 'देशको धब्बा' भने ।

इतिहासबाट गलत पाठ सिकेको तर्क गर्दै केहीले युक्रेनलाई सहयोग गर्नेतर्फ पर्याप्त सक्रिय भूमिका खेल्न अनिच्छुकता देखाएकामा स्कोल्जको आलोचना गर्छन् । उनीहरूका अनुसार सैन्य आक्रामकताप्रति उनको वितृष्णाले उनको पुस्ताका जर्मन नेताहरूलाई आकार दिएको युद्धपछिको शान्तिवादलाई प्रतिबिम्बित गर्छ । यसैगरी, रुसी ग्यासमा निर्भर हुने जर्मनीको दशकौं पुरानो निर्णयलाई पनि युद्धविरुद्ध व्यापार र आपसी निर्भरतालाई ढालका रूपमा प्रयोग गर्न प्रयासका रूपमा हेर्न सकिन्छ । तर, रुसले युक्रेनमा आक्रमण गरेयता जर्मनीलाई उसका सहयोगी मुलुकले आफ्नो शान्तिवादी विदेश नीतिमा पुनर्विचार गर्न, नेतृत्वदायी सैन्य भूमिका निभाउन र विगतमा आफूले क्रूर व्यवहार गरेको देश युक्रेनको रक्षार्थी सहयोगमा अग्रसर हुन दबाब दिएका छन् ।

> भ्लादिमिर पुटिन युक्रेनमाथिको रुसी हमलालाई जायज ठहऱ्याउन नाजी जर्मनीको त्रासदीको कुरा गरेर इतिहासको कुत्सित अपव्याख्या गर्छन् । तर, आक्रमणकारी रुसका विरोधीहरूले पुटिनलाई हिटलरसँग तुलना गर्नेजस्ता अलमल्याउने खालका अनुचित तुलनाको पासोमा फस्नुहुँदैन ।

हिंसालाई अक्सर ऐतिहासिक गल्तीहरूको सम्झनाले मलजल गराउँछ । र, आमसंहार ऐतिहासिक अपराध हो । उदाहरणका लागि, प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको नेतृत्वमा इजरायलका दक्षिणपन्थी राजनीतिज्ञहरूले कब्जा गरिएका क्षेत्रका र सन् १९६७ अघिको सीमाभित्रका प्यालेस्टिनीहरूमाथिको हिंसात्मक दमनलाई जायज ठहऱ्याउन यहुदी आमसंहारको आघातलाई निरन्तर उद्धृत गर्ने गर्छन् ।

त्यसो भए के यसको अर्थ आमसंहार (होलोकास्ट) र अन्य ऐतिहासिक त्रासदीका सम्झनाहरू राजनीतिक लाभ र अवसरका लागि तोडमरोड र उपयोग भइरहनु हुन्छ भन्ने हो अनि तिनको वास्तविक महत्त्व र अर्थलाई अब पनि झुटा उपमाहरूबाट दिग्भ्रमित हुन दिइरहने हो ? के जर्ज सान्तायानाको प्रसिद्ध भनाइ 'जसले इतिहासलाई याद राख्न सक्दैनन्, उनीहरू नै इतिहासको पुनरावृत्तिका लागि दोषी छन्' सही साबित भएको हो ?

यसको जवाफ 'हो' र 'होइन' दुवै हो । विभिन्न समय र सन्दर्भमा भएका इतिहासका पुनरावृत्तिले बहुमूल्य व्यावहारिक पाठ र नयाँ दृष्टिकोण प्रदान गर्न सक्छ । साथै, समानताहरू औंल्याउन पनि प्रेरित गर्न वा हामीलाई गलत निष्कर्षमा पुऱ्याउन पनि सक्छ ।

यसका विचित्र उदाहरणमा पूर्वअमेरिकी कंग्रेसवुमन (सांसद) मिसेल बाचम्यानको यहुदी आमसंहारसँग करवृद्धिको तुलना, त्यसैगरी अमेरिकाकै रिपब्लिकन संसद मार्जोरी टेलर ग्रिनीको यहुदीमाथिको नाजी अत्याचारसँग जनस्वास्थ्यसम्बन्धी कोभिड-१९ विरुद्धका उपायहरूको तुलना आदिलाई समावेश गर्न सकिन्छ । यस्ता आपत्तिजनक विचारहरूको मूल कारण अज्ञानता नै हो ।

निन्दनीय वा विद्वेषपूर्ण नभए पनि अन्य केही कथित ऐतिहासिक तुलना पनि उत्तिकै बेकारका लाग्छन् । उदाहरणका लागि, अन्तर्राष्ट्रिय आसविट्स समितिको हालैको एउटा अभिव्यक्तिमा वर्तमान युक्रेनवासीको प्रताडनलाई नाजीहरूको हातबाट अत्याचार भोगेर आमसंहारबाट बाँचेका यहुदीहरूको पीडासँग तुलना गरिएको छ । युक्रेनमा रसियाको आपराधिक व्यवहार अस्वीकार्य हुँदाहुँदै पनि पुटिनको अत्याचार र आमसंहारबीच समानता रहेको सन्देश दिने तुलनाले यी दुवैको गाम्भीर्यलाई फिक्का बनाउन नै मद्दत गर्छ । पुटिन एकदमै खराब छन् । उनलाई हिटलरसँग तुलना गर्न आवश्यकै छैन ।

केवल समानताको चित्रण गर्नुभन्दा पनि इतिहासबाट सिक्नुपर्ने कुरा धेरै छन् । इतिहास अध्ययन गर्नु भनेको हामी को हौं, केही घटना किन भए र तिनले हामीलाई अझै कसरी प्रभावित गरिरहेका छन् भन्ने बुझ्नु पनि हो । साथै, हामी इतिहास उसैगरी फेरि पनि नदोहोरियोस् भन्नेमा पनि सचेत हुनैपर्छ ।


समकालीन नीतिहरूलाई तिनको गुण र दोषको आधारमा मूल्यांकन गर्नुपर्छ केवल विगतसँग तिनको तुलनाका आधारमा होइन । आमसंहारका लागि मुलुकको जिम्मेवारी स्विकारेकै कारण अहिले जर्मनीका ट्यांकहरू युक्रेन पठाउनबाट हच्किनुको कुनै अर्थ छैन । यसैगरी, एक शताब्दीअघि नाजी जर्मनीको हातबाट सोभियत संघका जनताले भोग्नुपरेको भयानक त्रासदीले पनि आजको रुसी हमलाको औचित्य पुष्टि गर्न सक्दैन । 'विगत भनेको विदेशी मुलुक हो, तिनीहरू त्यहाँ फरक तरिकाले काम गर्छन्' बेलायती उपन्यासकार एलपी हार्टलीले कतै लेखेथे । अफसोच ! यसको मतलब अहिले हामी चिजहरू त्यसभन्दा राम्रोसँग गर्छौं भन्ने होइन रहेछ । तर, त्यो पाठ बुझ्न हामीले सान्तायाना (स्पेनी मूलका अमेरिकी दार्शनिक)को सल्लाहको परिपालन र इतिहासको सावधानीपूर्वक अध्ययन गर्नुपर्छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

विश्वविद्यालयमा गोली चल्दा तीनजना मारिए

सिकागो/ अमेरिकाको मिसिगन स्टेट युनिभर्सिटीमा गोली चल्दा तीनजनाको मृत्यु भएको छ भने पाँचजना घाइते भएका छन् । विश्वविद्यालय प्रहरीका अनुसार सोमबार राति विश्वविद्यालयका दुई स्थानमा गोली प्रहार भएको थियो । गोलीकाण्डबारे जानकारी प्राप्त हुनेबित्तिकै करिब ३० दमकल, एम्बुलेन्स र अन्य आपत्कालीन सवारी विश्वविद्यालय पुगेका थिए । विश्वविद्यालयको वातावरण चार घन्टासम्म तनावग्रस्त भएको थियो ।

इतिहासमा आज



सन् १५६४ : आजकै दिन इटलीका प्रसिद्ध वैज्ञानिक ग्यालिलियो ग्यालिलीको जन्म । गणितज्ञ तथा दार्शनिकसमेत रहेका ग्यालिलियोको जन्म १५६४ मा इटलीको पिसामा भएको थियो ।

सन् २००३ : इतिहासकै सबैभन्दा ठूलो प्रदर्शन । आजकै दिन विश्वभरका ६०० सहरमा तीन करोड मानिसले इराक युद्धको विरोध गर्दै शान्तिको पक्षमा प्रदर्शन गरेका थिए ।

सन् १९८९ : सोभियत युनियन अफगानिस्तानबाट फिर्ता । सैन्य सर्वोच्चताका बाबजुद सोभियत र अफगान सेनाले मुजाहिद्दिन विद्रोहीहरूको प्रतिरोध तोड्न सकेनन् ।

सन् १९७१ : बेलायत र आयरल्यान्डद्वारा आफ्नो मुद्रालाई डेसिमल प्रणालीमा परिणत । परिवर्तनअघि एक पाउन्ड स्टर्लिङ २४० पेन्स वा २० सिलिङबराबर थियो ।

अडानीमाथि भारतमा अनुसन्धान सुरु

नयाँदिल्ली/ भारतको बजार नियामकले अर्बपति गौतम अडानीको स्वामित्वमा रहेका कम्पनीविरुद्ध अमेरिकास्थित हिन्डेनबर्ग रिसर्चले लगाएको आरोपको अनुसन्धान गरिरहेको पुष्टि गरेको छ । सेक्युरिटिज एन्ड एक्सचेन्ज बोर्ड अफ इन्डिया (सेबी)ले प्रतिवेदननजिक रहेर उनीहरूको बजार गतिविधि जाँच गरिरहेको बताएको छ । अडानीको व्यापार साम्राज्यले बजारमा हेराफेरी र वित्तीय धोखाधडीको दाबीपछि सेयर बजारबाट एक सय अर्ब डलरले बजार मूल्य गुमाएको थियो । अडानी समूहले सो दाबीलाई अस्वीकार गर्दै आएको छ ।

सोमबार सेबीले सर्वोच्च अदालतलाई अडानी समूहमाथिका आरोपबारे 'रिपोर्ट प्रकाशनअघि र पछिको बजार गतिविधि' अध्ययन गरिरहेको बताएको । 'सेबीलाई सुसञ्चालन र धितो बजारको विकासलाई प्रभावकारी बनाउन नियामक ढाँचा कायम राख्न बलियो र पर्याप्त अधिकार दिइएको छ' यसले फाइलिडमा भनेको छ ।

अडानी समूहले यसबारे तुरुन्तै प्रतिक्रिया नदिएको बिबिसीले जनाएको छ । तर, आफूसँग बलियो नगद प्रवाह भएको समूहले रोयटर्स समाचार एजेन्सीलाई बताएको छ । 'हामी सेयरधनीहरूलाई उच्च प्रतिफल प्रदान गर्न हाम्रो पोर्टफोलियोको क्षमतामा विश्वस्त छौं,' समूहले भन्यो ।

यसैबीच, अडानी समूहको प्रमुख कम्पनी अडानी इन्टरप्राइजेजले अक्टोबरदेखि डिसेम्बरको त्रैमासिकमा करिब १० करोड डलर खुद मुनाफा कमाएको बताएको छ । यो कम्पनी अघिल्लो वर्षको सोही अवधिमा १५ लाख डलर घाटामा थियो ।

एयरपोर्ट, कोइला व्यापार र ऊर्जा व्यवसायहरूमा राम्रो नाफाका कारण यसको कुल आम्दानी ४२ प्रतिशतले बढेर तीन अर्ब ३० करोड डलर पुगेको छ । 'हाम्रो आधारभूत शक्ति ठूला पूर्वाधार परियोजनाको कार्यान्वयन क्षमताहरूमा निहित छ । हालको बजार अस्थिरता अस्थायी हो,' नतिजाको व्याख्या गर्ने अडानीले भनेका छन् । कम्पनीले वृद्धि प्रक्षेपण वा लगानी योजनाहरूमा कुनै कटौतीको घोषणा गरेको छैन । हिन्डेनबर्ग रिपोर्टपछि हरित हाइड्रोजन परियोजनाका लागि अडानीसँग साझेदारी गर्ने फ्रान्सको टोटल एनर्जीले आफ्नो निर्णयमा टिप्पणी गरेको छैन ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय वालिङ, स्याङ्जाको तपसिलमा उल्लिखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति: २०७९/११/०३, नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय वालिङ, स्याङ्जाबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:

मन बहादुर गुरुङ्गको छोरी, सुन बहादुर गुरुङ्गको बुहारी, ललित बहादुर गुरुङ्गको पत्नी स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ०९ बस्ने **डग कुमारी गुरुङ्ग** (ना.प्र.नं. ४२३०४४/४८५, जारी मिति २०६३/१०/१९, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. लिलाक्बर गुरुङ्गको नाति, सुन बहादुर गुरुङ्गको छोरा, डग कुमारी गुरुङ्गको पती, स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ०९ बस्ने **ललित बहादुर गुरुङ्ग** (ना.प्र.नं. २८५०९, जारी मिति २०५२/०७/२५, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

२. मन बहादुर गुरुङ्गको छोरी, सुन बहादुर गुरुङ्गको बुहारी, ललित बहादुर गुरुङ्गको पत्नी स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ०९ बस्ने **डग कुमारी गुरुङ्ग** (ना.प्र.नं. ४२३०४४/४८५, जारी मिति २०६३/१०/१९, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

३. लिलाक्बर गुरुङ्गको बुहारी, सुन बहादुर गुरुङ्गको पत्नी, स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ०९ बस्ने **श्रीमती गुरुङ्ग** (ना.प्र.नं. ३६९०, जारी मिति २०४४/१२/२६, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

४. सुन बहादुर गुरुङ्गको नातिनी, ललित बहादुर गुरुङ्ग/डग कुमारी गुरुङ्गको छोरी, स्याङ्जा जिल्ला, पेलाकोट गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल स्याङ्जा जिल्ला, वालिङ न.पा. वडा नं. ०९ बस्ने **संगिता गुरुङ्ग** (ना.प्र.नं. ४२३०४४/११७५, जारी मिति २०७०/०२/१०, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

धितो सुरक्षणको विवरण:

१. **डग कुमारी गुरुङ्ग**को नाममा मालपोत कार्यालय वालिङ, स्याङजामा दर्ता कायम रहेको स्याङजा जिल्ला, वालिङ न.पा. वडा नं. ०१ (हाल वालिङ न.पा. वडा नं. ०९) स्थित कित्ता नं. ३६५१ को क्षेत्रफल: ०-६-०-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय वालिङ, स्याङ्जा फोन नं. ०६३-४४१७४९

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०७९/११/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

न्युरोड शाखा, काठमाडौं

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. २१८३७४/७५/०७६ अन्तर्गत मिति २०७६/०३/१८ मा दर्ता कायम भएको **हाइभ इन्टरनेशनल प्रा.लि**
कम्पनी दर्ता ठेगाना : का.म.न.पा-१७, काठमाडौं
स्थायी लेखा नं. ६०९५६७४७२, मिति : २०७६/०३/१९
संचालक तथा जमानतकर्ता : दिपा जोशी
ना.प्र.नं. २७१०६०/३१६८०, जारी मिति २०६५/०९/१३, जि.प्र.का.काठमाडौं
बाबुको नाम : कृष्णेश्वर लाल जोशी
बाजेको नाम : सुन्दर लाल जोशी
स्थायी ठेगाना : का.म.पा-३४, काठमाडौं
हालको ठेगाना : का.म.न.पा-१०, काठमाडौं
कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड, अल्पकालिन, अटो तथा आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

रुजन श्रेष्ठ ना.प्र.नं. ०९-०१-६९-०१०२० जारी मिति २०६९/०६/१४, जि.प्र.का. भोजपुर बाबुको नाम : जनक बहादुर श्रेष्ठ बाजेको नाम : नर बहादुर श्रेष्ठ स्थायी ठेगाना : बोखिम -३, भोजपुर	**डोल्मा शेर्पा** ना.प्र.नं. २११००१/१२३१६ जारी मिति २०६६/०५/२४, जि.प्र.का. रामेछाप बाबुको नाम : दोर्जी शेर्पा बाजेको नाम : नरु शेर्पा स्थायी ठेगाना : गुम्देल-४, रामेछाप
शर्मिला जोशी ना.प्र.नं. ५५६५ जारी मिति २०३१/१०/०३, जि.प्र.का. काठमाडौं बाबुको नाम : विष्णुलाल प्रधान पतिको नाम : कृष्णेश्वर लाल जोशी ससुराको नाम : सुन्दर लाल जोशी स्थायी ठेगाना : का.म.न.पा-२५, काठमाडौं हालको ठेगाना : का.म.न.पा-१०, काठमाडौं	**भरत प्रसाद नेपाल** ना.प्र.नं. १६६२ जारी मिति २०३८/०३/२१, जि.प्र.का. भक्तपुर बाबुको नाम : तुला प्रसाद नेपाल बाजेको नाम : मनरथ प्रसाद नेपाल स्थायी ठेगाना : सुडाल-८ भक्तपुर
जयराम नेपाल ना.प्र.नं. ०२४२० जारी मिति २०५८/०३/२१, जि.प्र.का. भक्तपुर बाबुको नाम : भरत प्रसाद नेपाल बाजेको नाम : तुला प्रसाद नेपाल स्थायी ठेगाना : सुडाल-८, भक्तपुर	**राधा कृष्ण श्रेष्ठ** ना.प्र.नं. ६८१३५ जारी मिति २०५३/०९/२३, जि.प्र.का. काभ्रेपलाञ्चोक बाबुको नाम : बालकृष्ण श्रेष्ठ बाजेको नाम : धन बहादुर श्रेष्ठ स्थायी ठेगाना : दोलालघाट-१, काभ्रे

पुष्पलाल चोक, नेपालगंज शाखा, बाँके

ऋणीको विवरण	संस्थागत जमानत दिनेको विवरण
१. अक्कल बहादुर तामाङ ना.प्र.नं.८१०५ जारी मिति २०५२/०१/१२, जि.प्र.का. धादिङ्ग बाबुको नाम : वर्जबहादुर तामाङ बाजेको नाम : दर्ज बहादुर तामाङ स्थायी ठेगाना : माहादेवस्थान-२, धादिङ्ग **कर्जा शिर्षक : आवधिक कर्जा**	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. २२५६९/०७०/०७१ अन्तर्गत मिति २०७०/५/१६ मा दर्ता श्रेष्ता कायम भएको **अक्कल मदिरा पसल** फर्म दर्ता ठेगाना : नेपालगंज-१, बाँके स्थायी लेखा नं. ६०१३४७२६७, मिति २०७०/०५/२० **प्रोप्राइटर : अक्कल बहादुर तामाङ**

व्यक्तिगत जमानत दिनेको विवरण

शान्ति तामाङ्ग (थारु) ना.प्र.नं. ६६३०१९/१२५ जारी मिति २०६३/१०/०६, जि.प्र.का. बाँके बाबुको नाम : वली राम थारु पतिको नाम : अक्कल बहादुर तामाङ ससुराको नाम : वर्जबहादुर तामाङ स्थायी ठेगाना : नेपालगंज-१, बाँके	**विनोद तामाङ** ना.प्र.नं.२६-०१-७५-०१९२३ जारी मिति २०७५/२/२१, जि.प्र.का. धादिङ्ग बाबुको नाम : अक्कल बहादुर तामाङ बाजेको नाम : वर्जबहादुर तामाङ स्थायी ठेगाना : बेनीघाट रोराङ गा.पा.-२, धादिङ्ग

ऋणीको विवरण

२. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. ३०२५१/०७६/०७७ अन्तर्गत मिति २०७६/४/०५ मा दर्ता श्रेष्ता कायम भएको **शान्ती एण्ड विनोद किराना पसल**
फर्म दर्ता ठेगाना : नेपालगंज उ.म.न.पा.-१, बाँके
स्थायी लेखा नं. ६१०९३११०३, मिति २०७६/०४/०७
प्रोप्राइटर तथा जमानतकर्ता : शान्ति तामाङ्ग (थारु)
ना.प्र.नं. ६६३०१९/१२५, जारी मिति २०६३/१०/०६, जि.प्र.का. बाँके
बाबुको नाम : वली राम थारु
पतिको नाम : अक्कल बहादुर तामाङ
ससुराको नाम : वर्जबहादुर तामाङ
स्थायी ठेगाना : नेपालगंज-१, बाँके
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

अक्कल बहादुर तामाङ ना.प्र.नं.८१०५ जारी मिति २०५२/०१/१२, जि.प्र.का. धादिङ्ग बाबुको नाम : वर्जबहादुर तामाङ बाजेको नाम : दर्ज बहादुर तामाङ स्थायी ठेगाना : माहादेवस्थान-२, धादिङ्ग	**विनोद तामाङ** ना.प्र.नं.२६-०१-७५-०१९२३ जारी मिति २०७५/२/२१, जि.प्र.का. धादिङ्ग बाबुको नाम : अक्कल बहादुर तामाङ बाजेको नाम : वर्जबहादुर तामाङ स्थायी ठेगाना : बेनीघाट रोराङ गा.पा.-२, धादिङ्ग

ऋणीको विवरण

३. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. २२५६९/०७०/०७१ अन्तर्गत मिति २०७०/५/१६ मा दर्ता श्रेष्ता कायम भएको **अक्कल मदिरा पसल**
फर्म दर्ता ठेगाना : नेपालगंज-१, बाँके
स्थायी लेखा नं. ६०१३४७२६७, मिति २०७०/०५/२०
प्रोप्राइटर तथा जमानतकर्ता : अक्कल बहादुर तामाङ
ना.प्र.नं.८१०५, जारी मिति २०५२/०१/१२, जि.प्र.का. धादिङ्ग
बाबुको नाम : वर्जबहादुर तामाङ
बाजेको नाम : दर्ज बहादुर तामाङ
स्थायी ठेगाना : माहादेवस्थान-२, धादिङ्ग
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

शान्ति तामाङ्ग (थारु) ना.प्र.नं. ६६३०१९/१२५ जारी मिति २०६३/१०/०६, जि.प्र.का. बाँके बाबुको नाम : वली राम थारु पतिको नाम : अक्कल बहादुर तामाङ ससुराको नाम : वर्जबहादुर तामाङ स्थायी ठेगाना : नेपालगंज-१, बाँके	**विनोद तामाङ** ना.प्र.नं.२६-०१-७५-०१९२३ जारी मिति २०७५/२/२१, जि.प्र.का. धादिङ्ग बाबुको नाम : अक्कल बहादुर तामाङ बाजेको नाम : वर्जबहादुर तामाङ स्थायी ठेगाना : बेनीघाट रोराङ गा.पा.-२, धादिङ्ग

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय ट्राफिक चोक, बुटवल तथा नारायणगढको तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मितिः २०७९/११/०३, नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.)को शाखा कार्यालय ट्राफिक चोक, बुटवल र नारायणगढबाट तपसिलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत परोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीहरुको विवरणः

१. उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ अन्तर्गत मिति २०५५/०९/२८ मा प्र.फा.र. नं. ११२/१०४४/०५५ कायम भई करदाता सेवा कार्यालय भरतपुरबाट मिति २०६१/१०/०४ मा स्थायी लेखा नम्बर नं. ३०१७१३३३३ भएको **विविता सः मिल**का प्रोप्राईटर राम गोविन्द श्रेष्ठको नाती, अमर गोविन्द श्रेष्ठको छोरा नवलपरासी जिल्ला, देवचुली वडा नं. १५ बस्ने **संजय गोविन्द श्रेष्ठ** (ना.प्र.प.न. ३६२०११/२५५६, जारी मिति २०७१/०४/२२, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
२. उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ अन्तर्गत मिति २०७२/०२/३२ मा प्र.फा.र. नं. १४६४/७९६६/०७२ कायम भई करदाता सेवा कार्यालय भरतपुरबाट मिति २०७२/०४/०७ मा स्थायी लेखा नम्बर नं. ६०३२८४६५२ भएको **सनरोज सप्लायर्स**का प्रोप्राईटर राम गोविन्द श्रेष्ठको नाती, अमर गोविन्द श्रेष्ठको छोरा नवलपरासी जिल्ला, देवचुली वडा नं. १५ बस्ने **संजय गोविन्द श्रेष्ठ** (ना.प्र.प.न. ३६२०११/२५५६, जारी मिति २०७१/०४/२२, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
३. राम गोविन्द श्रेष्ठको नाती, अमर गोविन्द श्रेष्ठको छोरा नवलपरासी जिल्ला, देवचुली वडा नं. १५ बस्ने **संजय गोविन्द श्रेष्ठ** (ना.प्र.प.न. ३६२०११/२५५६ जारी मिति २०७१/०४/२२, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
४. कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा मिति २०७३/०२/०९ मा दर्ता नं. १४९७०५/७२/०७३ कायम भई दर्ता भएको दलदले नगरपालिका वडा नं. १३, देवचुली, नवलपरासी स्थित रजिष्टर्ड कार्यालय रहेको **सनरोज मल्टिप्रपोज प्रा. लि.**का सञ्चालक राम गोविन्द श्रेष्ठको नाति, अमर गोविन्द श्रेष्ठ/हित कुमारी श्रेष्ठको छोरा, पार्वती श्रेष्ठको पति, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०२ बस्ने **संजय गोविन्द श्रेष्ठ** (ना.प्र.नं. ३६२०११/२५५६, जारी मिति २०७१/०४/२२, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. अमर गोविन्द श्रेष्ठको बुहारी, संजय गोविन्द श्रेष्ठको पत्नी, नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स., वडा नं. ०३ बस्ने **पार्वती श्रेष्ठ** (ना.प्र.प.न. ३६४१२, जारी मिति २०६०/१०/१४, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
२. अमर गोविन्द श्रेष्ठको नाती, संजय गोविन्द श्रेष्ठको छोरा नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स., वडा नं. ०३ बस्ने **सनरोज गोविन्द श्रेष्ठ** (ना.प्र.प.न. ३६२०१४/१२०२, जारी मिति २०६८/१०/०५, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।
३. राम गोविन्द श्रेष्ठको नाति, अमर गोविन्द श्रेष्ठ/हित कुमारी श्रेष्ठको छोरा, नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०२, बस्ने **अंजय गोविन्द श्रेष्ठ** (ना.प्र.नं. १४२३७, जारी मिति २०५०/०४/३२, जिल्ला प्रशासन कार्यालय नवलपरासी) ।

धितो सुरक्षणको विवरणः

१. **पार्वती श्रेष्ठ**को नाममा मालपोत कार्यालय, भरतपुर चितवनमा दर्ता कायम रहेको, चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा. वडा नं. ०४/क स्थित कि.नं. ४६७, ४६९ र ४७१ को क्षेत्रफल क्रमश ०-०-५.५, ०-०-११.२५ र ०-०-२.२५ (बि.क.धु) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगालगायत समेत ।
२. **संजय गोविन्द श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कावासोती नवलपरासीमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स/न.पा वडा नं. ०३/क स्थित कि.नं. १५३५ को क्षेत्रफल ०-९-१८.५० (बि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **संजय गोविन्द श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कावासोती नवलपरासीमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स/न.पा वडा नं. ०४/क स्थित कि.नं.२९२ र ३०० को क्षेत्रफल क्रमश ०-२-४ र ०-१-१६ (बि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगालगापातहरु समेत ।
४. **अंजय गोविन्द श्रेष्ठ**को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १५ (साबिक प्रगतिनगर वडा नं. ०३/क तथा १/क) स्थित कित्ता नं. १५३६, ७२४ र ७२६ को क्षेत्रफल क्रमशः ०-९-१८.५०, ० -१-० र ०-३-० (वि.क.धु) भएको जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
५. धनी कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **सनरोज सप्लायर्स** कायम भई नारायणी अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इञ्जिन नं. 4H.3307/1520021, च्यासिस नं. 611E020022, सवारी नं. ना १ क ४५६२ को व्याकोह लोडर थान १ ।
६. धनी कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **सन्जय गोविन्द श्रेष्ठ** कायम भई नारायणी अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इञ्जिन नं. 400950D0015056, च्यासिस नं. MEL2411BBFPO14792, सवारी दर्ता नं. ना ५ ख ७४५१ को टिपर थान १ ।
७. धनी कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **सन्जय गोविन्द श्रेष्ठ** कायम भई नारायणी अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इञ्जिन नं. 400950D0014968, च्यासिस नं. MEL2411BAFP014728, सवारी नं. ना ५ ख ७४४३ को टिपर थान १ ।
८. ऋणी **विविता सः मिल**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।
९. **अंजय गोविन्द श्रेष्ठ**को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १५ (साबिक प्रगतिनगर ३/क तथा १/क) स्थित कित्ता नं.१५३६, ७२४ र ७२६ को क्षेत्रफल क्रमशः ०-९-१८.५०, ० -१-० र ०-३-० (वि.क.धु) भएको जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
१०. धनी कुमारी बैंक लि. र ऋणी **सनरोज मल्टिप्रपोज प्रा.लि.** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं., 1497956 ई.नं. H00124331, दर्ता नं. ना १ क ६९५१ को गाडी थान १ ।
११. धनी कुमारी बैंक लि. र ऋणी **सनरोज मल्टिप्रपोज प्रा.लि.** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं., MAT448178H3C07008 ई.नं. 71C63584080, दर्ता नं. ना १ क ८४४३ को गाडी थान १ ।
१२. धनी कुमारी बैंक लि. र ऋणी **सनरोज मल्टिप्रपोज प्रा.लि.** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं., MAT448135G3R25434 ई.नं. 61L63553819, दर्ता नं. ना ७ ख २२१३ को गाडी थान १ ।
१३. धनी कुमारी बैंक लि. र ऋणी **सनरोज मल्टिप्रपोज प्रा.लि.** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं., MAT448135G3R26224 ई.नं. 61L63556293, दर्ता नं. ना ७ ख २२८० को गाडी थान १ ।
१४. धनी कुमारी बैंक लि. र ऋणी **सनरोज मल्टिप्रपोज प्रा.लि.** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं., MAT448137H3R30324 ई.नं. 71L63642237, दर्ता नं. ना १ क ८४४४ को गाडी थान १ ।
१५. धनी कुमारी बैंक लि. र ऋणी **संजय गोविन्द श्रेष्ठ** कायम भई बागमती अञ्चल यातायात व्यवस्था कार्यलयमा दर्ता कायम रहेको चे.नं.BJ11V5105044541-0116/2016, ई.नं.1KD-U837796, दर्ता नं. बा १५ च ६९७ को Toyata Fortuner गाडी थान १ ।
१६. ऋणी **सनरोज मल्टिप्रपोज प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय ट्राफिक चोक, बुटवल फोन नं. ०७१-५३६६३०
शाखा कार्यालय नारायणगढ फोन नं. ०५६-५९५२४१

नबिल बैंक लिमिटेड, धनगढी २ शाखा, कैलाली तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/११/०३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणी कम्पनी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुनन सकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकममात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्यकुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षमन्यायिक निकायमा दावीउजुरी गरिने तथा ऋणी कम्पनी र धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानतदिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानतगरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथामाथिउल्लेख गरिए बमोजिमधितो एवं जमानत लेखिएको सम्पत्तिलिलामबिक्रीवाअन्यव्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाः

ऋणी कम्पनी : कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०७७/१२/११ म दर्ता नं. २६०२५८/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री अपि फुड इण्डष्ट्रिज प्रा. लि.** ।
ठेगानाः कैलाली जिल्ला गोदावरी न. पा. वडा नं. १, गेटा ।

ऋणी कम्पनीका सञ्चालकहरु तथाव्यक्तिगतजमानतकर्ताहरुको विवरणः

१. भवनाथ उपाध्यायको नाति यज्ञ राज उपाध्यायको छोरा कैलाली जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल कैलाली जिल्ला गोदावरी नगरपालीका वडा नं १ मा बस्ने, ना.प्र.नं. ९२८४ (जारी मितिः २०५२/१०/२६, स्थान कैलाली) भएका **श्री तिर्थ राज उपाध्याय** ।
२. लक्ष्मण दत्त अवस्थीको नाति काशिराम अवस्थीको छोरा कैलाली जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल कैलाली जिल्ला गोदावरी नगरपालीका वडा नं १ मा बस्ने, ना.प्र.नं. ६७१०१६/७९०३ (जारी मितिः २०६६/०६/१९, स्थान कैलाली) भएका **श्री रघुनाथ अवस्थी** ।
३. काशिनाथ अवस्थीकी छोरी, काशिराम अवस्थीकी बुहारी रघुनाथ अवस्थी की श्रीमती डोटी जिल्ला निरौली गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल कैलाली जिल्ला गोदावरी न. पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ६८१०२८/८७३ (जारी मितिः २०७०/०५/३, स्थान डोटी) भएका **श्रीमती राधा कुमारी जोशी** ।
४. गणेश प्रसाद ओझाकी छोरी यज्ञ राज उपाध्याय की बुहारी तिर्थ राज उपाध्यायकी श्रीमती कैलाली जिल्ला श्रीपुर गा.वि.स.वडा नं. ५ स्थायी घर भई हाल कैलाली जिल्ला गोदावरी न. पा. वडा नं. १ बस्ने, ना.प्र.नं.५४७८४ (जारी मितिः २०६०/०८/११, स्थान कैलाली) भएकी **श्रीमती नन्दा कुमारी उपाध्याय** ।
५. श्री धन बहादुर ओलीको नाति श्री कविराम ओली को छोरा डोटी जिल्ला साविक जोरायल गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल कैलाली जिल्ला कैलाली जिल्ला धनगढी उ.म.न.पा.वडानं.५बस्ने,ना.प्र.नं.६/१८१९५/९०९,(**जारी मितिः२०५१/०७/०८,स्थान डोटी**) भएका **श्री दिलिप सिंह ओली** ।
६. राम चन्द्र जोशीको नाति काशीनाथ जोशी को छोरा डोटी जिल्ला निरौली गा.वि.स. वडा नं. ७ स्थायी घर भई हाल कै लाली जिल्ला धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ०६८३०२८/४७५ (जारी मितिः २०६३/१०/२३, स्थान डोटी) भएका **श्री लिलाधर जोशी** ।

धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरणः

१. **श्री अपि फुड इण्डष्ट्रिज प्रा. लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, धनगढी न.पा, वडा नं. २ सिट नं ०२७०७६८११ मा अवस्थित कि.नं. ४७ क्षेत्रफल ३४०.५० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **श्री अपि फुड इण्डष्ट्रिज प्रा. लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, गेटा गा.वि.स, वडा नं. ३ सिट नं ०२७/०४०५ मा अवस्थित कि.नं. १९ र ५३ को क्षेत्रफल ७५५.०० र ४००.०० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. कैलाली जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल कैलाली जिल्ला गोदावरी न. पा. वडा नं. १ बस्ने **श्रीमती नन्दा कुमारी उपाध्याय**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक कैलाली जिल्ला, गेटा गा.वि.स., वडा नं. ३ सिट नं ०२७/०४०५ मा अवस्थित कि.नं. क्रमशः २६७, २६५, २६६ र २६४ क्षेत्रफल क्रमशः २९२७.०९, ५१०.००, २६६६.३० र ७२०.०० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, इटहरी शाखा, सुनसरी तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/११/०३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

१. तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२/०३/२४ मा दर्ता नं. १३६८५५/०७१/०७२ अन्तर्गत दर्ता भएको **श्री अशोका एलोभेरा एग्रोटेक एण्ड हर्बस प्रोसेसिंग** ।
ठेगानाः बाँके जिल्ला खासकुश्मा गा. वि. स. वडा नं. ०९, बाँके ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दिल बहादुर विष्टको नाति महेन्द्र प्रसाद विष्टको छोरा झापा जिल्ला तोपगाछी गाँउ पञ्चयत वडा नं. २ स्थायी घर भई हाल झापा जिल्ला कमल गा.पा. वडा नं. १ बस्ने, ना.प्र.नं.९७७३४००६९ (जारी मितिः २०५०/०२/३२, स्थान झापा) भएका **श्री अशोक कुमार विष्ट** ।
२. पदमपाणी पाण्डेको छोरी महेन्द्र प्रसाद विष्टको बुहारी अशोक कुमार विष्टको श्रीमती झापा जिल्ला तोपगाछी गा.वि.स वडा नं. २ स्थायी घर भई हाल झापा जिल्ला कमल गा.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ०४-०२-७३-०२२७१ (जारी मितिः २०७३/०५/१२, स्थान झापा) भएकी **श्रीमती ममता विष्ट** ।

धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरणः
श्री अशोका एलोभेरा एग्रोटेक एण्ड हर्बस प्रोसेसिंगको नाममा दर्ता कायम रहेको मोरङ जिल्ला कसेनी गा. वि. स. वडा नं. ०४ सिट नं. ४ झ कित्ता नं १३ को क्षेत्रफल २-०-१०-० विघाका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।
सवारी साधनको विवरणः
ऋणी श्री अशोका एलोभेरा एग्रोटेक एण्ड हर्बस प्रोसेसिंग र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बाग्मती प्रदेश-०१ ०२५ च २८५७ भएको Isuzu D-Max s-CAB.

२. ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०८/०३ मा दर्ता नं. २४७५९२/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री ओरन्टो मल्टिट्रेड प्रा.लि.** ।
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म. न. पा. वडा नं. १०, बुद्धनगर, काठमाडौं ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दिल बहादुर विष्टको नाति महेन्द्र प्रसाद विष्टको छोरा झापा जिल्ला तोपगाछी गाँउ पञ्चयत वडा नं. २ स्थायी घर भई हाल झापा जिल्ला कमल गा.पा. वडा नं. १ बस्ने, ना.प्र.नं.९७७३४००६९ (जारी मितिः २०५०/०२/३२, स्थान झापा) भएका **श्री अशोक कुमार विष्ट** ।
२. पदम बहादुर पन्तको नाति भिम बहादुर पन्तको छोरा सुनसरी जिल्ला मधेशा गा.वि.स वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म. न. पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं.०६२४३१४/२६३१४ (जारी मितिः २०५१/०८/२८, स्थान सुनसरी) भएका **श्री राकेश पन्त** ।

धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरणः
१. **श्री ओरन्टो मल्टिट्रेड प्रा.लि.**को नाममा दर्ता कायम रहेको सिराहा जिल्ला फुलवरीया गा. वि. स. वडा नं. ०७ सिट नं. ७ ख कित्ता नं ३०५३ को क्षेत्रफल ०-२-१०-० विघाका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।
२. **श्री ओरन्टो मल्टिट्रेड प्रा.लि.**को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला टंकिसिनुवारी गा. वि. स. वडा नं. ०७ सिट नं. ७ क कित्ता नं क्रमशः ९७२,९७३,९५३,९५५ र ७०४ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-३-०-०, ०-७-११-०, ०-२-१६-१ र ०-५-०-०, विघाका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

पूर्वअर्थमन्त्रीहरूले खोजे वर्तमान आर्थिक समस्याको समाधान



काठमाडौं/ देशको वर्तमान आर्थिक अवस्था र सुधारका सम्भावित उपायमा केन्द्रित भई पूर्वअर्थमन्त्री फोरमको बैठक सकिएको छ । वर्तमान आर्थिक समस्याको समाधान खोज्दै बैठक टुंगिएको हो ।

वर्तमान आर्थिक परिदृश्यलाई संवेदनशील रूपमा लिँदै आगामी बजेटले उद्यमशीलता, लगानी, उत्पादन, रोजगारी र आयात प्रतिस्थापनका विषयमा स्पष्ट वित्तीय नीतिहरू अवलम्बन गरिनुपर्नेमा समेत सघन छलफल गरिएको थियो । बैठकले सबल अर्थतन्त्र निर्माणका लागि उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार, रोजगारीका अवसरहरूको सिर्जना, स्वदेशी उत्पादनमा जोड दिँदै स्वदेशी उत्पादनको उपभोग र निर्यातमा प्रोत्साहन, बजारमा देखिएको मुद्रास्फीतिको नियन्त्रण, बैंक तथा वित्तीय संस्थाहरूको ऋण असुली र आर्थिक गतिविधिलाई चलायमान बनाउने जस्ता विषयमा मौद्रिक नीतिमार्फत सहजता प्रदान गर्न सुझाव दिने बैठकले निर्णय गरेको थियो ।

बैठकमा अर्थतन्त्रलाई बलियो र दिगो बनाउनका लागि दीर्घकालीन नीतिको तर्जुमा र कार्यान्वयनका विषयमा विशेष छलफल भएको थियो । त्यसैगरी, वर्तमान आर्थिक अवस्थाको सुधार र स्तरोन्नतिका लागि सुरक्षित एवं लगानीमैत्री वातावरणको सिर्जना गर्नुपर्ने, लगानीकर्तालाई प्रोत्साहन गरिनुपर्ने, मौजुदा नीति नियममा सुधार गरिनुपर्नेमा सहभागी पूर्वमन्त्रीहरूको विशेष जोड थियो । विगत केही समयदेखि उत्पन्न तरलताको समस्या र बढ्दो ब्याजदरका कारण आमउद्योग/व्यवसायमा परेको असर

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ३ फागुन ०७९

डिजिटल पेमेन्टका ग्राहक ३०% बढे, तर कारोबार घट्यो

आर्थिक वर्ष ०७८/७९ को ६ महिनामा करिब चार करोडको संख्यामा रहेको डिजिटल पेमेन्टका ग्राहक चालू आवको पुससम्म पाँच करोड १४ लाख पुगेका छन्, गत आवको ६ महिनामा २७१ खर्ब ५७ अर्बको डिजिटल भुक्तानी भएको थियो भने चालू आवको पुससम्म २७० खर्ब १० अर्बको भुक्तानी भएको छ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

महँगी, तरलता अभावलगायतका कारण आर्थिक गतिविधिमा संकुचन आएपछि डिजिटल माध्यमबाट हुने कारोबार पनि घटेको छ। गत आर्थिक वर्ष ०७८/७९ सम्म डिजिटल माध्यमबाट हुने भुक्तानी बढ्दै गएको थियो। तर, चालू आर्थिक वर्ष ०७९/८० को पुस मसान्तसम्म डिजिटल माध्यमबाट भएको कुल भुक्तानी घटेको हो।


चालू आवको पुस मसान्तसम्म २७० खर्ब १० अर्बबराबरको डिजिटल भुक्तानी भएको छ। यो गत आवको सोही अवधिको तुलनामा ०.५४ प्रतिशतले कम हो। गत आवको सोही अवधिमा २७१ खर्ब ५७ अर्बबराबरको डिजिटल भुक्तानी भएको थियो।

चालू आवको साउनदेखि मंसिरसम्म डिजिटल भुक्तानी मासिक रूपमा नै निरन्तर घट्दै आएको छ। यद्यपि, पुसमा भने सामान्य रूपमा बढेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ।

ग्राहक संख्याका आधारमा भने गत आवको तुलनामा यो वर्ष ३० प्रतिशत बढेको छ। चालू आवका पहिलो ६ महिनासम्म पाँच करोड १४ लाख डिजिटल पेमेन्टका ग्राहक रहेका छन्। गत आवको पहिलो ६ महिनामा यस्तो ग्राहक संख्या करिब चार करोड थियो। डिजिटल पेमेन्टका विभिन्न माध्यमअन्तर्गत मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, डेबिट कार्ड, क्रेडिट कार्ड, वालेट, कनेक्ट आइपिएसलगायतका रहेका छन्।

गत आवको असारमा मात्रै डिजिल माध्यमबाट ६२ खर्ब २७ अर्ब ६४ करोड रुपैयाँबराबरको भुक्तानी भएको थियो। यो मासिक डिजिटल भुक्तानीमा हालसम्मकै उच्च हो। त्यसपछि चालू आवको पहिलो महिना साउनमा डिजिटल भुक्तानी घटेर ५६ खर्ब ८८ अर्बमा सीमित भयो। त्यसपछिका हरेक महिनामा निरन्तर घट्दै मंसिरसम्म आउँदा ३६ खर्ब ९७ अर्ब रुपैयाँमा झरेको थियो। त्यसपछि पुसमा भने सामान्य बढेर त्यो ४१ खर्ब ४६ अर्ब पुगेको राष्ट्र बैंकको तथ्यांक छ।

चालू आवको असोज, कात्तिक, मंसिर र पुसमा त गत आवको सोही महिनाको तुलनामा पनि कम डिजिटल भुक्तानी भएको छ। तथ्यांकअनुसार ०७८ असोजमा ४७ खर्ब पाँच अर्ब, कात्तिकमा ४९ खर्ब ३१ अर्ब, मंसिरमा ४८ खर्ब ४५ अर्ब र मंसिरमा ५१ खर्ब ४१ अर्बबराबरको डिजिटल भुक्तानी भएको थियो। तर, चालू आवको



असोजमा ४६ खर्ब पाँच अर्ब, कात्तिकमा ३९ खर्ब ४६ अर्ब, मंसिरमा ३६ खर्ब ९७ अर्ब र पुसमा ४१ खर्ब ४५ अर्ब रुपैयाँ डिजिटल भुक्तानी भएको तथ्यांक छ। यसरी पछिल्लो चार महिनामा गत आवको सम्बन्धित महिनाको तुलनामा पनि डिजिटल भुक्तानी घटेको देखिन्छ। यद्यपि, साउन र भदौमा डिजिटल भुक्तानी भने गत आवको सोही महिनाको तुलनामा बढी रहेको तथ्यांकमा उल्लेख छ।

प्रयोगकर्ता	०७८ पुस मसान्त	०७९ पुस मसान्त
वालेट	१०,७११,०८९	१५,९६२,९०७
डेबिट कार्ड	९,८५५,२२१	१२,२२२,३८७
क्रेडिट कार्ड	२१५,१९९	२७६,०८९
प्रिपेड कार्ड	८९,४५६	१२४,७६८
मोबाइल बैंकिङ	१६,२१२,४६८	२०,०५३,४२०
इन्टरनेट बैंकिङ	१,५५६,३३१	१,७६८,९३२
कनेक्ट आइपिएस युजर	७६४,०३१	९९४,८४४
जम्मा	३९,४०३,७९५	५१,४०३,३४७

तर, राष्ट्र बैंकका अधिकारीहरूले भने औपचारिक तथा अनौपचारिक रूपमा डिजिटल कारोबार बढ्दै गएकाले नगद प्रवाह कम भएको बताउँदै आएका छन्।

राष्ट्र बैंक भुक्तानी प्रणाली विभागका प्रमुख तथा कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले डिजिटल माध्यमबाट हुने कुल भुक्तानी रकममा केही कमी आएको बताए। 'यद्यपि, रिटेल डिजिटल भुक्तानीमा कमी आएको छैन। मोबाइल बैंकिङ, वालेटलगायतका व्यक्तिले प्रयोग गर्ने माध्यमबाट हुने भुक्तानी बढेको छ,' उनले भने, 'तर, आरटिजिएसलगायतका माध्यमबाट हुने ठूलो रकमको भुक्तानीमा भने कमी आएको छ। फलस्वरूप समग्र डिजिटल भुक्तानीमा कमी देखिएको हो।'

विशेष गरी पछिल्लो समय महँगी, तरलता अभावलगायतका कारण आर्थिक गतिविधि बढ्न सकेको छैन। यसरी आर्थिक गतिविधि कम भई व्यापार-व्यवसाय नहुँदा डिजिटल भुक्तानी पनि प्रभावित भएको उनको भनाइ छ।

यस्तै, ठूला-ठूला कम्पनीले गर्नुपर्ने भुक्तानी, अन्तरबैंक कारोबारलगायत ठूलो रकममा गरिने भुक्तानी आरटिजिएस (रियल टाइम ग्रोस सेटलमेन्ट)मार्फत हुन्छ। तर, पछिल्लो समय तरलता अभाव हुने, आर्थिक संकट हुनेलगायतका कारणले ठूला-ठूला वित्तीय कारोबार त्यति हुन सकेका छैनन्। फलस्वरूप समग्र डिजिटल भुक्तानी प्रभावित भएको राष्ट्र बैंकको भनाइ छ।

गत आवको पुसमा मात्रै आरटिजिएसमार्फत ३६ खर्ब ८० अर्ब ४६ रुपैयाँ भुक्तानी भएको थियो। तर, चालू आवको पुसमा त्योभन्दा २७ प्रतिशत कम अर्थात् २७ खर्ब रुपैयाँबराबरको भुक्तानी आरटिजिएसमार्फत भएको छ। यस्तै, इलोक्ट्रोनिक चेक क्लियरेन्स (इसिसी)मार्फत हुने भुक्तानी ३० प्रतिशतले घटेको छ। गत आवको पुसमा मात्रै इसिसीमार्फत सात खर्ब ६५ अर्ब रुपैयाँको भुक्तानी भएको थियो। यो पुसमा भने पाँच खर्ब ३७ अर्बबराबरको भुक्तानी इसिसीमार्फत भएको छ।

यस्तै, पछिल्लो समय अनलाइन माध्यमबाट हुने ठगी पनि बढ्दै गएको छ। अनलाइनमार्फत हुने अधिकांश ठगी मोबाइल बैंकिङ, डिजिटल वालेटलगायतका माध्यमबाट भएका छन्। यहीबीचमा अनलाइन ठगीका ठूला-ठूला घटना पनि बाहिरिएका छन्, त्यसकारण पनि डिजिटल भुक्तानीमा कमी आएको हुन सक्ने नेपाल इलोक्ट्रोनिक पेमेन्ट सिस्टम (नेप्स)का प्रमुख कार्यकारी अधिकृत (सिइओ) सञ्जीव सुब्बा बताउँछन्। 'यद्यपि, यसका कारणले पनि डिजिटल भुक्तानी प्रभावित भयो भनेर आधिकारिक अध्ययन तथा पुष्टि भइसकेको छैन। तर, यस्ता घटनाले पनि डिजिटल भुक्तानी प्रभावित भएका हुन सक्छन्,' उनले भने।

नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)का प्रमुख कार्यकारी अधिकृत (सिइओ) नीलेशमानसिंह प्रधानले पनि डिजिटल भुक्तानीमा कमी आएको बताए। विशेष गरी आर्थिक गतिविधिमा संकुचन आउँदा डिजिटल भुक्तानीमा कमी आएको उनको भनाइ छ। 'आर्थिक गतिविधि नै व्यापक मात्रामा नभएका कारण डिजिटल भुक्तानीमा कमी आएको हो,' उनले भने, 'यदि मोबाइल बैंकिङ, कनेक्ट आइपिएस, डिजिटल वालेटलगायतका माध्यमबाट हुने भुक्तानीमा घटेको छैन। तर, त्यसको वृद्धिदरमा भने ह्रास आएको छ।'

ठूलो रकम भुक्तानीमा कमी आएको छ

गुरुप्रसाद पौडेल, कार्यकारी निर्देशक, राष्ट्र बैंक



डिजिटल माध्यमबाट हुने कुल भुक्तानी रकममा केही कमी आएको छ। यद्यपि, रिटेल डिजिटल भुक्तानीमा कमी आएको छैन। मोबाइल बैंकिङ, वालेटलगायतका व्यक्तिले प्रयोग गर्ने माध्यमबाट हुने भुक्तानी बढेको छ। तर, आरटिजिएसलगायतका माध्यमबाट हुने ठूलो रकमको भुक्तानीमा भने कमी आएको छ। फलस्वरूप समग्र डिजिटल भुक्तानीमा कमी देखिएको हो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

मुख्य सिजनमै दुई सरकारी सिमेन्ट उद्योग बन्द

अजित अधिकारी/नयाँ पत्रिका

नेपालमा सिमेन्टको उच्च माग हुने सिजन चलिरहेको छ। तर, सरकारी स्वामित्वका उदयपुर सिमेन्ट र हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापकीय कमजोरीका कारण दुई सातादेखि बन्द अवस्थामा छन्। दुवै उद्योगले कोइला अभाव र पार्टपुर्जा मर्मतका कारण बन्द गर्नुपरेको जिकिर गरेका छन्। हेटौंडा सिमेन्टका महाप्रबन्धक वसन्त पाण्डेले कोइला अभाव तथा मर्मतका लागि उद्योग १५-२० दिनदेखि बन्द रहेको बताए। 'अहिले कोइला अभावले बन्द गरिएको छ। यही वेला पार्टपुर्जाहरू मर्मतसमेत भइरहेको छ,' उनले भने, 'पुरानो उद्योग मर्मत गर्दा बन्द गर्नुलाई स्वाभाविक लिनुपर्छ।' तर, सिमेन्टको माग उच्च हुने वेला बन्द गरिएका दुवै उद्योग खुल्ने पनि टुंगो छैन।

अहिले स्टकमा करिब एक हजार टन कोइला रहेको र यो परिमाण दुई हजार टन पुगेपछि सञ्चालनको योजना बनाएको उनले बताए। तर, आपूर्तिकर्ताले भने पुरानो बक्यौता नदिएसम्म थप कोइला उपलब्ध नगराउने जवाफ पठाएको छ।

हेटौंडा सिमेन्टले कोइलाको बक्यौता २० करोड रुपैयाँभन्दा बढी तिर्न बाँकी छ। पुरानो बक्यौता नतिरेसम्म नयाँ टेन्डर भएको १७ हजार टन कोइला आपूर्ति नगर्ने ठेकेदारले जवाफ दिइसकेका छन्। महाप्रबन्धक पाण्डेले भने पुरानो बक्यौतालाई यथास्थितिमा राखेर नयाँ कोइलाको भुक्तानी दिने सर्तमा ठेकेदारलाई 'कन्भिन्स' गर्ने प्रयत्न भइरहेको बताए। उनले उद्योगलाई पूर्ण क्षमतामा चलाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा एक अर्ब ६० करोड थप लगानी आवश्यक रहेको कार्ययोजना पेस गरेको बताए।

'थप लगानीसम्बन्धी कार्ययोजना सरकारले स्वीकृत गरे उद्योगले नयाँ जीवन पाउँछ,' उनले भने, 'अहिले त सञ्चालन खर्च नै धान्न गाह्रो छ।' हेटौंडाले उत्पादन गर्दै आएको शक्ति सिमेन्ट प्रतिबोरा सात सय एक रुपैयाँ ७३ पैसा 'गेट प्राइज' राखेको छ। तर, यसको उत्पादन लागत प्रतिबोरा करिब आठ सय ५० रहेको महाप्रबन्धक पाण्डेको भनाइ छ।

■ कहिलेकाहीं मात्र खुल्न थाल्यो उदयपुर सिमेन्ट

उदयपुर सिमेन्ट उद्योग यो वर्ष निरन्तर बन्द हुने र कहिलेकाहीं मात्र खुल्ने गरेको छ। उद्योग प्रशासनले तयार गरेको मासिक प्रगति विवरणअनुसार गत कात्तिकमा ६ दिन खुलेर २४ दिन उद्योग बन्द भएको थियो। त्यस्तै, मंसिरमा १३ दिन खुलेर १६ दिन बन्द भएको उद्योग पुसमा नौ दिन खुलेर २१ दिन बन्द गरिएको थियो। माघमा भने दुई साता मात्रै चलेको थियो। उद्योग यतिवेला पनि बन्द छ।

गत आर्थिक वर्ष ०७८/७९ मा उतारचढाव व्यहोरेको उद्योग वैशाखदेखि भने निरन्तर ओरालो लागेको हो। मासिक २४ हजार टन क्लिंकर उत्पादन क्षमता भएको उद्योगबाट वैशाखमा पाँच हजार नौ सय ५० टन, जेठमा १० हजार सात सय ३५ टन, असारमा एक हजार नौ सय ८५ टन, साउनमा पाँच हजार पाँच सय ५० टन क्लिंकर उत्पादन भएको छ। त्यस्तै, भदौमा सात हजार ६ सय ५५ टन, असोजमा सात हजार ५५ टन, कात्तिकमा दुई हजार ५१ टन, मंसिरमा ६ हजार २८ टन र पुसमा तीन हजार चार सय ५५ टन मात्र उत्पादन गरेर उद्योग आधा क्षमतामा पनि सञ्चालन गर्न व्यवस्थापन अक्षम भएको छ।

बन्द अवस्थामा रहेको उदयपुर सिमेन्ट पनि कहिले खुल्ने टुंगो छैन। उदयपुर सिमेन्ट उद्योगमा कार्यरत नेपाल औद्योगिक मजदुर संगठनका अध्यक्ष महावीर चौधरीले व्यवस्थापकीय कमजोरीका कारण उद्योग निरन्तर बन्द रहेको बताए। 'उद्योग अहिले बन्द छ। कहिले खुल्छ टुंगो छैन। कोइला नै नभएकाले खुलिहाल्यो भने पनि चाँडै बन्द हुने गर्छ,' उनले भने। तर, महाप्रबन्धक गोपीप्रसाद न्यौपानेले भने धेरै सिमेन्ट उत्पादन हुँदा राख्ने ठाउँको अभाव भएकाले बाध्यतावश बन्द गर्नुपरेको तर्क गरे। मासिक २४ हजार टनसम्म क्लिंकर उत्पादन क्षमता भएको उद्योग वैशाखयता आधा क्षमता पनि चल्न सकेको छैन।

'उद्योगमा धेरै सिमेन्ट उत्पादन भएको छ। त्यो राख्ने ठाउँ नै नभएकाले बन्द गर्नुपरेको हो,' उनको तर्क छ, 'यही वेला मेसिनरी पार्टपुर्जा पनि मर्मत गर्नुपरेको छ।' यद्यपि, उनले बुधबारबाटै उद्योग खोल्ने दाबी गरे। विगतमा पनि 'भोलिदेखि नै उद्योग खोल्ने' भन्दै उनी पन्छिँदै आएका थिए।

बन्द रहेका दुवै उद्योगले सिमेन्ट बिक्री भने जारी राखेका छन्। हेटौंडा सिमेन्टले दैनिक चार हजार बोरा बिक्री गरिरहेको महाप्रबन्धक पाण्डेले बताए। सो उद्योगमा अहिले एक लाख बोरा शक्ति ब्रान्डको सिमेन्ट मौज्दात रहेको उनले बताए। त्यस्तै, उदयपुर सिमेन्टले पनि नियमित बिक्री गरिरहेको महाप्रबन्धक न्यौपानेले बताए। सो उद्योगमा हाल डेढ लाख बोरा सिमेन्ट मौज्दात रहेको उनको दाबी छ।

मौसमी कामदार लैजान पछि हट्यो कोरिया

मुना कुँवर/नयाँ पत्रिका

भिसा अवधि सकिएपछि पनि गैरकानुनी रूपमा बस्ने गरेको भन्दै कोरियाले नेपाली श्रमिकलाई मौसमी कामदारका रूपमा लैजानबाट पछि हटेको छ। नेपालसँगै कम्बोडिया, भारत, बंगलादेशलगायतका मुलुकबाट लगिएका मौसमी कामदार भिसा अवधि सकिएपछि लुकेर कोरिया बस्न थालेपछि तत्कालका लागि मौसमी कामदार भर्ना प्रक्रियामा मौन रहेको हो।

कोरियाले कृषिलगायताका क्षेत्रमा निश्चित अवधिका लागि विश्वका विभिन्न मुलुकबाट कामदार लैजाने गरेको छ। बाली थन्क्याउने तथा लगाउने समयलाई लक्षित गर्दै कोरियाले सीमित समयका लागि मात्रै कामदार भर्ना गर्छ। यस्तो कामदारको भिसा तीन महिनादेखि एक वर्षसम्मको हुन्छ। अवधि सकिएपछि कामदार आफ्नै मुलुक फर्कनुपर्छ।

विगतमा नेपालबाट मौसमी कामदार कोरियाले लैजाने गरे पनि अहिले कुनै पनि पहल नगरेको वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्यले बताए। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मौसमी कामदारसम्बन्धी निर्देशिका नै जारी गरेको छ। निर्देशिकाबमोजिम विभागले नेपालस्थित कोरियाली दूतावास र कोरियाका लागि नेपाल दूतावासमार्फत कोरियाको सम्बन्धित निकायमा समेत प्रस्ताव गरेको विभागका महानिर्देशक आचार्यले बताए। तर, कोरिया सरकारले हालसम्म यस विषयमा कुनै पनि प्रतिक्रिया नदिएको उनले बताए।

■ हतारमा निर्देशिका जारी

श्रम मन्त्रालयले मौसमी कामदारसम्बन्धी निर्देशिका तीव्र गतिमा पारित गरेको छ। केही स्थानीय निकायले आफूखुसी मौसमी कामदार कोरिया पठाएको सूचना बाहिरिएपछि सरकारले निर्देशिका बनाएको हो। स्थानीय निकायलाई खुसी बनाउन संघीय निर्वाचनअघि नै हतार-हतारमा सरकारले निर्देशिका पारित गरेको थियो।

वैदेशिक रोजगार ऐनबमोजिम विभागबाट कामदार पठाउन अनुमति नपाएका कुनै पनि व्यक्ति वा निकायले कामदार पठाउन नपाउने व्यवस्था छ। तर, स्थानीय निकायले आफूखुसी कोरियास्थित स्थानीय निकायसँगको सम्झौतामा कामदार पठाएका थिए। त्यसैले सो प्रक्रियालाई वैधानिक बनाउन सरकारले निर्देशिका जारी गरेको थियो।

निर्देशिकाअनुसार स्थानीय सरकारले मौसमी कामदार पठाउँदा शून्य लागतमा नै पठाउनुपर्नेछ। सम्बन्धित रोजगारदातासँग श्रम सम्झौता गर्दा कामदार सम्बन्धित रोजगारीमा पुगेर फर्कंदासम्मको सम्पूर्ण आर्थिक जिम्मेवारी रोजगारदाताले नै व्यहोर्ने गरी सम्झौता गरिनुपर्ने निर्देशिकामा व्यवस्था गरिएको छ।

मौसमी कामदार पठाउन सरकारले इच्छुक मुलुकसँग मौसमी कामदारका लागि सम्झौता गर्न सक्नेछ। सम्झौतापछि सम्बन्धित मुलुक, रोजगारदाता वा सरकारले तोकेको निकायले नेपाली नागरिकलाई मौसमी कामदारका रूपमा नियुक्त गर्न चाहेमा विभिन्न विवरणसहित सम्बन्धित मुलुकमा रहेको नेपाली नियोगमा गई मागपत्र प्रमाणीकरण गर्नुपर्नेछ। त्यस्तै, मागपत्रप्राप्त स्थानीय तहले पनि सार्वजनिक सूचना नै जारी गरी रोजगारमा जान चाहने व्यक्तिसँग आवेदन माग गर्नुपर्नेछ। प्राप्त आवेदनबाट उम्मेदवारको छनोट गरी विभागमा पठाउनुपर्नेछ।

■ गैरकानुनी मौसमी कामदार जोखिममा

गैरकानुनी प्रक्रियामार्फत मौसमी कामदार गएको मौसमी कामदार जोखिममा परेको श्रम मन्त्रालयले बताएको छ। मन्त्रालयको कल सेन्टरमा दैनिक मौसमी कामदार गएर जोखिममा परेको कामदारको गुनासो आउने गरेको मन्त्रालयको दाबी छ।

मन्त्रालयका अनुसार अधिकांश कामदार व्यक्तिगत श्रम स्वीकृतिमा मौसमी कामदार कोरिया, युके, क्रोसिया, माल्टालगायतका मुलुकमा गएका छन्। एजेन्टमार्फत मौसमी कामदारका रूपमा वैदेशिक रोजगारीमा जाने हुँदा चर्को शुल्क भुक्तानी गर्नुपर्ने र तोकिएबमोजिम कामदारले पारिश्रमिक र अन्य सुविधा नपाउने गरेको मन्त्रालयमा गुनासो आउने गरेको छ।

कतिपय कामदार विभिन्न मुलुक हुँदै गन्तव्य मुलुक पुग्ने हुँदा सरकारसँग उनीहरूको कुनै तथ्यांक नै नहुने गरेको मन्त्रालयको भनाइ छ।

श्रक मन्त्रालयको नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२२ अनुसार आर्थिक वर्ष ०७४/७५ देखि आव ०७८/७९ सम्ममा ६० हजार नेपाली कामदारले व्यक्तिगत श्रम स्वीकृति लिएर रोजगारीमा गएका छन्। मौसमी कामदारका रूपमा रोजगारीमा जाने कामदारले व्यक्तिगत श्रम स्वीकृति लिएर गएको देखिन्छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९/११/०३)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैँतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैँतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण
१.) ऋणी : रामु गिरी (ना.प्र.नं. १०८१५८, मिति २०५७/०५/०८ मा जि.प्र.का. कास्कीबाट जारी भएको) ठेगाना : पोखरा लेखनाथ २२, कास्की बाबु : खेमलाल गिरी बाजे : भक्त गिरी **व्यक्तिगत जमानीकर्ता :** **निरु गिरी** (ना.प्र.नं. ४६-०१-७४-०४७२१, मिति २०७४/०६/०१ मा जि.प्र.का. कास्कीबाट जारी भएको) पति : रामु गिरी ससुरा : खेमलाल गिरी	२) ऋणी : निर्मल गुरुङ (ना.प्र.नं. ६५-०१-७०-०५७६६, मिति २०७०/०१/१४ मा जि.प्र.का. बर्दियाबाट जारी भएको) ठेगाना : सानोश्री ०७, बर्दिया बाबु : दिपक गुरुङ बाजे : जित बहादुर गुरुङ **व्यक्तिगत जमानीकर्ताहरू :** **१. दिलिप गुरुङ** (ना.प्र.नं. २०५३३, मिति २०६०/०४/१२ मा जि.प्र.का. बर्दियाबाट जारी भएको) बाबु : प्रेम बहादुर गुरुङ बाजे : लाल बहादुर गुरुङ **२. दिपक गुरुङ** (ना.प्र.नं. १०८४/६००९२८०१, मिति २०५१/०५/०६ मा जि.प्र.का. बर्दियाबाट जारी भएको) बाबु : जित बहादुर गुरुङ बाजे : मन बिर गुरुङ

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय डडेल्धुराको तपसिलमा उल्लिखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति: २०७९/११/०३, नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय डडेल्धुराबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैँतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत परोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

देव सिंह सावदको नाती, जहर सिंह साउदको छोरा, मनिषा कुमारी बुढाऐरको पति, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०४ (साबिकको बगरकोट गा.वि.स. वडा नं. ०८) स्थायी ठेगाना भई बस्ने **श्याम बहादुर सावद** (ना.प्र.नं. ७४१०१६/९३, जारी मिति: २०६५/०५/२६, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. भिम बहादुर बुढाऐरको नातिनी, अम्बर बहादुर बुढाऐरको छोरी, जहर सिंह साउदको बुहारी, श्याम बहादुर सावदको पत्नी, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०२ स्थायी ठेगाना भई भागेश्वर गा.पा. वडा नं. ०४ बस्ने **मनिषा कुमारी बुढाऐर** (ना.प्र.नं. ७४१००१/२५६०, जारी मिति: २०६८/०४/०३, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा)।

धितो सुरक्षणको विवरण:

१. **श्याम बहादुर साउद**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, भुभिराज गा.वि.स. वडा नं. १/ख स्थित कित्ता नं. १३०६ को क्षे.फ. १-७-२-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय डडेल्धुरा फोन नं. ०९६-४२०४२४

कोकाकोलाले ल्यायो 'चार्ज्ड' नामक नयाँ पेय पदार्थ

नयाँ पत्रिका
काठमाडौं, २ फागुन



कोकाकोला नेपालले चार्ज्ड नामको नयाँ इलेक्ट्रिफाइड पेय पदार्थ सार्वजनिक गरेको छ। कम्पनीले कम्पनीका प्रतिनिधि, सञ्चारकर्मी र इन्फ्लुएन्जर्सहरूको उपस्थितिमा नयाँ इलेक्ट्रिफाइड पेय पदार्थ सार्वजनिक गरेको हो।

यो नयाँ पेय पदार्थले उपभोक्तालाई बेरीको स्वादमा इलेक्ट्रिफाइड फिजिजिड प्रदान गर्ने कम्पनीले जनाएको छ। चार्ज्डको लन्चसँगै कोकाकोला नेपालको बेभरेज पोर्टफोलियोमा बेरी-बोल्टको एउटा नयाँ स्वाद थपिएको कम्पनीको भनाइ छ। उपभोक्तालाई उनीहरूको आवश्यकता र जीवनशैली सुहाउँदो सफ्ट ड्रिंक्सका विभिन्न विकल्पहरू उपलब्ध गराउने प्रतिबद्धतास्वरूप चार्ज्ड बजारमा ल्याइएको कम्पनीले जनाएको छ।

कोकाकोला नेपालका कन्ट्री डाइरेक्टर आदर्श अवस्थीले नेपाली युवाका आफ्नै महत्त्वाकांक्षा भएको र उनीहरूलाई आफ्नो आकांक्षा पूरा गर्नका लागि जिम्मेवारी लिन र सोहीअनुसारको कदम चाल्न प्रेरित गर्ने सन्देशसहित चार्ज्ड बजारमा ल्याएको बताए। उनले भने, 'यसमा भएको बेरी-बोल्टको स्वादले युवाहरूलाई नयाँ स्वाद दिनुका साथै जीवनमा आइपर्ने अनिश्चितताहरूलाई लिएर चिन्ता गर्नुको साटो चुनौतीको डटेर सामना गर्ने प्रोत्साहन गर्छ।'

बोटर्स नेपालका म्यानेजिङ डाइरेक्टर दीपक सेन्ठीले नाथले आफ्ना उपभोक्ताहरूलाई नयाँ स्वादसँगै स्थानीयपन पनि पस्किँदै एक टोटल बेभरेज कम्पनी बन्ने कोकाकोला नेपालको रणनीतिलाई एक कदम अगाडि बढाएको बताए। चार्ज्ड नेपालभरका किराना पसललगायत डिपार्टमेन्ट स्टोरहरूमा दुई सय ५० एमएलको रिसाइकल गर्न मिल्ने पेट बोतलमा उपलब्ध रहेको जनाइएको छ।

भारतको उदयपुर होटेल संघ पर्यटन प्रवर्द्धन गर्न नेपालमा



काठमाडौं/ कोभिडपछिको पर्यटनलाई बढावा दिने उद्देश्यले नेपालमा पर्यटन प्रवर्द्धन गर्न भारतको राजस्थानबाट उदयपुर होटेल संघका अध्यक्ष धीरज दोसीको नेतृत्वमा एक प्रतिनिधिमण्डल नेपाल आएको छ। प्रतिनिधिमण्डललाई होटेल संघ नेपालले काठमाडौंमा स्वागत गरेको हो।

उक्त प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै होटेल संघ नेपालकी अध्यक्ष सिर्जना राणाले दुई देशबीचको पर्यटन प्रवर्द्धनमा सशक्त ढंगबाट काम गरिनुपर्ने बताइन्। उदयपुर होटेल संघका अध्यक्षमार्फत नेपालमा भारतीय पर्यटकलाई भ्रमणका लागि प्रचार-प्रसार गरिदिन उनले आग्रह गरिन्। उक्त अवसरमा उनले नेपालको सातै प्रदेशलाई समेटेर तयार पारिएको नेपालको पर्यटन प्रवर्द्धनसम्बन्धी पुस्तक हस्तान्तरण गरेको संघले जनाएको छ।

उदयपुर होटेल संघका अध्यक्ष दोसीले होटेल संघ नेपालले गरेको आतिथ्यताको सराहना गर्दै आगामी दिनमा होटेल संघ नेपालसँग सहकार्य गर्दै दुई देशबीचको पर्यटन प्रवर्द्धनमा सशक्त भएर अगाडि बढ्ने बताए।

डाडी ग्रुप पावर लि.

केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौं,
फोन नं. ०१-५७०५१५५, ५७०५६०८

नवौं वार्षिक साधारणसभा सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/११/०३

श्री शेयरधनी महानुभावहरू,

मिति २०७९/११/०१ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस डाडी ग्रुप पावर लि.को नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान र समय

स्थान : युनियन हाउस, अनामनगर, काठमाण्डौं
मिति : २०७९/११/२५ विहिबार (तदनुसार ९ मार्च, २०२३)
समय : विहान १०.०० बजे

छलफलका लागि प्रस्तावित विषयहरू :

(क) सामान्य प्रस्तावहरू:

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
(२) आ.व.२०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरि पारित गर्ने।
(३) आ.व. २०७९/८० को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियूक्ति एवंम निजको पारिश्रमिक निर्धारण गर्ने।
(४) आ.व.२०७८/७९ मा संचालक समितिबाट भए गरेका निर्णयहरू अनुमोदन गर्ने।
(५) कम्पनीले गरेका लगानीहरू स्वीकृत गर्ने ।
(६) संचालकहरूको निर्वाचन गर्ने(संस्थापक शेयरधनीहरूबाट ४ जना तथा सर्वसाधारण शेयरधनीबाट २ जनाको प्रतिर्निधित्व हुने)।

(ख) विशेष प्रस्तावहरू:

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता शेयरपुँजी रु.१,७६,७३,३१,०००/- (एक अर्व छयहत्तर करोड त्रिहत्तर लाख एकतीस हजार) को ५ प्रतिशत लाभांश (४.७५ प्रतिशत बोनश शेयर तथा ०.२५ प्रतिशत नगद लाभांश (बोनश शेयरमा लाग्ने कर प्रयोजनका लागि) स्विकृत गर्ने।
(२) बोनस शेयर जारी पश्चात पूँजी बृद्धि गर्न प्रवन्ध पत्र, नियमावली संशोधन गर्ने।
(३) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधन नियमनकारी निकायबाट कुनै फेर बदल वा सुझाव आएमा आवश्यक संशोधन समायोजन गर्न संचालक समितिलाई अख्तियारी दिने।
(ग) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारणसभा सम्बन्धी थप जानकारी:

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७९/११/१० गते बुधबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो कारोबार दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरूले मात्र कम्पनीको साधारण सभामा भाग लिन तथा बोनस शेयर प्राप्त गर्नेछन्।
२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ।
३. शेयरधनी महानुभावहरूको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ९.३० वजे देखि खुल्ला रहनेछ।
४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्तगर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालय, अनामनगर, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन।
५. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ। तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ।
६. प्रतिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ।
७. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौंमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ।

औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव सुरु

लघु, घरेलु तथा साना उद्योग नै देशको अर्थतन्त्रको मेरुदण्ड : प्रधानमन्त्री

नयाँ पत्रिका
काठमाडौं, २ फागुन



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग नै देशको अर्थतन्त्रको मेरुदण्ड भएको भन्दै यस्ता उद्योगहरूको संरक्षण र प्रवर्द्धनमा सरकार प्राथमिकताका साथ लाग्ने बताएका छन्। प्रधानमन्त्रीले स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासंघले मंगलबारदेखि आयोजना गरेको नेपाल १६औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव र छैटौं प्रांगारिक कृषि मेला- २०७९ को उद्घाटन गर्दै उक्त प्रतिबद्धता व्यक्त गरेका हुन्।

लघु, घरेलु तथा साना उद्योगीले उपभोग गरेको कर्जालाई नवीकरण गरी थप पुनर्कर्जा प्राप्त गर्ने वातावरण बनाइने आश्वासन पनि उनले दिए। उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगका लागि प्रदान गरिने सहुलियतपूर्ण कर्जालाई पुनः परिभाषित गर्दै सम्भावनायुक्त उद्योगहरूको प्रोत्साहनका लागि विशेष कार्यक्रम ल्याइने उनको भनाइ थियो। बैंकिङ क्षेत्रमा देखिएको तरलता अभावले सिर्जना गरेको लघु, घरेलु तथा साना उद्योगमा परेको पुँजी अभावलगायत समस्यालाई पनि सरकारले सम्बोधन गर्ने उनले बताए। आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न कृषिजन्य उद्योग, घरेलु तथा साना उद्योगको संरक्षणविना असम्भव भएको भन्दै उनले आफू सधैं उद्योग-व्यवसाय क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर सरकारले सदैव निजी क्षेत्रसँगको सहकार्यबाट अगाडि बढ्ने प्रधानमन्त्री दाहालको भनाइ थियो।

महिला तथा बालबालिकामन्त्री भगवती चौधरीले समृद्ध अर्थतन्त्रको निर्माण र देश विकासमा जोडिएका लघु, घरेलु तथा साना उद्योगहरू स्थानीय बजारका साथै निर्यातमा पनि लैजान सुझाव दिइन्। बागमती प्रदेशका उद्योग, पर्यटन तथा सहकारीमन्त्री डम्बर तामाङले यस्ता उद्योगका उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा समेत लैजान सुझाव दिँदै यस्ता उद्योगको विकासका लागि बागमती प्रदेश सघाउन तयार रहेको बताए।

महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले लामो समयदेखिको अस्थिरता तथा महामारीका कारणले गर्दा बैंकिङ क्षेत्रमा देखिएको तरलता अभावले सिर्जना गरेको लघु, घरेलु तथा साना उद्योगमा थप लगानी गर्ने पुँजीको अभावले उद्यमीहरू टाट पल्टिन लागेको बताए।

शनिबारसम्म चल्ने प्रदर्शनीमा देशभरका झन्डै ६ लाखभन्दा बढी लघु, घरेलु तथा साना उद्योगहरू र कृषि व्यवसायमा संलग्न उद्यमीहरूलाई प्रतिबिम्बित गरिएको आयोजकको भनाइ छ। विगत केही वर्षदेखि राष्ट्रिय औद्योगिक प्रदर्शनीलाई अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेलाका रूपमा आयोजना गर्न सुरु गरेको मेला संयोजक शोभा गुरुङले बताइन्।

प्रदर्शनीमा नेपालका सबै प्रदेश र जिल्लाका उद्यमीहरू, उपयुक्त प्रविधि प्रयोगकर्ताहरू र भारत, पाकिस्तान, बंगलादेशलगायत सार्क देश तथा चीनको सहभागिता रहेको जनाइएको छ। दुई सय स्टल रहेको प्रदर्शनी अवलोकन गर्न दुई लाखभन्दा बढी आउने र सात करोड रुपैयाँभन्दा बढीको आर्थिक कारोबार हुने अनुमान गरिएको महासंघका महासचिव डम्बरप्रसाद रेग्मीले बताए।

दरबारमार्गको केडे कम्पनीमा एनआइसी एसिया बैंकका ग्राहकलाई छुट

नयाँ पत्रिका
काठमाडौं, २ फागुन



एनआइसी एसिया बैंकका ग्राहकले दरबारमार्गको दरबार मलमा रहेको केडे कम्पनी प्रालिमा छुट पाउने भएका छन्। केडे कम्पनीमा किनमेल गरी डिजिटल भुक्तानी गर्दा २० प्रतिशत छुट पाउनेबारे कम्पनी र बैंकबीचमा समझदारी भएको हो।

समझदारीपत्रमा बैंकका लाइफ स्टाइल बैंकिङ युनिभर्स प्रमुख श्यामप्रसाद लामिछाने र केडे कम्पनीका प्रबन्ध निर्देशक डिप्रिना शाक्यले हस्ताक्षर गरेको जनाइएको छ।

समझदारीअनुसार एनआइसी एसिया बैंकमा खाता खोलेर मोबाइल बैंकिङ एप, डेबिट कार्ड, क्रेडिट कार्ड वा प्लाटिनम कार्ड प्रयोग गरिरहेका ग्राहकले केडे कम्पनीमा किनमेल गरी डिजिटल भुक्तानी गर्दा २० प्रतिशत छुट पाउने उल्लेख छ। त्यस्तै, बैंकका कर्मचारीले भने २५ प्रतिशत छुट पाउने बैंकले जनाएको छ।

बैंकले हाल देशभरमा तीन सय ५९ शाखा, चार सय ७३ एटिएम, एक सय ६ विस्तारित काउन्टर एवं ८१ शाखारहित बैंकिङमार्फत सेवा दिइरहेको जनाएको छ।

भायानेटका तीन नयाँ शाखा

काठमाडौं/ इन्टरनेट र टेलिभिजन सेवाप्रदायक भायानेट कम्युनिकेसन लिमिटेडले आफ्नो सेवा विस्तार गर्ने क्रममा तीन जिल्लामा नयाँ शाखा विस्तार गरेको छ। कम्पनीले तनहुँको आबुखैरेनी, मोरङको उर्लाबारी र दाङको लाटमियामा शाखा सञ्चालनमा ल्याएको हो।

आफ्ना ग्राहकका लागि समय-समयमा विभिन्न योजनाहरू सञ्चालन गर्ने भायानेटका योजनाहरूबाट यी तीनै स्थानका ग्राहक तथा सर्वसाधारण लाभान्वित हुने कम्पनीले जनाएको छ। पछिल्लो समय ग्राहकले भायानेटको अल्ट्राफाईजस्ता योजनाहरूमार्फत सुपथ मूल्यमा उच्चस्तरको इन्टरनेटसँगै एक सय ७५ भन्दा बढी च्यानल भएको भायाटिभी पनि हेर्न पाइरहेको कम्पनीको दाबी छ।

कम्पनीले नयाँ शाखा सञ्चालन भएको अवसर पारेर तीनै स्थानमा आफ्नो अल्ट्राफाई प्याकेजमा विशेष ओपेनिङ अफर उपलब्ध गराएको जनाइएको छ। यो सुविधा सीमित अवधिका लागि भएको कम्पनीको भनाइ छ। भायानेटले नेपालमा पहिलोपटक फाइबर अप्टिक इन्टरनेट सेवा उपलब्ध गराएको दाबी गरेको छ। यसले सन् २०१६ मा नेपालमा पहिलो आइपी टिभी सेवाको पनि शुभारम्भ गरेको जनाइएको छ। कम्पनी आइएसओ ९००१:२०१५ प्रामाणिक रहेको उल्लेख छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०७९/११/०३

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साबिक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.) को शाखा कार्यालय कोटीहवा, रुपन्देहीबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने सावाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने सावाँ, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको चल/अचल सम्पत्ति **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानतको कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स एसएमई अधिबिकर्ष कर्जा
ऋणीको नाम : श्रेष्ठ ईन्टरप्राईजेज
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ५
रजिष्ट्रेशन नं. : ४०६५५/०७४ (वाणिज्य कार्यालय, रुपन्देही)
पान नं. : ६०७०४८५२६

प्रोप्राईटरको नाम र ठेगाना
नाम : साजन श्रेष्ठ
बाबु : मोहन कुमार श्रेष्ठ
बाजे : ईन्द्र बहादुर श्रेष्ठ
ठेगाना : सिद्धार्थनगर न.पा.-१३, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-१३, रुपन्देही
ना.प्र.नं : ३७१०२३/२/३४१३९
जारी मिति : २०६४/०२/१३
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : मदन कुमार श्रेष्ठ
बाबु : ईन्द्र बहादुर श्रेष्ठ
बाजे : मान बहादुर श्रेष्ठ
ठेगाना : सिद्धार्थनगर न.पा.-१३, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-१३, रुपन्देही
ना.प्र.नं : १११२४१८
जारी मिति : २०४५/११/३०
जि.प्र.का. : रुपन्देही

२.नाम : गोमा श्रेष्ठ
बाबु : पहलमान श्रेष्ठ
पती : मदन कुमार श्रेष्ठ
ससुरा : ईन्द्र बहादुर श्रेष्ठ
ठेगाना : सिद्धार्थनगर न.पा.-१३, रुपन्देही
हाल : सिद्धार्थनगर न.पा.-१३, रुपन्देही
ना.प्र.नं : १३३०
जारी मिति : २०२८/१२/०६
जि.प्र.का. : रुपन्देही

धितो राखिएको सम्पत्तिको विवरण:
धितो सुरक्षण धनीको नाम:- साजन श्रेष्ठ

सि.नं.	जिल्ला	न.पा./गा.पा.	वडा नं/ सिट नं.	कि.नं.	क्षेत्रफल	कैफियत
१.	रुपन्देही	मकहर	३/३ ख	६४२	०-०-१९.७५ (वि.क.धु)	सो जग्गामा भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु र सो को लिगलगापात समेत।
२.	रुपन्देही	सिद्धार्थनगर न.पा	१३	२६	९०.३५ वर्ग.मि	

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

समृद्धि फाइनान्सको मोबाइल बैंकिङ सेवामा परिवर्तन



काठमाडौं/ समृद्धि फाइनान्सले ग्राहकलाई प्रदान गर्दै आएको मोबाइल बैंकिङ सेवालाई परिवर्तन गरेको छ। फाइनान्सले एफवान सफ्ट इन्टरनेसनल प्रालिको बैंक स्मार्ट मोबाइल बैंकिङमा परिवर्तन गरेको हो।

अब फाइनान्सका ग्राहकले मोबाइल बैंकिङबाट एनसिएचएलको नेपाल पे क्युआर मर्चेन्टका साथै फोन पेका क्युआर मर्चेन्टहरूमा पनि भुक्तानी गर्न सक्ने जनाइएको छ। त्यस्तै, फाइनान्सले ग्राहकलाई फोन पेको क्युआर मर्चेन्ट बनाउन पनि सक्ने भएको उल्लेख छ। समृद्धि फाइनान्सले हाल आठवटा शाखामार्फत आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको जनाएको छ। यसले आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङलगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधा पनि प्रदान गरिरहेको जनाइएको छ।

करुणा फाउन्डेसनको सक्रियतामा ह्विलचेयर वितरण



मोरङ/ करुणा फाउन्डेसनको सक्रियतामा विराटनगरमा अपांगता भएका व्यक्तिहरूलाई ह्विलचेयर वितरण गरिएको छ। प्रदेश सरकार, प्रदेश नं १, करुणा फाउन्डेसन नेपाल, बाल अपांग टेवा संस्था, ह्विलचेयर फाउन्डेसन तथा राष्ट्रिय अपांग महासंघ नेपालले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा प्रदेश नं १ का मुख्यमन्त्री हिक्मतकुमार कार्कीले ह्विलचेयर वितरण गरेका हुन्।

कार्यक्रममा मोरङ र सुनसरी जिल्लाका विभिन्न १५ स्थानीय तहका २४ पुरुष र ११ जना महिला गरी जम्मा ३५ जना अपांगता भएका व्यक्तिलाई ह्विलचेयर प्रदान गरिएको कुरा करुणा फाउन्डेसन नेपालका व्यवस्थापक सन्तोष घिमिरेले बताए। ह्विलचेयर पाउनेहरूमध्ये ६ जना बालबालिका र २९ जना वयस्क अपांगता भएका व्यक्तिहरू रहेका थिए।

अपांगता भएका व्यक्तिहरूको जीवनको गुणस्तरमा सुधार ल्याउने उद्देश्यले ह्विलचेयर वितरण गरिएको करुणा फाउन्डेसनले जनाएको छ। कार्यक्रममा मुख्यमन्त्री कार्कीले हाल करुणा फाउन्डेसन नेपालसँगको सहकार्यमा यस प्रदेशका विभिन्न स्थानीय तहहरूमा अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनमा रहेको र यसको प्रभावकारिता, आवश्यकता र स्रोत हेरी अन्य सबै स्थानीय तहहरूमा विस्तार गर्ने लक्ष्य रहेको बताए। अपांगता हुनबाट बचाउनका लागि सचेतनाका क्रियाकलाप प्रभावकारी ढंगले अगाडि बढाउनुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा करुणा फाउन्डेसन नेपालका सहनिर्देशक योगेन्द्र गिरीले अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन रहेका प्रदेश नं १ का ५८ स्थानीय तहहरूमा हाल २८ हजारभन्दा बढी अपांगता भएका व्यक्तिहरू रहेको बताए।

कर्जन्हामा १० करोडको कोल्डस्टोर बन्ने

सिराहा/ सिराहाको कर्जन्हा नगरपालिका-३, बन्दीपुरमा १० करोड लागतमा कोल्डस्टोर निर्माण हुने भएको छ। कर्जन्हा नगरपालिकाले कोल्ड स्टोर निर्माण प्रक्रियालाई अगाडि बढाएको हो। संघीय सरकारको विशेष अनुदानबाट कर्जन्हा नगरपालिका-३, सुन्दरपुरमा ६ कट्ठा जग्गामा कोल्डस्टोर निर्माणको प्रक्रिया अगाडि बढाएको प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवारले बताए। तीन वर्षमा निर्माण सम्पन्न हुने गरी चालू आर्थिक वर्षमा तीन करोड रुपैयाँ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको प्रमुख प्रशासकीय अधिकृत दनुवारले बताए।

कोल्डस्टोरमा फलफूल, तरकारी भण्डार गर्ने सुविधा रहने प्रमुख प्रकाशकीय अधिकृत दनुवारले बताए। 'कमला नदीको बगरमा उत्पादन हुने खरबुजा, काँक्रो, खिरी, सजीवन, फर्सी भण्डार गर्न सहज हुनेछ,' उनले भने, 'पूर्व-पश्चिम राजमार्गको पश्चिमबाट पूर्वतर्फ प्रवेश गर्ने बिन्दुमै निर्माण हुने भएकाले कृषि उत्पादनको भण्डारमा शतप्रतिशत उपयोगी रहनेछ।'

हकदावीको सूचना

उदयपुर जिल्ला, चौदण्डीगढी नगरपालिका वडा नं ३ बस्ने टेक बहादुर खड्काको नाति, भक्त बहादुर खड्काको छोरा,लक्ष्मी कुमारी बिष्टको पति श्री नन्द राज खड्काको मिति २०७९/०२/०३ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं ०१३०५०५०२१२५५७ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निज श्री नन्द राज खड्काकी श्रीमती लक्ष्मी कुमारी बिष्टले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ र अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय पुल्चोक, नारायणगढ, चितवन
फोन नं.:-०५६- ५९६०२१, ५९६०२८

‘स्पट फिक्सिङ’मा काठमाडौं नाइट्सका मालिक पनि संलग्न, १२ जनालाई मुद्दा चल्ने

नयाँ पत्रिका

फिक्सिङलगायतका कारणले विवादमा परेको नेपाल टी- २० लिगमा खेलाडी चयनदेखि नै शंकास्पद गतिविधि देखिएको प्रहरीले जनाएको छ । प्रतियोगिता आयोजना गर्ने जिम्मा पाएको भारतीय कम्पनी सेभेन थ्री स्पोर्ट्सले फिक्सिङ गराउने पूर्वयोजनाअनुसार नै केही विदेशी खेलाडीलाई अनुबन्धित गराएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को निष्कर्ष छ ।

यस प्रकरणमा प्रहरीले अनुसन्धान पूरा गरी मंगलबार जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको छ, जसमा प्रतियोगिताको मुख्य साझेदार कम्पनी, टिमका मालिकसहित १२ जनाविरुद्ध मुद्दा चलाउनुपर्ने निष्कर्ष निकालिएको छ । नेपाल क्रिकेट संघले व्यावसायिक तथा रणनीतिक साझेदारका रूपमा भित्र्याएको भारतीय कम्पनी सेभेन थ्री स्पोर्ट्सका मालिकहरू नै फिक्सिङका मुख्य नाइके भएको सिआइबीले जनाएको छ । कम्पनीका सञ्चालकहरू जतिन अहलुवालिया, अभिशेख शाखलानी र विनोद धानीविरुद्ध मुद्दा चलाउन सिफारिस गरिएको छ । उनीहरू छानबिन सुरु भएलगत्तै भागेका थिए ।

‘सो कम्पनीले सुरुदेखि नै प्रतियोगितालाई अस्वाभाविक परिणामतर्फ लैजान खोजेको देखियो,’ सिआइबीका एसएसपी दिनेश आचार्यले भने, ‘विभिन्न फ्रेन्चाइज टिममा पनि उनीहरूकै हालिमुहाली देखियो, आर्थिक कारोबारलगायत विषयसमेत अपारदर्शी देखिएका छन् । हामीले अनुसन्धान पूरा गरी रायसहितको प्रतिवेदन बुझाएका छौं ।’ केही विदेशी खेलाडी छनोट गर्दा राम्रो खेल्नेभन्दा फिक्सिङमा आफूहरूलाई सघाउने आधारमा छनोट गरेको प्रहरी अधिकारी बताउँछन् । प्रतियोगितामा पोखरा र लुम्बिनीबाहेकका सबै टिममा उनीहरूकै पकड रहेकोसमेत सिआइबीले जनाएको छ ।

सेभेन थ्री स्पोर्ट्सँगै निकट रहेका विराटनगर सुपर किंग्सका राहुल शर्माको पनि संलग्नता देखिएको छ । १२ जना संलग्न भए पनि पूर्वखेलाडी महबुब आलम, राष्ट्रिय टिमकै खेलाडी मोहमद आदिल आलम र वीरगन्जका क्रिकेटर नितेश गुप्ता पक्राउ मात्र पक्राउ परेका छन् । प्रतियोगिता खेलेकामध्ये आदिल र विराटनगर टिमको कप्तान रहेका वेस्टइन्डिजका खेलाडी एन्ड्री म्याकार्थीले बुकीको प्रभावमा परी योजनाअनुसार नै खेलेका थिए । प्रतियोगिताको १६औं खेलमा पावर प्लेभित्र २९ रन मात्र बनाएर फिक्सिङ गरेको सिआइबीको निष्कर्ष छ ।

त्यस्तै, जनकपुर रोयल्सका खेलाडी आदिलले बुकीकै निर्देशनअनुसार दुईवटा खेलमा ‘नो बल’ र वाइड फालेको पुष्टि भइसकेको छ । पुस १२ मा भएको काठमाडौं नाइट्सविरुद्धको खेलमा १२ ओभरमा फिक्सिङअनुसार उनले ‘नो बल’ र वाइड फालेका थिए । जुन कुरा आदिलले प्रहरी बयानमा पनि स्विकारेका छन् । पूर्वराष्ट्रिय खेलाडी आलमले दुई खेलाडीलाई फिक्सिङको प्रस्ताव गरेका थिए । आलमलाई यसमा लगाउने सप्तरीका रवि माझीलाई पनि फरारका रूपमा मुद्दा चलाउन लागिएको छ । भारतमा बस्ने उनी बुकी भएको अनुसन्धानमा खुलेको छ । त्यस्तै, आदिललाई समीर शेख नामक व्यक्तिले फिक्सिङका लागि परिचालन गरेका थिए ।

> खेलाडी चयनदेखि नै फिक्सिङको योजना

काठमाडौं नाइट्सका मालिक नै संलग्न

काठमाडौं नाइट्सका मालिक नवीन कँडेलको पनि फिक्सिङमा मिलेमतो रहेको सिआइबीको निष्कर्ष छ । उनलाई पनि मुद्दा चलाउनुपर्ने अनुसन्धान प्रतिवेदनमा उल्लेख छ ।

काठमाडौं नाइट्समा आबद्ध एक विदेशी खेलाडीलाई टिमकै व्यवस्थापनमा आबद्ध विकास धानीले फिक्सिङको प्रस्ताव गरेका थिए । धानी सेभेन थ्री स्पोर्ट्सँगै आबद्ध व्यक्ति हुन् । ती विदेशी खेलाडीले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)लाई यसबारे जानकारी गराएपछि छानबिन सुरु भएको थियो । त्यसको भोलिपल्टै आकस्मिक काम भनेर भारत गएका उनीहरू फर्किएनन् ।

टिमको व्यवस्थापनबाटै खेलाडीलाई यसरी फिक्सिङको प्रस्ताव गएपछि मालिक नवीन कँडेललाई पनि प्रहरीले प्रतिवादी बनाउन रायसहित अनुसन्धान प्रतिवेदन अघि बढाएको छ । प्रहरीका अनुसार कँडेलको प्रत्यक्ष संलग्नताको प्रमाण भेटिएको छैन, तर धेरै शंकास्पद गतिविधि देखिएका छन् ।

सेभेन थ्री स्पोर्ट्सका मालिक जतिनसँग निकट रहेका कँडेलले आर्थिक स्रोत देखाउन सकेका छैनन् । आफू जतिनकै आग्रहमा सो टिमको मालिक बसेको, तर विस्तृत जानकारी नभएको भनेर उनले सिआइबीमा कागज गरेका थिए । तर, जतिनको अवैध गतिविधिमा उनको सहयोग देखिएको अनुसन्धानमा आबद्ध सिआइबी अधिकारी बताउँछन् । सुरुमा उनी सिआइबीमा उपस्थित भए पनि हाल फरार छन् ।

वीरगन्जबाट पक्राउ परेका नितेश गुप्ताले पोखरा एभेन्जर्सका खेलाडीलाई फिक्सिङको प्रस्ताव राखेका थिए । नितेशलाई सघाउने भारतीय बुकीलाई पनि प्रतिवादी बनाउन लागिएको छ । राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अनुसार अभियोग दायर गर्न लागिएको छ । जसअनुसार तीन वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ । नेपालमा कानुन बनेपछि पहिलोपटक खेलकुदमा मिलेमतोसम्बन्धी मुद्दा दायर हुन लागेको हो । सरकारी वकिल कार्यालयले बुधबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गर्ने तयारी गरेको छ ।

राजनीतिक भेटवार्ता सकेर भारतीय विदेशसचिव बंगलादेशतर्फ

पर्शुराम काफ्ले/नयाँ पत्रिका

काठमाडौंमा बाक्ला राजनीतिक भेटवार्ता सकेर भारतीय विदेशसचिव विनयमोहन क्वात्रा बंगलादेश गएका छन् । दुईदिने भ्रमणमा आएका उनले सोमबार र मंगलबार शीर्ष राजनीतिक नेतृत्वसहित एक दर्जन राजनीतिक भेटवार्ता गरेका छन् । नेपालका राजनीतिक दलहरू भावी राष्ट्रपति निर्वाचनको तयारीमा छन् ।



विदेशसचिव क्वात्राले मंगलबार उपप्रधानमन्त्रीत्रय नारायणकाजी श्रेष्ठ, विष्णुप्रसाद पौडेल र राजेन्द्रप्रसाद लिङ्देनसँग बेग्लाबेग्लै भेटवार्ता गरेका थिए । मंगलबार नै उनले एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, लोसपा अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टी अध्यक्ष सिके राउत, कांग्रेस नेता एवं पूर्वगृहमन्त्री बालकृष्ण खाणलगायतसँग पनि भेटवार्ता गरेका थिए ।

ऊर्जामन्त्रीसमेत रहेका लिङ्देनले पञ्चेश्वर, नदी नियन्त्रण डुबान, विद्युत् व्यापारलगायत विषयमा सहयोग गर्न अनुरोध गरेका थिए । ‘लामो समयदेखि अड्केको पञ्चेश्वरको डिपिआर चाँडै टुंग्याउने गरी अघि बढ्न आग्रह गर्दै, दोधारा-चाँदनीमा नेपालले पानी पाउने विषयमा ठोस रूपमा काम अघि बढोस् भन्ने धारणा राखेँ,’ उपप्रधानमन्त्री लिङ्देनले नयाँ पत्रिकासँग भने, ‘भारतमा नेपालको ऊर्जा व्यापार बढाउने विषयमा छलफल भयो । भारतमा विद्युत् व्यापार, बंगलादेशमा विद्युत् व्यापारका लागि ट्रान्समिसन लाइनका लागि सहजीकरणलगायत विषयमा छलफल भयो ।’

विदेशसचिव क्वात्राले भारतमा ट्रान्समिसन लाइनको स्तरोन्नति भएपछि नेपालबाट बंगलादेशमा ऊर्जा व्यापार सहज हुने बताएका थिए । मेचीपारि गलगलिया भन्सारको स्तरोन्नतिका लागि पनि लिङ्देनले आग्रह गरेका थिए ।

उपप्रधानमन्त्री श्रेष्ठसँग रक्सौल-काठमाडौं रेल तथा अन्य पूर्वाधार विकास आयोजनाका विषयमा छलफल भएको श्रेष्ठको सचिवालयले जनाएको छ ।

क्वात्राले सोमबार राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, परराष्ट्रमन्त्री डा. विमला राई पौड्याल, एमाले अध्यक्ष ओली, कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरेका थिए । एमाले अध्यक्ष ओलीले नेपाल र भारतको सम्बन्ध आधुनिक कूटनीतिक सिद्धान्तले परिभाषित गर्न नसक्ने उल्लेख गरेका थिए ।

ओलीसँग सोमबार भएको कुराकानीमा विदेशसचिव क्वात्राले दुवै देशको राजनीतिक इच्छाशक्तिका आधारमा द्विपक्षीय मामिला टुंग्याउनुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिमण्डलसहित ओली निवास बालकोट पुगेका भारतीय विदेशसचिव क्वात्राले परराष्ट्रसचिवस्तरीय बैठकमा दुई देशबीचका सबै विषयमा छलफल भएको जानकारी दिएका थिए । एमाले नेता राजन भट्टराईका अनुसार शिष्टाचार भेटमा दुई देशको सम्बन्धबारे चर्चा भएको थियो, राजनीतिक विषयमा चर्चा भएन ।

अलपत्र किसान...

पृष्ठ १ बाट क्रमशः

त्यस्तै, ०७८/७९ मा किसान सूचीकरणलाई तीव्रता दिई किसानलाई पेन्सनको विषय जोडिएको थियो ।

त्यतिवेलै किसानको वर्गीकरण गरी किसान परिचयपत्रको आधारमा पेन्सन कोष खडा गर्ने गरी कार्यविधिको मस्यौदासमेत तयार गरिए पनि पूर्णता पाउन नसकेको तत्कालीन कृषिमन्त्री गजुरेलले बताए । ‘मैले ल्याएको योजनामा किसानको वर्गीकरण गरी कार्यविधि बनाएर अघि बढ्ने र वास्तविक किसानलाई पेन्सन दिने तयारी थियो,’ उनले भने, ‘तर, सरकार परिवर्तन भएपछि योजना त्यतिवेला त्यत्तिकै रोकियो ।’

गजुरेलले दोस्रो कार्यकालका लागि ०७५ मा कृषि मन्त्रालयको नेतृत्व गर्दा पनि ‘कृषि, पशुपन्छी, भूमि व्यवस्था र सहकारी क्षेत्रको रूपान्तरणको मार्गचित्र २०७५’ सार्वजनिक गर्दै कृषि पेन्सनको विषय उठाएका थिए । तर, आफ्नो कार्यकाल छोटो रहेकाले काम गर्न नपाएको उनको भनाइ छ ।

विगतमा केही अध्ययन भए पनि कार्यक्रम अघि बढ्न नसकेको किसान आयोगका अध्यक्ष प्रेम दंगालले बताए । ‘सुरुवातमा केही राय-सुझाव लिने र कसरी अघि बढ्ने भन्ने थियो, तर अहिलेसम्म ठोस काम केही हुन सकेको छैन,’ उनले भने । उनका अनुसार यसअघिको सामान्य अध्ययनले सरकारले किसानको संख्या छुट्याउने, किसानको वर्गीकरण गर्ने र रकम जम्माको प्रकृतिबारे निष्कर्ष निकालेको थियो । तर, त्यसबारे विस्तृत अध्ययन नभएकाले कसरी, कुन मोडेलमा जाने भन्ने यकिन नभएको दंगालको भनाइ छ ।

पूर्वकृषिसचिव कृष्णप्रसाद आचार्यले पाइलट मोडेलमा कृषकको वर्गीकरण नगरेसम्म यो योजना लोकप्रियतामै सीमित रहने टिप्पणी गरे । ‘किसान वर्गीकरण एकैपटकमा गर्‍यौं भने हामी असफल हुन्छौं, त्यसका लागि स्थानीय तहहरूमै किसानको वर्गीकरण गरेर, अध्ययन गरेर मात्र अघि बढ्नुपर्छ,’ उनले भने, ‘किसानले कुनै न कुनै प्रयोजनका रूपमा स्थानीय तह, प्रदेशहरूबाट लाभ लिइरहेकाले ती सबै पक्षलाई छुट्याएर हेर्नुपर्छ ।’

कुल घरधुरीको ६० प्रतिशत कृषिमा, तर मागको ३३ प्रतिशत कृषिजन्य वस्तु आयात

साना, मझौला र ठूला गरी देशमा कुल घरधुरीको ६०.५ प्रतिशत अर्थात् ३८ लाख घरधुरी कृषिमा छन् । यीमध्ये एक हेक्टरभन्दा कम जमिन भएका साना तथा मझौला किसान ७७ प्रतिशत छन् । कुल जनसंख्याको ५७.८ प्रतिशत नेपाली रोजगारी तथा जीविकाका लागि कृषि क्षेत्रमै निर्भर छन् । तर, कृषिमा देश परनिर्भर छ । मुलुकमा कुल खपतको ३३ प्रतिशत कृषिजन्य वस्तु आयात हुन्छ । ‘केही कृषिजन्य उत्पादनमा नेपाल पूर्ण रूपमा आत्मनिर्भर भए पनि केहीमा पूर्ण रूपमा परनिर्भर छ । समग्रमा हेर्दा ६७ प्रतिशत माग स्वदेशी उत्पादनले धानेको छ भने ३३ प्रतिशत आयात हुन्छ,’ पूर्वकृषिसचिव कृष्णप्रसाद आचार्यले भने । ०७८/७९ मा नेपालले तीन खर्ब ७८ अर्ब ६० करोड रुपैयाँको कृषिजन्य वस्तु आयात गरेको थियो । त्यस्तै, ०७७/७८ मा तीन खर्ब २३ अर्ब ६६ करोडको कृषिजन्य वस्तु आयात गरिएको थियो । कृषिबाट देशको कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान छ । हाल देशभर ३० लाख ९१ हेक्टर जमिनमा खेती हुँदै आएको छ । तर, खेतीयोग्यमध्ये पनि १० लाख ३० हजार हेक्टरमा बाँझो छ ।

सत्य निरुपण...

पृष्ठ १ बाट क्रमशः

लिने ? बेपत्ताको सार्वजनिकीकरण र दोषीलाई कारबाही सिफारिस कसरी गर्ने भन्नेमा गाँठो अड्केको छ,’ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका निवर्तमान सदस्य सुनिलरञ्जन सिंहले भने, ‘यी विषय ऐनमार्फत संशोधन नगरी नयाँ पदाधिकारी नियुक्तको अर्थ छैन ।’ ऐन संशोधनको विधेयक यसअघि नै संसद्मा गइसकेकाले अब बाधा अड्काउ-फुकाउमार्फत नयाँ पदाधिकारी नियुक्त गर्न पनि नमिल्ने उनको तर्क छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संसद्मा पुगेको थियो । विधेयकमा बहस चलिरहेका वेला १ असोजमा प्रतिनिधिसभाको कार्यकाल सकिएको थियो ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रवक्ता फणीन्द्र गौतमले ऐन संशोधनको विधेयक सरकारको प्राथमिकतामा रहेको बताए । ‘संक्रमणकालीन न्याय अन्तर्राष्ट्रिय चासोको विषय पनि बनेको छ, अब सरकारले चाँडो संशोधन विधेयक लैजान्छ होला,’ उनले भने, ‘सरकारको न्यूनतम साझा कार्यक्रममा परेको विषय पनि हो ।’ पदाधिकारी नियुक्तिका लागि बाधा नपरे पनि राजनीतिक सहमतिको विषय भने हुने उनको भनाइ छ ।

२५ पुसमा सार्वजनिक भएको सरकारको साझा न्यूनतम कार्यक्रमको बुँदा नम्बर १९ मा शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायका बाँकी काम सम्पन्न गरी पीडितलाई न्याय र परिपूरणको व्यवस्था गर्ने उल्लेख छ । त्यसका लागि प्रचलित ऐनमा संशोधनका गर्दा विगतमा भएका सहमतिलाई समेत आधार बनाउने भनिएको छ ।

तर, द्वन्द्वकालमा भएका जघन्य घटना सम्बोधनका विषयमा दलहरू एकमत छैनन् । पछिल्लोपटक पेस भएको संशोधन विधेयकमा पनि दलहरूबीच सहमति जुट्न सकेको थिएन । खासगरी ०७१ मा बनेको ऐनमा केही गम्भीर अपराधमा समेत क्षमादानको प्रस्ताव राखिएको थियो । तर, सर्वोच्च अदालतले रिटको पक्षमा फैसला गरिदिएपछि यी प्रावधान स्वतः निष्क्रिय बनेका थिए ।

अहिले दुवै आयोग पदाधिकारीविहीन हुँदा अनुसन्धान, सरकारलाई सिफारिस, परिपूरण र राहतको काम रोकिएको छ । द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धान, पीडितलाई क्षतिपूर्ति र पीडकलाई कारबाहीका लागि ६ वर्षअघि आयोग गठन भएका हुन्, तर कार्यादेशअनुसारको कार्यसम्पादन गर्न सकेका छैनन् ।

सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिको सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न २७ माघ ०७१ मा सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भएको थियो ।

आयोगलाई द्वन्द्वपीडितको उजुरी लिने, पीडित परिवारलाई परिचयपत्र दिने, प्रारम्भिक र विस्तृत अनुसन्धान गर्ने, बयान लिने, मुद्दा चलाउने र पीडितलाई परिपूरणका लागि सरकारसमक्ष सिफारिस गर्ने कार्यादेश छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्न गठित आयोगका निवर्तमान सदस्य सिंहले द्वन्द्वपीडितलाई परिचयपत्र वितरण, अन्तरिम राहत सिफारिस, कारबाहीका लागि सिफारिस र परिपूरणका लागि सिफारिस गर्न अझै एक वर्ष लाग्ने कार्ययोजना मन्त्रालयलाई दिइएको बताए ।

५ मंसिर ०६३ मा बृहत् शान्ति सम्झौता हुँदा ६ महिनाभित्र संक्रमणकालीन न्यायका संयन्त्र बनाउने र तत्कालै पीडकलाई कठघरामा उभ्याई पीडितलाई न्याय दिलाउने भनिएको थियो । ०७१ मा मात्रै आयोग बनेका थिए । यसअघि दुवै आयोगका पछिल्ला पदाधिकारी ५ माघ ०७६ मा नियुक्त भएका थिए । उनीहरूको म्याद ३२ असार ०७९ सम्म थपिएको थियो । मेलमिलाप आयोगमा द्वन्द्वपीडितका साढे ६४ हजार उजुरी छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले पनि प्रभावकारी काम गर्न सकेको छैन । यो आयोगमा साढे तीन हजारभन्दा बढी उजुरी परेका छन् । आयोगले छानबिन टुंग्याउन सकेको छैन । आयोगलाई बेपत्तामध्ये मारिएका आशंका रहेको स्थानमा शव उत्खनन, उजुरीको छानबिनका क्रममा पीडितको बयान र पीडितको पहिचान लिने अधिकार छ । तर, यी कुनै पनि काम भएका छैनन् ।

टुंगो लाग्न...

पृष्ठ १ बाट क्रमशः

लोसपाका सर्वेन्द्रनाथ शुक्लाले समर्थन गर्दै अर्को संसद्मा लैजानुपर्ने धारणा राखेका थिए ।

सांसद बदूले संसद्को कार्यकाल सकिने वेलामा आएको महाभियोग अर्को संसद्मा जाने गरी नियमावलीमा व्यवस्था गर्नुपर्ने बताए । ‘महाभियोग पाँच महिनाभित्र टुंग्याउने भनिएको छ । संसद्को कार्यकाल सकिनु एक महिनाअघि महाभियोग आयो भने के गर्ने ?’ उनले प्रश्न गरे, ‘त्यसैले एउटा संसद्मा आएर नटुंगिएको महाभियोग अर्को संसद् आइसकेपछि टुंगो लाग्ने व्यवस्था नियमावलीमा राखौं । पछि आउने संसद्बाट भए पनि महाभियोग टुंगो लगाउनुपर्छ ।’ काग्रेसकै यादवले नियमावलीमा निष्क्रिय हुने नलेखिएकाले प्रस्ताव अर्कोमा लान सकिने धारणा राखिन् ।

एमाले सांसद श्रेष्ठले नयाँ संसद्ले जिम्मेवारी लिनुपर्ने धारणा राखे । माओवादीका बस्नेतले प्रतिनिधिसभा अविच्छिन्न उत्तराधिकारी भएकाले नयाँ आएपछि महाभियोग प्रस्ताव स्वतः सर्ने धारणा राखे । ‘विधेयक सरकारले निर्माण गर्ने हो । महाभियोग प्रतिनिधिसभाबाट उत्पत्ति हुन्छ । अविच्छिन्न उत्तराधिकार संस्थाको हिसाबले अघिल्लोमा टाइम पुगेन भने पछि आउनेमा लिएर छलफल गर्नु उपयुक्त हुन्छ । हामीले यो अभ्यासलाई अवलम्बन गर्नुपर्छ,’ उनले भने ।

जसपाका यादवले थपे, ‘सभापतिजीले भनेको कुरा ठीक छ । अर्को संसद्मा पेस गरौं ।’ लोसपाका शुक्लाले संसद्को कार्यकाल सकिएसँगै विधेयक निष्क्रिय हुने भए पनि महाभियोग प्रस्ताव कायमै रहने जिकिर गरे । ‘निष्क्रिय भएको विधेयक परिमार्जित वा त्यत्तिकै प्रस्ताव गर्न सकिन्छ । तर, महाभियोग लागेको व्यक्तिले त्यत्तिकै छुट पायो भने एउटा सम्भावित दोषीले कानुनी लु पोलको फाइदा उठाएर उन्मुक्ति पाउँछ । त्यसकारण कानुनमा लु पोल भए सच्याउनु हाम्रो कर्तव्य हो । सच्याएर अर्को संसद्मा फेरि विचार हुने गरी महाभियोग सार्नुपर्छ,’ उनले भने ।

मस्यौदा समितिमा राष्ट्रपति र उपराष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव तीन महिना र प्रधानन्यायाधीशसहित संवैधानिक परिषद्का पदाधिकारीविरुद्धको प्रस्ताव पाँच महिनाभित्र टुंग्याउने सहमति भइसकेको छ । तर, निर्धारित समयअगावै प्रतिनिधिसभाको कार्यकाल सकिएमा महाभियोग प्रस्ताव जहाँसम्म प्रक्रिया पुगेको छ, त्यहींबाट नयाँ संसद्मा अगाडि बढाउने कि फेरि सुरुवाती चरणबाट अघि बढाउने भन्ने टुंगो लागेको छैन । साथै तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध एक वर्षदेखि अलपत्र महाभियोग प्रस्तावलाई के गर्ने भन्ने पनि तय भइसकेको छैन ।

सभापति केसीले महाभियोग अर्को सदनमा लैजाने सैद्धान्तिक सहमति जुटेको र प्रक्रियाबारे बुधबार टुंगो लगाउने बताए । ‘आज सैद्धान्तिक कुरा भयो । प्रक्रिया कस्तो हुने भन्ने टुंगिएको छैन,’ उनले भने, ‘सैद्धान्तिक रूपले संसद्मा लानुपर्छ भन्ने कुरा भयो । त्यसका अरू विविध पक्षबारे केही छलफल भएको छैन । भोलिको बैठकमा सबै सक्ने प्रयास छ । फरार सांसद र समितिको विषय पनि टुंग्याउँदैछौं ।’

सभापति केसीका अनुसार मंगलबारको बैठकमा विषयगत समितिको नाम क्षेत्राधिकारमा थप हेरफेर गरिएको छ । संसद् सचिवालयले केही हेरफेरसहित प्रस्तुत गरेको मस्यौदामा सांसदहरूको सुझावका आधारमा थप हेरफेर गरिएको समिति सचिव एकराम गिरीले बताए ।

निजामती ऐनबारे कर्मचारी संगठनका पदाधिकारीसँग सुझाव माग

काठमाडौं/ संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले संघीय निजामती ऐनबारे निजामती कर्मचारी संगठनका प्रतिनिधिसँग सुझाब मागेका छन् । राष्ट्रियस्तरका पाँच निजामती संगठनका पदाधिकारीलाई मंगलबार मन्त्रालयमै बोलाएर मन्त्री मोदीले सुझाब मागेका हुन् ।

सो क्रममा नेपाल निजामती कर्मचारी युनियन, नेपाल निजामती कर्मचारी संगठन, नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती, नेपाल मधेसी निजामती कर्मचारी मञ्च र एकीकृत सरकारी कर्मचारी संगठन नेपालका पदाधिकारी सहभागी थिए । मन्त्रालयले संघीय निजामती सेवा ऐन जारी गर्ने प्रक्रिया अघि बढाएको र यसका लागि कर्मचारी संगठनको धारणा बुझ्न र सुझाव माग्न डाकेको मन्त्रीका प्रेस संयोजक बुद्ध लोप्चनले बताए ।

छलफलका क्रममा संगठनका पदाधिकारीले विद्यमान ट्रेड युनियन अधिकार कटौती नहोस् भन्नेबारे विशेष चासो व्यक्त गरेका थिए । छलफलमा सहभागी नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामतीका अध्यक्ष हरि रावलले कर्मचारीका सेवा, सुविधा तथा सर्त, वृत्ति विकास, स्थानीय तहमा गएका कर्मचारीको समस्यालगायत विषयमा छलफल भएको बताए ।

प्रदेश लोकसेवा आयोगले भर्ना गरेर स्थानीय तहमा पठाएका कर्मचारी, साबिक स्थानीय निकायका कर्मचारीका गुनासा, संघबाट गएका प्रमुख प्रशासकीय अधिकृतलाई कतिपय स्थानीय तहले नमानेकालगायत विषय पनि कर्मचारी संगठनका प्रतिनिधिले उठाएका थिए । त्यसैगरी समायोजन ऐनका गल्ती सच्याउने विषय पनि छलफलमा उठेको थियो । कतै श्रेणी, कतै तह हुँदा गन्जागोल भएकाले तहगतको एउटै प्रणालीबाट व्यवस्थापन गर्नुपर्ने विषयमा पनि छलफल भएको थियो । यसअघि कुनै पनि मन्त्रीले ऐनका विषयमा कर्मचारी संगठनसँग छलफल नगरेकामा मन्त्री मोदीले सुझाव माग्नु सकारात्मक भएको रावलले बताए ।

पेन्सन पट्टा हराएको सूचना

मिति २०७९/१०/१० गते पेन्सन क्याम्प, नयाँ गाउँ, पोखराबाट निम्न विवरणको पेन्सन पट्टा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : जै बहादुर थापा
सैनिक नं. : ५७४६५१७
पद : नायक 7/8 GR
सम्पर्क नं : ९८६३४३५१५९, ९८२५१३६७६८

हार्दिक श्रद्धाञ्जली



जन्म: १९२४/९/१५ मृत्यु: २०७९/१०/२०

स्व. गोमाकुमारी घिमिरे

हाम्रा प्रातःस्मरणीय मुमा गोमाकुमारी घिमिरेको ८८ वर्षको उमेरमा असामयिक निधन भएको यस घडीमा उहाँमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

छोराहरू: धर्मबहादुर घिमिरे/रामबहादुर घिमिरे
बुहारीहरू: लक्ष्मीदेवी घिमिरे/राममाया घिमिरे
नातिहरू: बाबुराम घिमिरे/शंकरबहादुर घिमिरे/सुवास घिमिरे/माधव घिमिरे
नातिनी बुहारीहरू: राधिका घिमिरे/ पुजा घिमिरे
नातिनीहरू: रश्मिला घिमिरे/अप्सरा घिमिरे/शर्मिला घिमिरे/ सगीता घिमिरे/प्रमिसा घिमिरे/सूचना घिमिरे
नातिनी ज्वाईहरू: रामकुमार एलन/ सुवास थापा/रामशरण फुयाँल/ निशान ढकाल/कपिल दवाडी
पनातिहरू: डेबिट घिमिरे/प्रणव रिजाल/सम्प्रद घिमिरे/सम्प्रित घिमिरे/ स्माट थापा/प्रनिस ढकाल
पनातिनीहरू: प्रणिता रिजाल/दीया घिमिरे/स्मारिका थापा
तथा
सम्पूर्ण घिमिरे परिवार
भानु-८, देउरालीटार, तनहुँ

हिमालयन बैंक लिमिटेड र सिभिल बैंक लिमिटेडका एकिकृत कारोबार, बैंकिङ्ग सेवा तथा कारोबार बन्द रहने बारे अत्यन्तै जरूरी सूचना

हिमालयन बैंक लिमिटेडद्वारा सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्पूर्ण प्रक्रिया पुरा गरी यही मिति २०७९ फाल्गुण महिना १२ गते शुक्रबारका दिन देखि “**हिमालयन बैंक लिमिटेड**” नामबाट “**क**”वर्गको इजाजत प्राप्त बैंकको रुपमा एकिकृत कारोबार सुरु गर्ने जानकारी गराउँदै बैंकका सेवा-सुविधामा निम्न अनुसारको फेर बदल आउने जानकारी गराउँदछौं ।

- प्राप्ति पश्चात् बैंकको रजिष्टर्ड कार्यालय हाल हिमालयन बैंक लिमिटेडको रजिष्टर्ड कार्यालय रहेको स्थान काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं २८ कमलादी, काठमाडौंमा रहने जानकारी गराउँदछौं ।
- हिमालयन बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरु **System Upgradation/Data Migration** का लागि मिति २०७९ फाल्गुण महिना ८ गते सोमबारको सन्ध्याकालिन काउन्टर सेवा, मिति २०७९ फाल्गुण महिना १० गते बुधबार र २०७९ फाल्गुण महिना ११ गते बिहिबार बन्द रहने छन् भने सिभिल बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरु मिति २०७९ फाल्गुण महिना ८ गते सोमबार देखि २०७९ फाल्गुण महिना ११ गते बिहिबार सम्म बन्द रहने छन् ।
- सिभिल बैंक लिमिटेडका शाखा कार्यालयहरु मिति २०७९ फाल्गुण महिना ७ गते आईतबार सुचारु रहने छन् ।
- सो अबधिमा हिमालयन बैंकबाट जारी भएको **ATM** कार्डहरु (डेबिट, क्रेडिट तथा प्रिपेड) मार्फत हुने कारोबारहरु सुचारु रहने छन् ।
- सिभिल बैंकबाट जारी भएको **ATM** कार्डहरु (डेबिट, क्रेडिट तथा प्रिपेड) मार्फत हुने कारोबारका साथै दुबै बैंकका **Mobile Banking App** र **Internet Banking** सेवा भने सो अबधिका लागि बन्द रहने छ ।
- एकिकृत कारोबार पश्चात सिभिल बैंकका ग्राहकहरुको खाता नम्बर परिवर्तन हुने हुँदा आफ्नो नजिकको शाखामा गई नयाँ खाता नम्बर लिनुहुन अनुरोध गर्दछौं ।

प्राप्ति प्रक्रियामा उल्लेखित दिनहरुमा दुबै बैंकका शाखा कार्यालयहरु तथा बैंकिङ्ग कारोबार बन्द हुने कारणले ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमा प्रार्थी छौं ।

हिमालयन बैंक लिमिटेडद्वारा सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्पूर्ण प्रक्रियामा सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायका पदाधिकारीज्यूहरु लगायत सम्पत्ति दायित्व मूल्याङ्कनकर्ता तथा यस प्रक्रियालाई सहज बनाउने अन्य सम्पूर्ण विशेषज्ञहरु प्रति हिमालयन बैंक लिमिटेड तथा सिभिल बैंक लिमिटेड हार्दिक आभार व्यक्त गर्दछौं ।

HBL Himalayan Bank Ltd. | CIVIL BANK सिभिल बैंक लिमिटेड CIVIL BANK LTD. Thinking forward Moving forward

Tarakeshwor Municipality
Office Of The Municipal Executive
Dharmasthali, Kathmandu
Bagmati Province, Nepal
Invitation for Bids

Date of First Publication: 2079/11/03 (15-02-2023)

1. Tarakeshwor Municipality, office of the Municipal Executive invites electronic bids from eligible bidders for the construction of following works (described on the table) in Tarakeshwor Municipality under National Competitive Bidding with single stage with qualification required procedures specified in public Procurement Act and Regulations.

Contract no./ID	Description of Works (construction of)	Total Estimated Amt (With VAT) Without contingency) Nrs.	Bid Security Amt (Nrs.)	Bid validity / bid security/period	Bid Document Fee (Nrs.)
Tarakeshwor /R15/079-080	Basnettar chowgau tinple bato dosro charan	98,00,000.00	2,00,000	90/120 days	3,000

2. Bidding document is available online and can be down loaded from e-GP system **http://www.bolpatra.gov.np/egp**.
3. Eligible bidders may obtain information from the office of Tarakeshwor Municipality Dharmasthali kathmandu during office hour or may visit **www.bolpatra.gov.np/egp**.

Chief Administrative Officer

बुधबार ३ फागुन ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.ले.प.नि.द.न. १७/०६९/७३०

कुशलको शतकमा नेपालको ऐतिहासिक जित

■ नामिबियाले प्रस्तुत गरेको दुई सय ८६ रनको लक्ष्य नेपालले ४७.४ ओभरमा आठ विकेट गुमाउँदै पूरा गऱ्यो, कुशलले ११५ रनको इनिङ्स खेले

रमेश सुवेदी/नयाँ पत्रिका

नेपालले आइसिसी पुरुष विश्वकप लिग-२ त्रिकोणात्मक एकदिवसीय सिरिजमा नामिबियामाथि दुई विकेटको ऐतिहासिक हात पारेको छ। नामिबियामाथि प्राप्त जित नेपालको अहिलेसम्म आफ्नो एकदिवसीय क्रिकेट इतिहासमा सर्वाधिक ठूलो लक्ष्य पछ्याएको हो। नेपालको सानदार जितमा ओपनर कुशल भुर्तेलले एक सय १५ रनको शतकीय इनिङ्स खेलेका थिए। साथै, फास्ट बलर करण केसीले लिग २ मा तेस्रोपटक पाँच विकेट पूरा गर्न सफल भए। त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नामिबियाले पहिलो ब्याटिङ गरी सबै विकेट गुमाएर दुई सय ८५ रनको विशाल योगफल खडा गरेको थियो। नेपालले ४७.४ ओभरमा आठ विकेटको क्षतिमा जित निकाल्न सफल भयो।

यसअघि, नेपालले सन् २०१९ मा युएईविरुद्धको तेस्रो एकदिवसीय खेलमा दुई सय ४४ रनको लक्ष्य पार गरेको थियो। त्यसवेला नेपालले युएईले प्रस्तुत गरेको लक्ष्य ४४.४ ओभरमा ६ विकेट गुमाउँदै हात पारेको थियो। प्रशिक्षक मोन्टी देसाईको प्रशिक्षणमा नेपालले लिग २ मा महत्त्वपूर्ण दुई अंक जोड्न सफल भयो। नेपालले २५ खेलमा २० अंक जोड्यो। दुई अंक बटुले पनि नेपाल छैटौँ स्थानमा यथावत् छ। सात वर्षपछि नेपाली भूमिमा प्रतिस्पर्धा गरेको नामिबिया ३७ अंकका साथ तेस्रो स्थानमा छ।

९९ बलमा सय रन

लक्ष्य पछ्याएको इनिङ्समा कुशल र आसिफ शेखले ओपनिङ गरेका थिए। इनिङ्सको १.५ ओभरमा शेखले आफ्नो विकेट गुमाए। त्यसपछि कुशलले पूर्वकप्तान ज्ञानेन्द्र मल्लसँग दोस्रो विकेटका लागि ५० रनको साझेदारी गर्दै नेपाललाई ३-१ बाट ५३-२ को स्थितिमा पुऱ्याए। मल्लले ३५ बलमा २५ रन बनाए। कुशलले करिअरकै पहिलो शतक बनाउने क्रममा कप्तान रोहितकुमार पौडेल, सन्दीप जोरा र करण केसीसँग गतिलो साझेदारी गरे। कुशलले आफ्नो शतक ९९ बलमा पूरा गर्न सफल भए। उनले एक सय १३ बलको सामना गरी १० चौका र चार छक्काको सहयोगमा एक सय १५ रन बनाए। उनी इनिङ्सको ४७.२ ओभरमा आउट भए। कुशल आउट हुँदा नेपाललाई जितका लागि तीन रन आवश्यक थियो। कुशल नेपाली एकदिवसीय खेलमा ओपनरमा ब्याटिङ गरी शतक बनाउने पहिलो क्रिकेटर हुन्। समग्रमा नेपालका लागि उनी एकदिवसीय खेलमा शतक ठोक्ने चौथो खेलाडी हुन्। नेपालबाट रोहितकुमार पौडेल, पारस खड्का र दीपेन्द्रसिंह ऐरीले शतक प्रहार गरेका छन्। कुशल अन्तर्राष्ट्रिय टी-२० र एकदिवसीय खेलमा शतकीय इनिङ्स खेल्ने तेस्रो नेपाली खेलाडी हुन्। पारस खड्का र दीपेन्द्रसिंह ऐरीले पनि दुवै विधामा शतक प्रहार गरेका छन्।

दुई जीवनदान पाएका रोहित चम्किए

लक्ष्य पछ्याउँदा नेपालका कप्तान रोहितले दुईपटक जीवनदान पाए। दुई जीवनदानको भरपूर प्रयोग गर्दै रोहितले अर्धशतकीय इनिङ्स खेल्न सफल भए। उनले ७६ बलमा सात चौका र तीन छक्काको सहयोगमा ७२ रन बनाए। रोहितले कुशलसँगको शतकीय साझेदारी गर्दै नेपालका लागि जितको आधार बनाए। रोहित २७ रन र ३९ रनमा आउट हुनबाट बचेका थिए। नेपालको जितमा सन्दीप जोराले २४ बलमा तीन चौका र एक छक्का प्रहार गरी २८ रन बनाए। करण केसीले १२ बलमा दुई छक्का र एक चौका प्रहार गरी २० रन बनाए। नामिबियाका रुबेन ट्रम्पलम्यानले १० ओभरमा ४८ रन खर्चेर सर्वाधिक ३ विकेट लिए।

माइकलको शतक

टस हारेर पहिला ब्याटिङ गरेको नामिबियाका लागि माइकल भान लिंगेनले एक सय ३३ रनको शतकीय इनिङ्स खेलेका थिए। उनले एक सय ३७ बलमा नौ चौका र पाँच छक्का प्रहार गरेका थिए। उनको यो लगातार दोस्रो एकदिवसीय शतक हो। संयोगले उनले नेपालविरुद्ध नै शतक ठोकेे। गत डिसेम्बरमा उनले नेपालविरुद्ध नै एक सय २१ रनको शतकीय इनिङ खेलेका थिए। नामिबियाको इनिङ्समा कप्तान जेरार्ड इरास्मस ७९ बलमा २ चौका र ३ छक्कासहित ५६ रन बनाए। तेस्रो विकेटका लागि जेरार्ड र लिंगेनले १ सय २४ रनको साझेदारी गरेका थिए।



आइसिसी पुरुष विश्वकप लिग-२ त्रिकोणात्मक एकदिवसीय सिरिजमा नामिबियासँगको खेलमा विकेट लिएपछि पूर्वकप्तान सन्दीप लामिछानेलाई बधाई दिँदै खेलाडी। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका



अन्तिमसम्म फिनिसिङ गर्न नसक्दा दुःख लाग्यो

● **कुशल भुर्तेल, ब्याट्सम्यान, नेपाल**

व्यक्तिगत शतकभन्दा पनि नेपाललेे महत्त्वपूर्ण जित निकालेको छ। यसपटक टोलीले राम्रो गर्न सकेकोमा खुसी छु। हामी जे योजना बनाएर मैदानमा प्रवेश गरेका थियौँ, त्यो सफल भएको छ। मेरो प्रयास अन्तिमसम्म फिनिसिङ गर्ने थियो। तर, मैले आफ्नो विकेट गुमाएँ। यसमा केही दुःख लागेको छ। पहिलो एकदिवसीय शतक प्रहार गर्दा धेरै नै खुसी छु। सन्दीप लामो समयपछि मैदानमा फर्किए। उनलाई पनि सबैले हौसला दिए। नराम्रो समयको बारेमा धेरै सोच्दिनँ। यसका लागि कडा मिहिनेत गरेको छु। मलाई थाहा थियो, पक्कै राम्रो समय पनि आउँछ। मलाई आजको खेलमा प्रशिक्षकले नै ओपनरको भूमिका दिनुभएको हो। ओपनिङ गर्दा नै बढी सहज महसुस गर्छु।



नामिबियामाथिको जितले मनोबल बढ्यो

● **रोहितकुमार पौडेल, कप्तान, नेपाल**

यो जितपछि खेलमा लय मिलेको छ। यसलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रयास हुनेछ। हामीले अभ्यासका क्रममा बनाएका रणनीतिलाई अवलम्बन गर्दा सफलता मिलेको हो। डगआउट समयमा हामीलाई प्रशिक्षकले हौसला दिनुभएको थियो। जसका कारण नेपालले ठूलो लक्ष्य सहजै पछ्याउन सक्यो। ऐतिहासिक जित निकाल्दा खेलाडीहरू सबै उत्साहित बनेका छन्। अहिले खेलाडीहरूको मनोबल उच्च भएको पाएको छु।

हजार रन पूरा गर्ने रोहित पहिलो नेपाली

कप्तान रोहित एकदिवसीय खेलमा एक हजार रन पूरा गर्ने पहिलो नेपाली क्रिकेटर बनेका छन्। रोहितले यो उपलब्धि आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक सिरिजमा नामिबियाविरुद्ध ५५ रन बनाउँदै हात पारेका हुन्। रोहितले ३३ एकदिवसीय खेलमा ३३ इनिङ्स खेल्दै एक हजार १७ रन बनाएका छन्। उनले यसक्रममा एक शतक तथा ६ अर्धशतकीय इनिङ खेले। रोहितले २६.१ ओभरमा माइकल भान लिंगेनले फालेको बलमा चौका प्रहार गर्दै एक हजार रन पूरा गरेका थिए। रोहितले २०१८ मा नेदरल्यान्ड्सविरुद्ध दोस्रो एकदिवसीय खेलमा डेब्यु गरेका थिए। गत वर्ष रोहित उपकप्तान बनेका थिए।

गत भदौमा सन्दीप लामिछानेलाई बलात्कारको आरोप लागेपछि क्यानले रोहितलाई कप्तानीको जिम्मेवारी दिएको थियो। नेपाली टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल दोस्रो स्थानमा छन्। ज्ञानेन्द्रले २७ खेलमा ६ अर्धशतकसहित ७ सय ३४ रन बनाएका छन्। यसैगरी, आसिफ शेख ६ सय ५५ रनका साथ तेस्रो स्थानमा छन्। शेखले २४ खेलमा पाँच अर्धशतकीय इनिङ्स खेलेका छन्। आरिफ शेख नेपाली टोलीबाट एकदिवसीय खेलमा चौथो सर्वाधिक रन बनाउने ब्याट्सम्यान हुन्। उनले ३२ खेलमा चार अर्धशतकसहित ५ सय ८२ रन बनाएका छन्।

रोहित र कुशलको कीर्तिमानी साझेदारी

नेपालले नामिबियाविरुद्ध जित निकाल्दा थ्रीप्रे रेकर्ड राखेको छ। यसै रेकर्ड राख्ने क्रममा कप्तान रोहित र ओपनर भुर्तेलले नेपाली एकदिवसीय क्रिकेट इतिहासकै सर्वाधिक ठूलो साझेदारी गर्न सफल भए। दुवै ब्याट्सम्यानले तेस्रो विकेटका लागि एक सय ३३ रनको शतकीय साझेदारी गरेका हुन्। एकदिवसीय खेलमा नेपाली ब्याट्सम्यानले कुनै पनि विकेटका लागि उच्च साझेदारी गरेको यो नै पहिलोपटक हो। रोहित र कुशलले नेपाललाई ५३-२ बाट १८६-३ को बलियो स्थितिमा राखेका थिए। यी दुईबीचको साझेदारीलाई ट्रम्पेम्यानले इनिङ्सको ३३.१ ओभरमा तोडे।

यसअघि नेपालबाट एकदिवसीय खेलमा दीपेन्द्रसिंह ऐरी र देव खनालले सन् २०२२ मा एक सय २९ रनको उच्चतम साझेदारी गरेका थिए। रोहितले आफ्नो नाममा रेकर्ड राख्दा दुईपटक जीवनदान पाएका थिए। २०.५औँ ओभरमा रोहित व्यक्तिगत २७ रनमा जीवनदान पाएका थिए। त्यतिवेला नामिबियाका खेलाडीले रोहितको सहज क्याच छाडेका थिए। रोहितले फेरि ३९ रनमा अर्को जीवनदान पाए। नामिबियाका हयान्डी लरेन्सले रोहितको क्याच ड्रप गरेका थिए।

सन्दीपको करिअरकै खर्चिलो स्पेल

नेपाली क्रिकेट टोलीमा पूर्वकप्तान तथा स्पिनर सन्दीप लामिछाने पाँच महिनापछि फर्किए। नामिबियाविरुद्धको खेलमा तीन विकेट आफ्नो नाममा लेखाए पनि सन्दीपले अर्को खराब रेकर्ड राखेका छन्। नामिबियासँगको खेलमा तीन विकेट लिएका सन्दीपले आफ्नो एकदिवसीय खेलकै सर्वाधिक बढी रन खर्चिन पुगे। सन्दीपले नामिबियाविरुद्ध १० ओभरमा ६६ रन खर्चेर ३ विकेट हात पारेका हुन्। यसअघि सन्दीपले सन् २०२० फेब्रुअरीमा त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमै ओमानविरुद्ध विकेटविहीन हुँदा ६५ रन खर्चेका थिए।

बलात्कार अभियोग सामना गरिरहेका सन्दीप २० लाख धरौटीमा रिहा भएका थिए। राष्ट्रिय टोलीमा स्थान बनाएका सन्दीपले इनिङ्सको ११औँ ओभरमा बलिङ गर्न अवसर पाए। उनले आफ्नो दोस्रो बलमै नामिबियाका कार्ल ब्रिस्केनस्टकलाई १३ रनमा बोल्ड आउट गर्न सफल भए। विकेट लिएपछि उनी निकै भावुक देखिए। नेपाली खेलाडीसँग आफ्नो खुसी उनले साटे। उनले ४९औँ ओभरमा १२ रन खर्चेर २ विकेट लिएका थिए। सन् २०२२ मार्चमा सन्दीपले पपुवा न्युगिनीविरुद्ध १० ओभरमा ६२ रन खर्चेर एक विकेट लिएका थिए। २०१९ मा युएईविरुद्ध उनले १० ओभरमा ५७ रन खर्चेर एक विकेट हात पारेका थिए।

खेल संक्षेप

एपिएफ विजयी

काठमाडौं/ सार्वौं नेपाल एपिएफ स्कुल कप आमन्त्रित फुटबल प्रतियोगितामा मंगलबार आयोजक नेपाल एपिएफ क्लबले ग्रिन भिलेज सेकेन्डरी स्कुललाई ६-० ले पराजित गरेको छ। एपिएफको जितमा डम्बर विकले तीन गोल र विकास बोहरालेे दुई गोल गरेका थिए। यसैगरी, रागाहिल मेमोरियल स्कुलले हारती शिक्षा मन्दिरमाथि ५-० को जित निकाल्यो। अर्को खेलमा नेपाल पुलिस स्कुल साँगाले नेक्सस इन्टरनेसनल एकेडेमीमाथि २-० को जित दर्ता गऱ्यो।

गण्डकीसँग ज्ञानज्योति पराजित

कास्की/ नवौं विद्यालयस्तरीय छात्र र छात्रा ह्यान्डबल प्रतियोगितामा मंगलबार साबिक विजेता गण्डकी बोर्डिङ स्कुलले ज्ञानज्योति विद्याकुञ्जलाई १०-३ को फराकिलो अन्तरले पराजित गरेको छ। छात्रातर्फ लर्नर्स एकेडेमीबाट वाकओभर पाउँदै पोखरा एकेडेमी अन्तिम चारमा पुगेको छ। अर्को खेलमा सृजना माविले सरस्वती बोर्डिङ स्कुललाई ३-१ र सरस्वती विद्या आश्रमले इडेन्स स्कुललाई १०-२ ले हरायो।

राइनासलाई उपाधि

लमजुङ/ लमजुङको राइनास नगरपालिका गौलीटार क्षेत्रीय खेलमैदानमा आयोजना भएको चौधौं जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको उपाधि जितेको छ। राइनास नगरपालिकाले प्रतियोगितामा १४ स्वर्ण, ९ रजत र १५ कांस्य पदकसहित प्रथम स्थान प्राप्त गरेको हो। दोस्रो स्थानमा रहेको सुन्दरबजार नगरपालिकाले ११ स्वर्ण, १४ रजत र ११ कांस्य पदक जित्यो।

ग्रिनल्यान्ड क्वार्टरफाइनलमा

काठमाडौं/ भ्याली पब्लिक र ग्रिनल्यान्ड दोस्रो भद्रकाली कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। भ्याली पब्लिकले इडेन ब्रिज एकेडेमी (इबिए) लाई ४२-२२ ले पराजित गऱ्यो। ग्रिनल्यान्डले पञ्चायणलाई ५८-२५ ले हरायो। सिनियर पुरुषमा एन्जल्स हार्ट, सेब र नेपाल मोडल अन्तिम आठमा पुगेका छन्। एन्जल्स हार्टले नेसनल युनाइटेडलाई २८-१७ र सेबले बागमतीलाई ३८-२८ ले निराश पारे। नेपाल मोडलले टिआइएलाई २६-१४ ले हरायो।

हिमालयन अन्तिम आठमा



मकवानपुरमा **पोष्टराज अधिकारी**

हिमालयन शेर्पा क्लब पाँचौं संस्करणको स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा पुगेको छ। बामगती प्रदेशको राजधानी हेटौंडामा भएको खेलमा हिमालयन शेर्पाले सर्लाहीको बागमती युवा क्लबलाई २-१ गोलअन्तरले पराजित गर्दै अन्तिम आठको स्थान सुरक्षित गरेको हो। हिमालयनको जितमा विदेशी खेलाडी यामी र निशान लिम्बूले एक-एक गोल गरेका थिए। यामीले खेलको ३८औँ र निशानले ६३औँ मिनेटमा गोल गरेका हुन्।

हिमालयनका यामीले बागमतीका डिफेन्डरले गरेको गल्तीको फाइदा उठाउँदै सहजै डिबक्सबाट अग्रता गोल गरे। यसैगरी, बागमतीका गोलरक्षक अनिश महतो अघि बढेको मौकामा कप्तान दिपेश श्रेष्ठले निकालेको पासलाई नियन्त्रणमा लिँदै लिम्बूले गोल गरे। बागमतीबाट एक मात्र गोल सनम धिमालले गरेका थिए।

पन्त नेपालको पहिलो बक्सिङ आइटिओ

नयाँ पत्रिका

नेपाल बक्सिङ संघका केन्द्रीय सदस्य पुष्कर्राज पन्त नेपालको पहिलो इन्टरनेसनल टेक्निकल अफिसियल (आइटिओ) बनेका छन्। अन्तर्राष्ट्रिय बक्सिङ संघ (आइबिए)ले गत १८ देखि २२ जनवरीसम्म थाइल्यान्डको बैंककमा सञ्चालन गरेको आइटिओ परीक्षामा पन्त उत्तीर्ण भएका हुन्। बैंककको ह्वामार्क इन्डोर स्टेडियममा १७ देखि २७ जनवरीसम्म एएसबिसी यू-२२ बक्सिङ च्याम्पियनसिप २०२३ मा आइबिएले आइटिओ परीक्षा पनि सञ्चालन गरेको थियो।

यसैगरी, आइबिएद्वारा सञ्चालित आइवा २ स्टार रेफ्री जज कोर्समा बागमती प्रदेश बोर्ड सदस्य धनकुमार मैनाली २ स्टार परीक्षा उत्तीर्ण गर्ने पहिलो नेपाली बनेका छन्। पन्त र मैनालीले सन् २०१९ मा नेपालमा आयोजित १३औँ दक्षिण एसियाली खेलकुदअन्तर्गत बक्सिङ खेलको रेफ्री



तथा जजको भूमिकासमेत निर्वाह गरेका थिए।

आइटिओ कुनै पनि अन्तर्राष्ट्रियस्तरका बक्सिङ प्रतियोगिता सञ्चालन गर्न अन्तर्राष्ट्रिय बक्सिङ संघद्वारा सञ्चालित परीक्षा (सर्टिफिकेसन कोर्स) पास गर्न सफल अफिसियल हुन्। अहिलेसम्म कुनै पनि नेपाली आइटिओ परीक्षा पास गर्न सफल भएका थिएनन्। बक्सिङ प्रतियोगिताहरूलाई निष्पक्ष एवं पारदर्शी ढंगले सञ्चालन गर्न आइबिएले समय-समयमा नीति नियमसँगै निर्देशिका बनाएर परीक्षाको सञ्चालन गर्ने गर्छ।

बैंककमा एसियाली मुलुकबाट नेपाल, इराक, इन्डोनेसिया, भारत, बेलायत, कम्बोडिया, कजाकिस्तान, कुवेत, किर्गिस्तान, कोरिया, चीन, मलेसिया, पाकिस्तान, फिलिपिन्स, साउदी अरब, सिंगापुर, श्रीलंका, आयोजक थाइल्यान्ड र उज्वेकिस्तानका २२ जना सहभागी आइटिओहरू सहभागी थिए। यसैगरी, आइबिएले सञ्चालन गरेको २ स्टार रेफ्री जज परीक्षामा नेपालसहित विभिन्न देशबाट १६ जना परीक्षार्थी सहभागी रहेका थिए। परीक्षामा उत्तीर्ण हुन लिखित तथा प्रयोगात्मक परीक्षामा कुल ८० प्रतिशत अंक प्राप्त गर्नुपर्ने हुन्छ।

प्रिन्सलाई दोहोरो सफलता

काठमाडौं/ नेपाल पुलिसका प्रिन्स दाहालले विराटनगरमा सञ्चालन भइरहेको १२औँ पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगितामा मंगलबार दोहोरो सफलता हात पारेका छन्। पहिलो दिन राष्ट्रिय च्याम्पियन प्रिन्सले कास्कीका विधान अधिकारीलाई २१-१७ र २१-११ को सेटमा हराए। अर्को खेलमा उनले नेपाल पुलिसका पूर्ण बोहराबाट वाकओभर प्राप्त गरे। नेपाल ब्याडमिन्टन संघको शीर्ष १६ वरीयतामा रहेका खेलाडीहरूको पुरुष एकलमा त्रिभुवन आर्मी क्लबका रुकेश महर्जनले दुई जित निकाले। महर्जनले पहिलो खेलमा कास्कीका भूगोल गुरुङबाट वाकओभर प्राप्त गरेका थिए। उनले दोस्रो खेलमा एपिएफका रोशन साउदलाई २१-११ र २१-१३ ले पराजित गरेका थिए।

पुलिसका विष्णु कटुवाललेे पनि पहिलो दिन दुई जित निकाले। उनले पहिलो खेलमा एपिएफका रोशन साउदलाई २१-१३ र २१-१४ ले र दोस्रो खेलमा कास्कीका भूगोल गुरुङबाट वाकओभर प्राप्त गरे। एपिएफका क्षितिज खनालले पनि दोहोरो जित हात पारे। प्रतियोगिताको शीर्ष १२औँ वरीयतामा रहेको महिला एकलमा राष्ट्रिय च्याम्पियन आर्मीकी रशिला महर्जनले कैलालीकी अनिला सुनारलाई २१-७ र २१-७ को सोझो सेटमा पराजित गरिन्।

सहज जित निकाल्दै संकटा सेमिफाइनलमा



सर्लाहीमा **श्रवण थापा**

संकटा क्लब सार्वौं राजर्षि जनक कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताको मंगलबार सन्तोष श्रेष्ठ स्मृति खेलमैदानमा नव जनजागृति युवा क्लब सिमरालाई ३-० ले पराजित गर्दै संकटा अन्तिम चारमा प्रवेश गरेको हो। संकटाले फाइनल प्रवेशका लागि जावलाखेल युथ क्लबसँग प्रतिस्पर्धा गर्नेछ। जावलाखेल प्रिक्वार्टरफाइनलमा एपिएफ र क्वार्टरफाइनलमा साबिक विजेता पिप्ले युवा क्लबलाई हराउँदै अन्तिम दुई स्थान पक्का गरेको थियो। बुधबार प्रतियोगिताको अन्तिम क्वार्टरफाइनल खेल मच्छिन्द्र फुटबल क्लब र आयोजक बागमती युवा क्लब सर्लाहीबीच हुनेछ।

मनीषको दुई गोल

खेलको ३४औँ मिनेटसम्म सिमराले संकटालाई गोल गर्न रोकेको थियो। खेलको ३५औँ मिनेटमा संकटाले गोलको खाता खोल्यो। आयुष घलानले संकटालाई १-० को अग्रता दिलाएका हुन्। खेलको ४२औँ मिनेटमा गणेश हमालले संकटालाई २-० को स्थितिमा राखे। हमालले डाँगीको सहज पासमा डिबक्सभित्रबाट गोल गरे। पहिलो हाफमा संकटाले बल पोसेसन बनाएको थियो।

खेलको ५८औँ मिनेटमा मनीष डाँगीले व्यक्तिगत दोस्रो गोल थप्दा संकटा ३-० ले अघि रह्यो। सुनील बलको पासमा डाँगीले आकर्षक गोल गरेका थिए।

■ रणनीतिअनुसारकै परिणाम आयो

● **सल्यान खड्गी, प्रशिक्षक, संकटा**

खेलाडीहरूले जितका लागि धेरै मिहिनेत गरे। रणनीति बुझेर खेल्दा जित निकाल्न सहज भयो। यो नतिजा खेलाडीको मिहिनेतको कारण नै हो। गोल नहुँदासम्म खेलाडी दबाबमा जस्तो देखिए। गोल भएपछि उनीहरूको मनोबल उच्च हुँदै गयो। त्यसपछि खेलमा थप गोल भयो। प्रतिस्पर्धामा खेलाडीहरूबीच तालमेल मिलेको थियो।

■ फिनसिङमा कमजोर देखियो

● **सोनु क्षेत्री, प्रशिक्षक, सिमरा**

स्थानीयस्तरमा खेलाडी उत्पादन गर्ने उद्देश्यले क्लब सञ्चालन गरेका हौं। हामीसँग पूरै स्थानीय खेलाडी मात्र छन्। हाम्रो टोलीमा सेटका तीनजना खेलाडी ए डिभिजन क्लबमा समेत आबद्ध छन्। लिगको तयारीका कारण उनीहरू प्रतिस्पर्धामा सहभागी हुन पाएनन्। त्यसले गर्दा हाम्रो फिनिसिङ कमजोर भएको हो। यद्यपि, खेलाडीले संकटाविरुद्ध राम्रो खेलेका थिए।

"कला र कौशल हाम्रो, नेपाली ब्राण्ड नै राम्रो"
आठौँ बृहत राष्ट्रिय छाला जुत्ता तथा बस्तु प्रदर्शनी-२०७९
मिति : २०७९ फागुन ३ गतेदेखि फागुन ९ गते मंगलबारसम्म
स्थान: प्रदर्शनी मार्ग, भृकुटीमण्डप, काठमाडौं
प्रदर्शनीका विषेशताहरू:
▶ १५-२५ प्रतिशत सम्म छुट
▶ ६ महिनाको वारेन्टी
▶ अपाङ्गताका लागि विशेष किसिमका जुत्ता चप्पल
▶ चर्चित ब्राण्डका गुणस्तरीय जुत्ता चप्पल
प्रवेश निःशुल्क
प्रायोजक: सगुन सुज मध्यपुर जुत्ता उद्योग
सह-प्रायोजक: सिटिजन फुटवेर, पारागन फुटवेर, कम्फर्ट सुज
मिडिया पार्टनर: अर्थ संसार www.arthasansar.com
आयोजक: नेपाल छाला जुत्ता उत्पादक संघ

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com